सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष २४ • अंक ०२ • FRIDAY, 25 MAY 2018 • काठमाडौं शुक्र • पृष्ठ ३२ • मूल्य रु. १५/-



# भुवन - जिया ओपन सेक्रेट

पृष्ठमा २० मा



मध्यपृष्ठमा **प्रकृति**



## YouTube ट्रेन्डिङ

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| बोल माया | सबसे बढ्कर हम | भद्रगोल -१७१ | मन मगन | मन बिनाको धन | रेस-३ ट्रेलर | सपना भई कभर | हिरिये सङ | टाइम छैन | मेरी बास्सै-५५० |
| च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल |
| प्रकाश सपुत | गोल्डमाइन्स | रामसार मिडिया | भाइब एन्ड वेभ | टंक बुढाथोकी | सलमान खान | त्रिशाला गुरुङ | टिप्स अफिसियल | मेटानोइया रेकर्ड्स | मिडिया हब |

## फोटो अफ दि विक




■ **वर्ल्डकप फिभर** : विश्वकप-२०१८ को पूर्वसन्ध्यमा अभिनेत्री तथा मोडल सुष्मा अधिकारीले हालै अपलोड गरेको फुटबल पोज ।



■ **काउ गर्ल** : चलचित्र कोहलपुर एक्सप्रेसको काउ गीत एक करोडभन्दा बढी पटक हेरिएपछि खुसियाली साट्ने समारोहमा अभिनेत्रीद्वय केकी अधिकारी तथा रीमा विश्वकर्मा ।



■ **स्वास्थलाभको कामना** : ग्राण्डी अस्पतालमा भर्ना भएका राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई स्वास्थलाभको कामना गर्न पुगेका अभिनेता राजेश हमाल । घिमिरेको हाल भारतको नयाँ दिल्लीमा उपचार भैरहेको छ ।



■ **जम्काभेट** : बलिउड अभिनेता राजपाल यादव तथा पार्श्व गायक प्रेम परियारको काठमाडौंमा भएको जम्काभेट ।

## द जावेद हबिबको फ्रेन्चाइज

विश्वभर झन्डै ८ सय फ्रेन्चाइज विस्तार गरिसकेको द जावेद हबिब सलोन एन्ड एकेडेमीको फ्रेन्चाइज पोखरामा सञ्चालनमा आएको छ । गत साता उक्त फ्रेन्चाइजको उद्घाटन जावेद हबिब तथा पूर्व मिस नेपाल माल्भिका सुब्बाले संयुक्त रूपमा गरेका थिए ।



## साइबर फिडब्याक

निर्माणाधीन चलचित्र चंगाचेटका निर्माता माधव वाग्लेसहित ६ जनालाई प्रहरीले नक्कली नोटको कारोबार गरेको अभियोगमा पक्राउ गऱ्यो । आफ्नो गिरफ्तारी पछि वाग्लेले उक्त नक्कली नोट आफूले चलचित्रको सुटिङका लागि छापेको दाबी गरेका छन् । गतसाता यो विषयले सामाजिक सञ्जाललाई निकै ततायो । यही प्रकरणमा केन्द्रित रहेर हास्यकलाकार केदार घिमिरे 'मागने बूढा'ले फेसबुकमा एउटा स्टाटस पोस्ट गरे जसमा लेखिएको थियो, चलचित्रमा नक्कली नोट बनाउने भनेको दर्शकलाई झुक्याउन हो । पसलेलाई झुक्याउन होइन । प्रयोजन सकिएपछि नोट नष्ट गर्नुपर्नेमा, साट्ने कष्ट गर्नुभएछ साथीहरूले । दूधको दूध पानीको पानी होस् । गल्ती नगर्ने सजायको भागिदार नहोस् र गल्ती गर्नेले सजाय पाओस् । नक्कली नोट, नक्कली बन्दुक, बम आदि चलचित्रमा प्रयोग गरिरहनुपर्ने हुन्छ । राष्ट्र बैंकबाट २ करोड सापटी लगेर चलचित्रमा देखाउनुपर्ने नजिर नबसोस् जय नेपाली चलचित्र । घिमिरेको उक्त स्टाटसमाथि सामाजिक सञ्जालमा ठूलै बहस छेडियो जसका देखिएका केही रोचक प्रतिक्रिया :


**SEE(SLC) 075 भर्ना खुल्यो !!!**
का साथै कक्षा ८ र १० मा

के ?

★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस्।

★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कूलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन्।

कक्षा समय: बिहान,दिउँसो, बेलुका

यातायात र होस्टेलको समेत सुविधा छ ।

अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने

**DIPLOMATIC OPEN SCHOOL**
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588

**SAHAYOGI PATHSHALA**
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244


मागने बुढाले पनि नक्कली १० लाख पाएजस्तो छ । चेक गर है बुढा । निर्माताको भर नपर्नु ।

**डेम्स बुढामगर**

सत्यलाई ढाकछोप गर्ने प्रयास नगर्नुहोला । चलचित्रमा कथाले पैसा माग्यो होला तर त्यति धेरै पैसा आवश्यक पर्दैनथ्यो । अनि बजारमा साटेको चाहिँ के चलचित्र मै अभिनय गरेको भन्ने त अब ।

**रिक्त बानियाँ**

यो त सब माष्टरप्लान हो पासा ।

**राजु अनुपम धिताल**

अहिलेको लेटेस्ट टेक्नोलोजीमा बन्ने चलचित्रका लागि २ करोड पैसा त्यसरी छाप्न आवश्यक नै छैन । अर्को कुरा यति हो भनेर दुरुस्त देखिने गरी छाप्नुपर्ने कारण चाहिँ के हो ? राजेश हमालको तस्बिर राखेर पनि त छाप्न सकिन्थ्यो । गल्ती गरेको हो, कारबाहीचाहिँ प्रचलित ऐन कानुनबमोजिम हुनुपर्छ, ढाकछोपको प्रयास नगरियोस मागनेज्यू ।

**बिक्रम गिरी**

कुरो र कुलो जता लगाए नि हुन्छ । चलचित्रका लागि नै त्यत्रो पैसा खर्च गरेर पैसा छाप्ने मेसिन किनेको हो भन्नेमा चाहिँ शंकै लाग्यो ।

**राम खतिवडा**

हिन्दी चलचित्र 'धुम–३' मा १ करोड मात्रै नक्कली नोट उडाइएको थियो रे, नेपाली चलचित्रको बजेट बढाएर २ करोड नै उडाइदिने ?

**विनोद विष्ट**

कलंकीमा ५ सयको नोट दिएर खुल्ला गर्दैनभन्दा एउटा त हात्तीको नोट थियो बाँकी १००-१०० का ४ वटा नोट मखख परेर नहेरी खल्तीमा राख्या एक हजार त नक्कली परेछ ।

**सुवास आचार्य**

बिर्को लाको चिनीमा कसरी पस्यो कमिलो ? सुटिङका लागि वनाको पैसा बजारमा पुग्यो भनियो मनै कालो छ कि धनै कालो नक्कली काम गर्नेलाई चै जतातते राम्रो ।

**रवि अधिकारी**

आफ्नो अनुभवलाई लुटमा प्रयोग गरेका रै छन्- कुरो बुझियो ।

**सन्तोष के बास्तोला**

चलचित्रका लागि बनाको भए होटलमा गएर टन्न खाने अनि तिर्ने बेला त्यै नक्कली नोट दिने ? अनि चलचित्र सुटिङका लागि भन्न लाज लाग्दैन ?

**फडिन्द्र श्रेष्ठ**

आजकाल प्रायजसो चलचित्रमा करोडको कुरा हुन्छ । त्यो पनि कसरी कमाउने भन्दा लुटेर वा मेहनत नगरी । वास्तविक जीवनमा त्यस्तो कहिल्लै हुँदैन, यो फेद न टुप्पोको हावा चलचित्र बनाउनै पो बन्द गर्ने कि ? सोझा सिधा मानिसहरूलाई मुर्ख बनाउनुको पनि सीमा हुन्छ नि यार ।

**प्रयास घिमिर**

मंगल होस्

# हाँसो मुहान खोज्दै जाँदा-४



मनोज गजुरेल

> एक दिन एउटा पत्रिकामा समाचार देखें, थोरै जमिनबाट कसरी धेरै फाइदा लिने ? त्यही सुझावका आधारमा घर पछाडिको १० धुर जग्गामा माछा पाल्ने निर्णय गरें । पोखरी खनें । माछाका भुरा ल्याएँ । पोखरीमा हालें । बिस्तारै भुराहरु हुर्कन थाले ।

तीन वर्षको विदेश बसाइले मलाई राम्रो भयो । गएको पाँच महिनामा साहूको ऋण तिरें । त्यसपछिको कमाइले आमा-बाबाका लागि टिभी किनें । बच्चा र परिवारका लागि मोबाइल र पकेट खर्च पठाएँ । आफ्ना लागि घडी र सेलफोन लिएँ । भिसा फिनिस भएर घर आउँदा सबै खर्च कटाएर मसँग ५ लाख रुपैयाँ थियो ।

फर्किएर आएपछि गाउँमा एक कठ्ठा जग्गा खरिद गरें । जग्गाको सानो एरियामा टाटीको घर निर्माण गरें । एउटा भान्सा कोठा, अर्को बुबा-आमाको कोठा अनि अर्को हाम्रा लागि ।

बा-आमालाई गोरस पनि हुने, बाँकी रहेको दूध बेचेर खर्च पनि चल्ने । यस्तै सोचेर एउटा गाई किनें र घरपछाडि ऊ अट्ने सानो गोठ बनाएँ ।

घाँसका लागि दुःख गर्न नपर्ने । उब्रिएको खाना र आँगनकै करेसाबारीको झारपातले अघाउँथ्यो । दैनिक दुई माना दूध बेच्दा श्रीमतीको पकेट खर्च र सन्तानको स्कुल फिस चल्थ्यो । आमाले पेवा भनेर घरमै दुई-चारवटा कुखुरा पाल्नु भएको थियो भने बा चिना सिना हेरेर आफ्नो खर्च जुटाउनुहुन्थ्यो ।

तीन वर्षको वैदेशिक रोजगारीले मेरो परिवारलाई ठीकैको जीवन दियो । एक हिसाबले परिवारका सबै जना रोजगार भए, मबाहेक ।

एक दिन एउटा पत्रिकामा समाचार देखें, थोरै जमिनबाट कसरी धेरै फाइदा लिने ? त्यही सुझावका आधारमा घर पछाडिको १० धुर जग्गामा माछा पाल्ने निर्णय गरें । पोखरी खनें । माछाका भुरा ल्याएँ । पोखरीमा हालें । बिस्तारै भुराहरू हुर्कन थाले ।

माछा हुर्कने क्रममा पोखरीको डिलमा सिसौं र टिक रोपें । पोखरीमाथि बाँसको एउटा अग्लो कोठा निकालें र त्यसमा च्याउ खेती गरें । घर र पोखरी बनाएर कुनामा अलिकति जग्गा बाँकी थियो, त्यसमा सानो माछा बिक्री केन्द्र खोलें ।

माछा हुर्कंदै गए । व्यापार बढ्दै गयो । होलसेलमा लानेहरूको भीड बढ्न थाल्यो । रिटेलमा किन्ने पनि त्यति नै थिए । साथीहरूले सुझाव दिए, यो माछा पसलको छेउमा एउटा माछा रेस्टुराँ खोल्ने । त्यो पनि खोलें, त्यो पनि राम्रो चल्न थाल्यो ।

माछा पोखरी, अर्ग्यानिक च्याउ, माछा पसल, रेस्टुराँ सबै तिर भ्याउन गाह्रो भयो । गाउँकै दुई जना भाइलाई सहयोगी राखें । उनीहरू पनि रोजगार भए । मैले पनि साथी पाएँ । ऋण काढेर वैदेशिक रोजगारीमा गएको म आज गाउँमा सफल उद्यमीका रूपमा परिचित हुन पुगें ।

पाँच वर्षभित्रमा म निम्न वर्गबाट मध्यम वर्गमा पुगें, त्यही विदेशको ५ लाख कमाइ, स्वदेशको १ कठ्ठा जग्गा र आफ्नो श्रमशील स्वभावका कारण ।

पोखरीको किनारमा रोपेका सिसौ र टिकका रुख परिपक्व भैसकेका थिए । तिनलाई बेचेर झन्डै डेढ लाख रुपैयाँ प्राप्त भयो । टाटीको घर भत्काएर दुईतले आरसीसी घर बनाएं ।

माथिल्लो तलामा हाम्रो परिवार बस्न थाल्यो । तल्लो तल्ला जेटिएले भाडा लिए । यसरी मेरो आम्दानी बढेको बढ्यै थियो ।

अरबको गर्मीमा २५ हजार रुपैयाँ तलब खाने म, नेपाल फर्किएपछि तीन जनालाई २५ हजारको जागिर दिने भैसकेको थिएँ । कोही यसलाई चमत्कार भन्थे । कोही मेरो भाग्य बलियो मान्थे । कोही ग्रहदशा सप्रिएको विश्वास गर्थे । म भने, यो सबै श्रमलाई सम्मान गर्ने, स्वदेशमै पसिना बगाउने आँट र साहसको परिणाम मान्थें ।

अहिले म बेरोजगार युवाहरूलाई रोजगार बन्ने तरिका सिकाउने मोटिभेटर भएको छु । देश-विदेशबाट मेरो अर्ग्यानिक चमत्कार हेर्न, रिपोर्टिङ गर्नेहरूको भीड लाग्छ । यी आज पनि एक जना विदेशी महिला पत्रकार आएकी छिन् । उनलाई मैले आफ्नो सफलताको कथा सुनाउनुपर्नेछ, अंग्रेजीमा ....।

म झसंग ब्युँझन्छु । मेरो अगाडि एयर होस्टेज उभिएकी छिन् । भन्दैछिन्- जहाज ल्यान्ड गर्ने बेला भयो, सिट सिधा गर्नु होस् ।

क्रमशः

युवा मन

# घर पुर्‍याउने माइक्रो



सुविन भट्टराई

एसीमा माइक्रोबस कुरिरहेछु । मलाई कपन जानु छ । धुलोले चार-पाँच पटक थप्पड हानिसक्यो । गाडीका हर्नले कानका जालीलाई पचासौं पटक घोचिसक्यो । मानिसहरूको ठेलमठेलबाट जोगिन कैयौं पटक कुस्ती खेल्नु परिरहेछ । एउटा माइक्रोबस आउँछ । ५० जनाले त्यसलाई घेर्छन् । खलाँसी ढोके नखोली झ्यालबाट टाउको निकाल्दै यात्रु बोलाइरहेछ । जसले अरूलाई ठेल्न सके, उही माइक्रो चढ्न सके । जो ठेलिइरहे ती भीडमै कतै छुटिरहे ।

भीडभाडमा दाहिने गोजी छाम्छु । त्यसमा भएको मोबाइल जोगाउनु छ । पछिल्तिरको गोजीमा भएको पर्स कसैले खुसुक्क निकालिदेला कि भन्ने त्राहि छ ।

वर्षौंदेखि त्यही एउटा ठाउँमा कुरिरहेछु उही पुरानो माइक्रोबस ।

यही ठाउँमा माइक्रोबस कुर्ने क्रममा पानीले पनि भिजाएको छ । असिनाले पनि चुटेको छ । हावाहुरीले मेरो दुब्लो काया झनै-झनै उडाएको छ । यही ठाउँमा माइक्रो कुर्ने क्रममा म धेरैजसो उदास र थोरैजसो खुसीको भावमा हुन्छु ।

म वर्षौंदेखि यही ठाउँमा माइक्रोबस कुरिरहेछु । म बदलिएँ धेरै बरु, यो ठाउँ परिवर्तन भएको छैन ।

हो, माइक्रो एकदमै प्याक भएर आउँछ । खाली भए पनि रोकिन नपाउँदै भरिइहाल्छ, तैपनि मैले यो माइक्रो कुर्न छाडेको छैन । धुलोको थप्पड, पानीको चुटाइ, हर्नको घोचाइ र भीडभाडको धक्का खानु नै मलाई प्रिय लाग्न थालेको छ ।

माइक्रो प्याक भएर आउँदा पनि मलाई ठेलमठेल नगरी त्यसमा नचढी हुँदैन । खलाँसीले जति नै रूखो बोलोस्, दुई रुपैयाँका लागि मलाई दुई सयवटा गाली किन नदेओस्, मैले उसैसित संगत नगरी हुँदैन । ड्राइभर जति रफ्तारका साथ उडाउलाझैं गरी माइक्रो कुदाओस्, जति बिस्तारै मान्छेभन्दा पनि ढिलो किन नहिँडाओस्, माइक्रोले जति उफारोस्, जति घ्याक्क रोकियोस्, जति पटक पूरै थचक्क बस्न पाएको होस्, जति पटक आधा अडिन पाएको होस्, दुई जनाको सिटमा तीन जना खाँदिनुपरेको होस्, उल्टो कोल्टिएर अडिनु परेको होस्, ढोकैमा झुन्डिनु परेको होस्, भित्र उभिनु परेको होस्, कुप्रिनु परेको होस्, थिचिनु परेको होस्, तैपनि मलाई यही माइक्रोबस प्रिय लाग्छ । किनभने यसले मलाई मेरो घरसम्म पुर्‍याउँछ ।

मानौं यो माइक्रोबस मेरी आमा हो, जसले मलाई आफ्नो पिठ्युँमा बोकेर घरी पिट्दै, घरी फुल्याउँदै सकुशल घर पुर्‍याउँछिन् ।

यो जतिसुकै प्याक भएर आओस्, यसलाई देख्नासाथ आफ्नै घर पुगेझैं लाग्छ । कुर्ने ठाउँमा मात्र होइन, नकुरेका ठाउँमा देख्दा पनि चढेर घरै जाऊँजस्तो लाग्छ । आखिर यो मेरो घर अगाडिकै बाटो हुँदै आएको माइक्रो न हो । योसँग त मेरा थुप्रै सम्झना गाँसिएका छन् ।

बस्दा कतिको झोला समातिदिएँ, उठ्दा कतिले मेरो झोला समातिदिए । कसैले सानो चिनजानका भरमा भाडा तिरिदिए । कसैको भाडा तिर्नका पीरले चिनेको पनि नचिन्यै गरे । यात्राका क्रममा सुनेका अपरिचित कतिपय बकबक मलाई प्रिय छन् ।

रिस उठ्थ्यो पहिले-पहिले, उहिल्यै धेरै पहिल्यै हरयात्राको कष्टले । अब त रिस पनि तिनै माइक्रोजत्तिकै थोत्रिइसके । दिग्दारी पनि बाटोका पिचसरि भत्किसके ।


यही कुरामा चित्त बुझाउँदै म माइक्रोको यात्रामा खुसी हुने गरेको छु, कि बाटो जस्ते नराम्रो भए पनि कमसेकम त्यसले घर त पुर्‍याउँछ ।

घर, जहाँ बूढा भएका मेरा बा-आमा, मेरी श्रीमती अनि छोराछोरी म पुग्ने समयभन्दा कैयौं मिनेट अघिदेखि, आँखामा आशाको ज्योति टिलपिल भरेर मेरै बाटो कुरिरहेका हुन्छन् ।



यात्रा सन्दर्भ

# ओ अमीरा : दीपक बज्राचार्यको संगीत



किशोर नेपाल

दीपक बज्राचार्य लोकप्रिय संगीत साधक मात्र होइनन्, आफैंमा ट्रेन्ड हुन् । जतिबेला उनी स्कुल पढ्थे त्यतिबेलादेखि नै संगीतमा रमाउँथे । स्थानीय साथीभाइहरू गिल्ला गर्थे, 'तिमीले गीत गाएर, गितार बजाएर खाँदैनौं ।' दीपकको मनमा यो कुरा बिझ्थ्यो, तर जोसुकैले जेसुकै भनून्, उनले आफ्नो साधनालाई जारी राखे । एक दिन उनले थाहा पाए, उनी त लोकप्रिय भैसकेछन् । उनको गायन ट्रेन्ड सेटर भएछ । त्यसपछि दीपकले अहिलेसम्म पछाडि फर्केर हेरेका छैनन् । 'ओ अमीरा' उनको यस्तो सिर्जना हो जसको महत्व अत्यन्त धेरै छ उनको जीवनमा । जसको नाम अमीरामा उनले गीत गाए, ती अमीरा अहिले उनकी पत्नी हुन् । अमीरासँग दीपकको फोनमा कुरा गर्दागर्दै पहिचान बढ्यो । उनी लभी-डबीका रूपमा चिनिए । बिहे गरे । अहिले सुखमय दाम्पत्य जीवनको आनन्दमा रमाइरहेका छन् ।

अलिकति इन्ट्रोभर्ट छन् दीपक । उनी आफ्नी पत्नी अमीरा मात्र होइन, नेपालका महिला प्रतिभाहरूले संगीतमा लाग्ने प्रोत्साहन नपाएको स्पष्ट बताउँछन् । अमीराका बारेमा उनको विचार निकै भावनात्मक र सारपूर्ण छ । अमीरालाई मन पर्छ लिबर्टी । एकपटक दुवै बूढाबूढी अमेरिका भ्रमणमा थिए । न्युयोर्कमा दीपक र अमीरा एउटै कोठामा सुतिरहेका थिए । दीपक निदाए । त्यसपछि दुई बजे राति उनको निद्रा खुल्यो । अमीरा कोठामा थिइनन् । दीपकको नर्भसनेस बढ्यो । त्यत्तिकैमा अमीरा कोठामा आइन् । उनी स्वतन्त्रताको खोजीमा होटलछेउको पार्कमा गएकी थिइन् । फर्केर कोठामा आउँदा अमीरा जाज्वल्य थिइन् । खुसी र स्वतन्त्रताको अनूभूतिले रमाएकी ।

'म कुनै रितु होइन' र 'काली काली' जस्ता गीत उनका अनुपम सिर्जना हुन् । 'काली काली' उनको यस्तो सर्वप्रिय सिर्जना हो जुन गीत नगाएसम्म उनको कुनै पनि कन्सर्ट टुंगिँदैन । युट्युबमा उनका गीतहरूको श्रृंखला भेटिन्छ । साँझ पूर्णिमा र औंसीको बीचमा मुन डान्स हेर्दै दीपकका गीत सुन्नुको मज्जा नै अर्को छ ।

दीपकले कुनै ब्यान्डमा काम गरेनन । अहिले उनको आफ्नै ब्यान्ड छ रिद्म, तर ब्यान्डमा रहेर काम नगरे पनि दीपक ब्यान्डवालाहरूका बीच लोकप्रिय छन् । भारतका लोकप्रिय गायक कन्सर्टका लागि काठमाडौं आउँदा उनले ओपनिङ पर्फमेन्स दिएका थिए । उनको पब्लिक इमेज कुल थियो । लकी अलीको कन्सर्टमा दीपकको प्रदर्शन उनका लागि निकै राम्रो सावित भयो । अलीको टिमले उनको सम्मान गर्‍यो । दीपकको अघिपछि नेपाली गीत र संगीतको दुनियाँले धेरै ठूला उपलब्धिहरू हासिल गर्‍यो । हरिष माथेमा, सन्जय श्रेष्ठ, नेपथ्य : दीपकका अगाडि पछाडि प्रेरक वातावरणको कमी थिएन । दीपक लजालु थिए । अहिले त अब उनको त्यो लजालु छवि छैन । उनको गाउँ ग्वार्को अब पाटन सहरको एउटा महत्वपूर्ण हिस्सा भैसकेको छ ।

नेपाली संगीत र बाजाको प्रयोगले नेपाली गीतमा नयाँ फ्युजन ल्याउन लागेका छन् उनी । यसको पछाडि पनि कारण छ । कार्यक्रम देखाउन विदेश जाँदा नेपाली संगीतकारहरूको हातमा गितार र अरू पश्चिमी वाद्ययन्त्र देखेका विदेशीहरू खिस्रिक्क भए । उनीहरू नेपाली बाजा र संगीतमा रमाउन आएका थिए । त्यही घटनाबाट प्रेरित दीपक अहिले नेपाली वाद्ययन्त्रहरूकै प्रयोग गरेर नेपाली गीत-संगीत सिर्जना गर्दैछन् । उनको यस्तो सिर्जना देश र विदेश दुवैतिर लोकप्रिय हुन थालेको छ ।

दीपकको संगीतमा बढी झ्याइँझुइँ हुँदैन । उनी शान्त प्रकृतिका छन् आफैं पनि । त्यसैले पनि उनी अलग्गै काम गर्न रमाएका हुन् । मानिस एक्लोमा सिर्जनाका बादलहरूमा भौंतारिन्छ । परिवर्तनप्रति दीपक अलि बढी संवेदनशील छन् । खासगरेर महिला गायिका तथा संगीतकारको अभाव उनलाई खट्किएको छ । नेपाली समाज आफ्नै सर्किटमा घुम्छ । टाइममा केटीको बिहे हुनैपर्ने, बिहे भएपछि नारीको आवाज नसुनिने, उनीहरूले भनेजस्तो नहुने– यी पचासौं जञ्जालले नारीलाई बन्धनमा बाँधेको छ । उनीहरूले घर-परिवारका लागि जागिर छाडेर घरमा खुम्चिएका अनेक उदाहरण छन् दीपकसँग । नारीहरूले जीवनको स्वतन्त्रता भोग्न पाएकै छैनन् ।

दीपकले धेरै साथीभाइको नाम लिए । गायक, संगीतकार, शब्दकार, तर उनले दुई जनाको नाम लिए : नारायण गोपाल र योगेश्वर अमात्यको । 'नारायण दाइ त नारायण दाइ नै भयो,' दीपकले भने, 'योगेश्वर दाइ विचित्रको छ । ठ्याक्कै रकस्टार । आफ्नै एटिच्युड, स्टायल, डिटरमिनेसन, पहिचान र आफ्नोपन भएको विशिष्ट कलाकार । योगेश्वर दाइका हजारौं दर्शक-श्रोता नै उसको विशिष्टता हो । दर्शकको माझमा कुदिहाल्ने ठूलो गुण छ योगेश्वरमा ।"

योगेश्वरको जस्तो श्रोतासँग जोडिने स्पन्दन दीपकमा पनि त्यति नै छ । श्रोताले थाहै पाउँदैन, उसको हिरो उसैसँग छ ।



तस्बिर : नवराज बाग्ले

## प्रतिक्रिया




उद्यमी, व्यवसायी नेपालीहरूका कथा पढेर नेपालमै केही गर्ने प्रेरणा मिल्यो (फ्रन्टपेज : नेपाली गौरव, नेपाली पौरख) । स्वदेशमै पनि राम्रो गर्न सकिने रहेछ । नेपालमा यसका थुप्रै उदाहरण छन् । परदेशमा पसिना बगाउनुभन्दा स्वदेशमै केही उद्यम गरेको धेरै राम्रो ।

**दुर्गा नेपाल, तेजेन्द्र काफ्ले**

सुबिनजीको कथाले मेरो घाउ बल्झाउँछ भन्ने थाहा पाएको भए त्यो कथा नै पढ्दिनथेँ (युवा मन : चप्पलको कथा) । मेरो आँखा नै रसायो ।

**सावित्री केसी खड्का**

साप्ताहिक सुरु हुँदाताकाका रोचक अनुभवहरू पढ्न पाइयो (यात्रा सन्दर्भ : २४ वर्ष साप्ताहिक) । २४ वर्षमा पाइला टेकेकोमा साप्ताहिकलाई शुभकामना ।

**प्रबिन गिरी**

युवा अवस्थामै नेपाल फर्केर अरूलाई रोजगारी दिएका अमर साहको कथा प्रेरणादायक छ (अन्तर्वार्ता : नेपाल फर्कन आँट र सीप हुनुपर्छ) लुकेर बसेका कैयौं अरू अमर साहहरू छन् । तिनको कथा पनि पढ्न पाइयोस् साप्ताहिकमा ।

**रूपा पोखरेल, दीपक नेपाल**

मानिसलाई संगतले पनि फरक पार्छ (मुक्त आकाश : आफूले बनाएको घेरा) । संगतले नै भोलि ऊ कस्तो बन्छ भन्ने कुरा देखाउँछ । अविरलजीको लेख मार्मिक छ ।

**दिनेश रिजाल**

जिल्लाका प्रतिभाहरूलाई उजागर गर्न पूर्वाधारको विकास जरुरी छ (खेलकुद : पाल्पामा खेलकुद पूर्वाधार छैन) । सम्बन्धित निकायहरूले गम्भीर रूपमा ध्यान दिऊन् ।

**सुस्मिता ज्ञवाली**

काठमाडौं युनिभर्सिटी नेपालको एउटा नमुना संस्था हो (उम्दा युनिभर्सिटी) । मेहनत र लगावको फल कस्तो हुन्छ भन्ने राम्रो उदाहरण हो ।

**पवन न्यौपाने**

नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा आफ्नो स्थान बनाउन सक्छ (गोल्डस्टारको चमक) । त्यसका लागि गोल्ड स्टारले अझ राम्रो ब्रान्डिङ गर्नुपर्छ ।

**विष्णु गजुरेल**

नेपालमा बुद्ध एयरलाइन्सजस्ता थुप्रै अरू एयरलाइन्स आवश्यक छ (बुद्ध एयर : ९ करोडबाट १५ अर्बको यात्रा) । चाहे निजी होस् वा सरकारी स्तरबाट भरपर्दो एयरलाइन्स थपिनुपर्‍यो ।

**दीपक सापकोटा**

सामाजिक सञ्जालको दुरुपयोग बढिरहेको छ (अपराध : फेसबुकमार्फत युवतीमाथि निसाना) । नचिनेको व्यक्तिलाई साथी बनाउँदा दुःख पाइन्छ । सम्बन्धित व्यक्तिलाई चिनेर मात्र कुराकानी गर्दा, सम्बन्ध राख्दा यस्ता खालका दुर्घटनाबाट जोगिन सकिन्छ ।

**नितिन भण्डारी**

लुइसा गुरुङलाई बधाई छ (लिटिल मिस युनिभर्समा) । यति सानो उमेरमा प्राप्त सफलता ठूलो हो । आउने दिनमा पनि यस्तै सफलता प्राप्त होस् ।

**विष्णु गजुरेल**

हाम्रा परम्परागत नाचको जगेर्ना आवश्यक छ (त्रिशाली मेलामा धान नाच) । यस्ता कार्यक्रमको सुरुवात हुनु राम्रो हो ।

**सुनिल नेपाली**

करिश्मा मानन्धरकी छोरी कवितालाई बधाई एवं शुभकामना (आउने नै भइन् कविता) । तपाईंको अभिनय यात्रा सफल होस् ।

**प्रवीना गिरी**

नेपाली चलचित्रले ५१ दिन मनाउनु सुखद संकेत हो ('शत्रुगते' को सेलिब्रेसन) । व्यापार गर्ने मात्र होइन, सामाजिक उत्तरदायित्व समेत निर्वाह गर्नु अझ सकारात्मक छ ।

**रमेश ठकुरी**

### सच्याइएको

जेठ ४ गतेको साप्ताहिकमा प्रकाशित 'गोल्डस्टारको चमक' शीर्षकको समाचारमा सञ्चालक अमिर राणा हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

**प्रधान सम्पादक**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# घरपरिवारले आशा मारेको थियो


तस्बिर : नवराज बाग्ले

दाङकी उर्मिला चौधरीले ६ वर्षको उमेरमै नयाँ फ्रक र चप्पल प्राप्त गर्छिन् । घरमा आएका नयाँ मानिसहरूले फ्रक र चप्पल मात्र दिँदैनन्, उनलाई पढाउने सपनासमेत देखाउँछन् । चञ्चले बालिका फुरुङ्ग हुन्छिन् अनि तिनै मानिसहरूले उनलाई दाङबाट काठमाडौं ल्याउँछन्, तर ती बालिका काठमाडौं पुगेपछि स्कुले विद्यार्थी होइन, कमलरी बन्न विवश हुन्छिन् । उनी एउटा दयनीय अवस्थामा जीवनका ११ विकराल वर्ष बिताउन बाध्य हुन्छिन् । त्यो ११ वर्षमा कहिल्यै परिवारसँग सम्पर्क गर्न पाउँदिनन् । भनिन्छ, १२ वर्षमा खोला पनि फर्कन्छ, उर्मिलाको जीवनमा पनि त्यस्तै हुन्छ । एक दिन टेलिभिजन स्क्रिनमा उनका दाजु देखिन्छन्, त्यही घटना उनको उद्धारको संयोग बन्न पुग्छ । १७ वर्षको उमेरमा ०६३ मा दाङ फर्किएकी उर्मिला त्यसपछि अध्ययन एवं सामाजिक कार्यमा सक्रिय छिन् । २०७० सालमा एसएलसी दिएकी उर्मिला अहिले १२ कक्षामा अध्ययनरत छिन् । आफ्नो उचाइ हेरेर नागरिकता बनाइदिएको बताउने २९ वर्षीया उर्मिला ०६४ देखि मुक्त कमलरी विकास मञ्चमार्फत आफूजस्तै कमलरी बन्न बाध्य हजारौं युवतीको उद्धारमा सक्रिय छिन् । उनको यही सक्रियतालाई उच्च सम्मान गर्दै नेदरल्यान्ड्सको रुजबेल फाउन्डेसनले फ्रिडम फोरम फेयर एवार्ड-२०१८ प्रदान गरेको छ । मानवअधिकारको क्षेत्रमा काम गर्नेहरूलाई प्रदान गरिने यो प्रतिष्ठित एवार्ड यसअघि दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेला, म्यानमारकी नेतृ आङसाङ सुकी, जर्मन चान्सलर एन्जेला मार्केलदेखि पाकिस्तानकी अधिकारकर्मी मलालासम्मले प्राप्त गरिसकेका छन् । नेपालबाट पहिलो पटक गएको २ जेठमा उच्च सम्मानका साथ नेदरल्यान्डका पूर्वराजा विलियम एलेक्जेन्डर तथा रानी बिट्रिक्सको हातबाट उक्त सम्मान ग्रहण गरेकी उर्मिलासँग साप्ताहिकका लागि भिषा, जनक र महेशले गरेको कुराकानी :

**विश्वप्रसिद्ध पुरस्कार पाउनुभयो हैन ?**

एउटा सानो देशमा जन्मिएको मानिसले कहिल्यै विश्व प्रसिद्ध पुरस्कारको कल्पना गर्दैन । नेल्सन मण्डेला, आङसाङ सुकी, एन्जेला मर्केलजस्ता व्यक्तिहरूले पाएको पुरस्कार मेरा लागि नगरिएको कल्पना मात्र थियो । कहिलेकाहीँ सोच्दै नसोचेको कुरा पनि हुँदो रहेछ । एउटी नेपाली चेलीले त्यो पुरस्कार प्राप्त गर्ने कुरा मेरा लागि निकै ठूलो आश्चर्य थियो ।

**कस्तो अनुभूति भैरहेको छ ?**

मेरो गाउँमा कमलरी प्रथा थियो । मैले यही समस्यामा काम गर्नुपर्छ भन्ने मेरो मानसिकता थियो । केही दिनपछि मेरो अन्तर्वार्ता पत्रिकामा आयो, त्यसपछि मलाई लाग्यो यो सम्पूर्ण थारु समुदायकै समस्या हो । त्यसपछि म त्यसका लागि स-साना प्रयास अघि बढाउन सक्रिय रहे । अहिले विश्वले नै मेरा ती प्रयासको मूल्यांकन गरेपछि मलाई देश र समुदायको जिम्मेवार व्यक्ति हुँ भन्ने अनुभूति भैरहेको छ । कमलरी रहँदा हार खाएको भए, संघर्ष नगरेको भए यो उपलब्धि सम्भव थिएन ।

**पुरस्कार थाप्ने वातावरण कस्तो थियो, बताइदिनुहोस् न ?**

त्यहाँ एउटा त्यस्तो भवन रहेछ, जहाँ जुन देशको जुन व्यक्तिले पुरस्कार थाप्न गएको छ, उसको देशको नाम सहित स्वर्ण अक्षरमा लेखिँदो रहेछ । त्यसमा मैले जब नेपाल देखेँ, त्यसपछि मलाई नेपाली चेली भएकोमा गर्व लाग्यो । त्यहाँ

पृष्ठ ६ मा







# घरपरिवारले...

पृष्ठ ५ बाट

नेपाल लेखिएको देखेपछि मैले आफू थारु चेली भन्ने कुरा बिर्सिएँ, अनि मलाई लाग्यो, मेरो सम्मान मेरो देशको पनि सम्मान हो।

**प्रयासहरूले एक दिन सफलता दिलाउँदो रहेछ होइन त ?**

निरन्तरको प्रयास, मेहनत र सहयोगले मानिसलाई सफल बनाउँदो रहेछ। फाउन्डेसनले कमलरी प्रथा न्यूनीकरणका लागि गरेको प्रयास र संघर्षले मलाई यो तहसम्म पुऱ्याएको हो। त्यसैले म सधैं भन्छु– बी आर नट वर्थ कमलरी, बीआर मेक कमलरी। कमलरीका कारण सयौंले आफ्नो शिक्षादीक्षा एवं स्वतन्त्रता गुमाए। मैले व्यक्तिगत र संस्थाको पहलमा १३ हजार बहिनीलाई कमलरी जीवनबाट मुक्त गराए। दाङमा केन्द्रीय कार्यालय रहेको हाम्रो मुक्त कमलरी विकास मञ्चले बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसहित पाँचवटा जिल्लामा काम गर्छ।

**यो संस्थाले के–के काम गर्छ ?**

कमलरी प्रथा उन्मूलन गर्ने अभियान सन् २००१ देखि सुरु भएको हो। पहिले यसमा नेपाल फाउन्डेसनले काम गरिरहेको थियो। पाँच वर्षपछि धेरै कमलरीको उद्धार हुँदै गयो। त्यसपछि एकता नै बल हो भने जसरी हामीले आफ्नै केही माध्यम स्थापना गर्ने प्रयास गऱ्यौं र यो संस्था जन्मियो। यसले कमलरी युवतीको क्षेत्रमा काम गर्छ। यसको पहिलो प्राथमिकता कमलरी उद्धार र शिक्षा नै हो। अहिले संस्थाले उनीहरूलाई आर्थिक रूपमा सबल बनाउनका लागि पनि काम गरिरहेको छ। हामीले त्यसका लागि ५ वटा जिल्लामा ४२ वटा सहकारी स्थापना गरेका छौं, जसबाट तालिम दिने, प्राविधिक शिक्षा प्रदान गर्नेजस्ता काम गर्दै आएका छौं। काम सुरु गर्दा हामीसँग १ लाख रुपैयाँ पनि थिएन, अहिले हाम्रो पुँजी झन्डै ३ करोड रुपैयाँ जति छ।

**अभियानबाट कति लाभान्वित भैरहेका छन् ?**

हामीले सामाजिक क्रान्तिबाट आर्थिक क्रान्तितर्फ फड्को मार्न यो सहकारी अभियान सञ्चालन गरेका हौं। छोटो अवधि र लामो अवधिको गरी ९ जना बहिनीले प्राविधिक शिक्षा लिएर राम्रो करिअर सुरु गरिसकेका छन्। उनीहरूले विभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन्। अन्य सयौं सिकाइकै क्रममा छन्। हामीले प्राविधिक शिक्षातर्फ अनमी, ल्याब असिस्टेन्ट, जुनियर टेक्निसियन, जेटीए, स्टाफ नर्स आदि विषय अध्ययन गर्न सहयोग उपलब्ध गराइरहेका छौं। नेपाल फाउन्डेसनले हामीलाई उपलब्ध गराएको रकम हाम्रो संस्थामार्फत उनीहरूसम्म पुग्छ।

**तपाई आफैं पनि कमलरी बस्नुभयो ? कति वर्ष कमलरी बस्नुभयो ?**

झन्डै साढे ११ वर्ष बसें। दाङबाट मलाई ६ वर्षकै उमेरमा कमलरीका रूपमा काठमाडौं ल्याइयो। यहाँ मैले दुई फरक परिवारमा गरेर साढे ११ वर्ष कमलरीका रूपमा बिताए।

**कमलरी बसेको छु भन्ने कहिले थाहा पाउनुभयो ?**

सुरुमा त रमाउँदै आए, त्यतिबेला मलाई थाहा थिएन म कहाँ जाँदैछु ? त्यतिबेला मलाई नयाँ फ्रक दिइयो, पहिलो पटक नयाँ



चप्पल लगाउन पाए। म साह्रै खुसी भएर यहाँ आएँ। किनभने, म कहाँ जाँदैछु, कसले लग्दैछ भन्ने थाहा थिएन। मलाई यतिमात्र भनिएको थियो कि बसमा चढेर जाने हो, त्यहाँ ठूला–ठूला घर हुन्छन्, त्यहाँ कालो भाँडा हुँदैन, स्कुल पढ्न पाइन्छ। यति सुनेपछि म एकदमै दंग थिएँ। यो सम्झना अहिले एकदम मधुरो गरी दिमाग आउँछ।

**काठमाडौं ल्याएपछि के काम गर्नुपर्थ्यो ?**

अहँ, उनीहरूले मलाई पढाएनन्। मलाई फकाएर ल्याउने अर्कै व्यक्ति हुनुहुन्थ्यो। काठमाडौं आएको केही महिनापछि मात्र मैले त्यो कुरा थाहा पाए। म नानीहरूलाई तयार पारेर स्कुल पुऱ्याइदिन्थें, म स्कुलको गेटसम्म मात्र पुग्थें। जब म स्कुलको गेटमा पुग्थें वा ती बच्चाहरूलाई स्कुलतिर डोऱ्याइरहेकी हुन्थें, मलाई उनीहरूजस्तै स्कुल जान मन लाग्थ्यो, उनीहरूजस्तै ड्रेसमा सजिन पाए, किताब समाउन पाए हुन्थ्यो भन्ने लाग्थ्यो, तर त्यो मेरो भाग्यमा थिएन। कतिबेला त म आफैंसँग प्रश्न गर्थें, त्यो स्कुलको गेटभित्र म किन जान पाउँदिनँ ? उनीहरूले मलाई उमेरअनुसार काम लगाउँदै गए। पहिले बच्चालाई स्कुल पुऱ्याउन लगाउँथे। पछि चिया पकाउन लगाएँ, ग्याँस अग्लो ठाउँमा थियो, म पुग्दिनथें। सुरु–सुरुमा त मैले कुर्सीमाथि उभिएर चिया पकाएँ। उमेर बढ्दै जाँदा कामको जिम्मेवारी पनि त्यही अनुपातमा थपिँदै गयो। डेढ वर्षपछि घरको सम्पूर्ण काम अर्थात् भाँडा माझ्नेदेखि खाना पकाउनेसम्म र लुगा धुनेदेखि पानी ओसार्नेसम्म मलाई नै लगाइयो।

**उनीहरूले पैसा पनि दिन्थे कि ?**

पैसा दिने प्रतिबद्धता थियो, तर उनीहरूले पैसा दिएको मलाई सम्झना छैन।

**कमलरी जीवनबाट खुला जीवनमा कसरी आउनुभयो ?**

०६३ सालतिर होला, घरमै बसेका बेला मालिक्नी टिभी हेरिरहनुभएको थियो। उहाँलाई जुस दिन जाने क्रममा टिभीमा तीनकुनेमा टेन्ट लगाएर बसेको समाचार आइरहेको थियो। टिभीमा एउटा कम्बल ओढेको मान्छेलाई देखें, मलाई आफ्नै दाइजस्तो लाग्यो। मैले अझ नजिक गएर हेरे, मालिक्नीले मलाई हकार्नुभयो, 'आँखा देख्दैनस्, एकतिर आँखा र एकतिर कान छ।' तैपनि वास्ता नगरी एकछिन हेरिरहें। त्यतिबेलाको समाचार अहिले पनि मलाई सम्झना छ, 'मुक्त कमैयाले तीनकुने कब्जा गरेको र जाडोमा ओढ्ने ओछ्याउने नभएर उहाँहरू बिरामी परेको' भनेर देखाइएको थियो। चार–पाँच वर्षदेखि म घरपरिवारको सम्पर्कमा थिइनँ, उहाँहरूले पनि मेरो आशा मार्नुभएको थियो। अचानक दाइलाई टिभीमा देखेपछि मेरो खुट्टा र शरीर काँप्न थाले।

**परिवारसँग कसरी सम्पर्क विच्छेद भयो ?**

जुन परिवारले मलाई दाङबाट ल्याएको थियो, त्यो परिवारले केही वर्ष राखेपछि उनीहरूको फुपूको घरमा कोही छैन भनेर मलाई फुपूको घरमा पठाइदियो। यस विषयमा मेरो परिवारलाई केही पनि जानकारी थिएन। मलाई जहाँ पठाए पनि मेरो परिवारलाई जानकारी दिनु जरुरी थिएन। मेरो घरबाट कल आउँथ्यो तर म्यामले मेरो घरमा कोही पनि काम गर्ने छैन, म काम गर्ने मान्छे राख्ने खालकी मान्छे होइन भनेर भन्नुहुँदो रहेछ। धेरै वर्षपछि अचानक दाइलाई टेलिभिजनमा देखेपछि मैले आँट गरेर भने, 'महारानी सा'ब, मेरो दाइ काठमाडौं आउनुभएको रहेछ, मलाई भेट्न लग्दिबक्सियोस्।' उहाँ जऱ्याकजुरुक उठ्नुभयो र भन्नुभयो- तिमी यसरी घरबाट बाहिर जाने, मानिसहरूसँग कुरा गर्ने भए म तिमीलाई पुलिसकहाँ लगेर बुझाइदिन्छु, तिमीलाई पुलिसले लग्छ। यस्तै–यस्तै भनेर धेरै रिसाउनुभयो। दुई दिनसम्म अनुरोध गरें, नलगेसम्म काम पनि नगर्ने खाना पनि नखाने भएपछि एक दिनको शनिबार उहाँले मलाई दाइसँग भेट्न लानुभयो अनि पाँच मिनेट भेट्ने समय दिनुभयो।

**दाजुसँग भेटेर के कुरा गर्नुभयो ?**

दाइसँग भेट भएपछि मैले गाउँको फोन नम्बर मागेर ल्याए। फोन पनि गाउँभन्दा एक घण्टा टाढा थियो। मैले दाइलाई बोलाइदिन भनेर फोन गरे, त्यसको दुई दिनपछि फोन पसलेले दाइलाई बोलाइदिनुभयो। मैले दाइलाई लिन आउनु भनेपछि दाइ आउनुभयो, यता म्याडमले मलाई जान नदिने अड्डी कस्नुभयो तर मैले मानिनँ। मैले फेरि फर्कने सर्तमा घर जान पाएँ। उहाँहरूले मलाई फर्केर आउने भनेर तलब पनि दिनु भएन। बिहान दाइ आउनुभएको थियो, हामी त्यही साँझको बसमा दाङ फर्कियौं। तीनकुनेको मुक्त कमैया आन्दोलन मैले टिभीमा नदेखेको भए सायद म अहिले पनि कमलरी नै हुने थिएँ, किनभने मलाई बाहिर जाने अनुमति थिएन। ०६२/६३ को जनआन्दोलन पनि मैले झ्यालबाटै हेरेकी हुँ। आन्दोलन त्यसरी हेरेको र अहिलेको स्वतन्त्र जीवन मलाई सपनाजस्तै लाग्छ।

**मुक्त भएपछि कहिलेदेखि पढ्न थाल्नुभयो ?**

त्यहाँबाट मुक्त हुँदा म १७ वर्षकी थिएँ। त्यसपछि मैले ०६३ सालमा बाह्रखरी पढ्न थालें।

**परिवारले किन कमलरीका रूपमा पठायो ?**

म धेरै कुरा त सम्झिन सक्दिनँ। यति सम्झन्छु हाम्रो बुवा बिरामी हुनुहुन्थ्यो। हामीले जमिन्दारको घरबाट केही किलो धान ऋणका रूपमा लिएका थियौं। त्यो ऋण चुक्ता गर्न त्यही घरमा बुवा कमैया बस्नुभयो, दिदी कमलरी हुनुभयो र आमा पनि कमलरी बस्नुभयो। तैपनि उक्त ऋण चुक्ता भएन। त्यो ऋण चुक्ता गर्न उनीहरूले दाइसँग कि बहिनी पठाइदे कि पैसा दे भनेर सर्त राखेपछि म कमलरी बन्न पुगे।

**अहिले जुन स्टाटसमा आइपुग्नुभएको छ, त्यसको सबैभन्दा ठूलो श्रेय कसलाई दिनुहुन्छ ?**

धेरै जना हुनुहुन्छ। यसमा पत्रकार, मानव अधिकारकर्मी, नागरिक समाज तथा हाम्रो उद्धार गर्ने स्थानीय संघ–संस्थाहरूको ठूलो हात छ। यदि मलाई उद्धारमात्र गरिएको भए मैले केही पनि गर्न सक्ने अवस्था थिएन, तर अक्षर चिन्ने मेरो दृढ इच्छा थियो। केही नभए पनि म आफ्नो नाम मात्र लेख्न भए पनि सिक्छु भन्ने आँट थियो। उमेरले ठूलै भए पनि म स्कुल जान थालें। मलाई स्कुलमा शिक्षकहरूले तिम्रो उमेर धेरै भएकाले सीपमूलक तालिम लिएर व्यवसाय गर्नु राम्रो हुन्छ भनेर मोटिभेट गर्न खोज्नुभयो। उहाँहरूको त्यस्तो कुरा मलाई मन परेन अनि म कडा रूपमा प्रस्तुत भएँ। मलाई आफ्नो नाम लेख्न जान्नु छ त्यसैले एक कक्षामा भर्ना गरेपनि म पढ्न तयार छु भने पछि ०६४ देखि दाङको गढवा गाउँपालिकास्थित जनता माध्यमिक विद्यालयमा बाह्रखरी पढ्न थालें।

**पढ्ने भोकचाहिँ के कारणले जाग्यो ?**

एकपटक ताप्लेजुङको धुन्सामा हेलिकप्टर दुर्घटना भएको थियो, जसमा धेरै नाम कहलिएका नेपालीहरूले ज्यान गुमाए। त्यतिबेला म समाचार सुन्थें, तर पढ्न जान्दिनथें। त्यो बेला मलाई लाग्यो यदि म पढ्न जान्ने भैदिएको भए उहाँहरूको नाम पढ्न सक्थें, लेख्न सक्थें। मैले त्यो बेला किनेको पत्रिका अहिले पनि मसँग छ। मलाई त्यो बेलादेखि नै पढ्नुपर्छ भन्ने लाग्यो।

**स्कुलको प्रारम्भिक दिनका चुनौतीहरूलाई तपाईंले कुन आत्मबलले चिर्नुभयो ?**

म घरबाट स्कुल जान निस्किएपछि ऊ... बूढी विद्यार्थी गई भनेर जिस्क्याउँथे। म स्कुल पढ्न जाँदा घरका १०–१२ जना बाहिर निस्किएर हेर्थे, तर मैले वास्ता गरिनँ, किनभने त्यति बेला म केही बुझ्ने भैसकेकी थिएँ। म निरन्तर स्कुल गैरहें।

**तपाईंलाई स्कुलमा कसैले पढ्नुपर्छ भनेर प्रेरित गरेनन् ?**

पहिलो दिन स्कुल जाँदा त बस्ने बेन्च नै पाइनँ। अग्लो भएकाले पछाडिको बेञ्चमा गएर बसें। पछाडि बसेपछि मैले शिक्षकले बोलेको आवाज बुझ्न सकिनँ। त्यसपछि अर्को दिन स्कुल गएर पहिलो बेञ्चमा बसें तर मलाई अरुले आएर उठाउन खोजे। मैले त्यो बेन्च तिमीले आफ्नो घरबाट ल्याएको हो ? यदि हो भने छाड्छु नत्र भने सँगै बसौं भने। त्यसपछि मात्र उनीहरू माने। अर्को कुरा स्कुलमा पनि कमलरी भनेर विभेद गरिन्थ्यो।

**शिक्षकहरूले के–कस्तो सल्लाह दिनुहुन्थ्यो ?**

शिक्षकहरूले मलाई अरू नै केही गर, तिम्रो उमेरका मानिसहरूले स्नातक सिध्याउन थालिसके, त्यसैले अब तिमीले पढेर केही हुँदैन भन्नुहुन्थ्यो, तर मैले उहाँहरूले ब्याचलर गरे पनि मैले कक्षा ५ मा पढेर के गल्ती गरें भनेर प्रश्न गरें। त्यसपछि त्यस्तो हतोत्साहित गर्ने कुरा कहिल्यै उठेन।

**अहिले तपाई एउटी नेतृ भैसक्नुभएको छ, आखिर नेतृत्व के रहेछ ?**

कमलरी जाँदा म सँगै थुप्रै दिदीबहिनी कमलरी जानुभएको थियो। उहाँहरूमध्ये धेरैजसो मुक्त भैसक्नुभएको थियो। म पनि उहाँहरूसँग आन्दोलनमा हिँडे। 'सानो मान्छे स्कुलमा ठूला मान्छे काममा कमलरी प्रथा बन्द गर' भन्ने नाराका साथ सुरुमा सडकमा निस्कँदा मभित्र एउटा आत्मबल आयो। त्यतिबेला अरूका अगाडि गएर बोल्दा नेतृत्व भनेको यही नै रहेछ भन्ने लाग्यो, तर अहिले मानिसहरूमा सकारात्मक परिवर्तन ल्याई कसरी नयाँ आयाम प्रस्तुत गर्न सकिन्छ, त्योचाहिँ नेतृत्व हो।

**नेपाली युवाहरूको अवस्थालाई कसरी हेर्नुहुन्छ ?**

पहिले नपढेर म आफैं बेरोजगार थिएँ, अहिले स्नातकोत्तर तहसम्म पढेका बेरोजगार युवाहरूको संख्या ठूलो देखिरहेको छु। हामीले जबसम्म त्यस्ता बेरोजगारहरूलाई व्यवस्थापन गर्न सक्दैनौं। तबसम्म हामी समृद्धिको दिशामा अघि बढ्न सक्दैनौं।

# कान्तिपुर हिसान शैक्षिक मेला



नेपालका शिक्षालयहरूले दिने शिक्षाको स्तर विश्वका अन्य शिक्षालयसँग प्रतिस्पर्धा गर्न सक्षम छ भन्ने सन्देश दिन हिजो बिहीबारदेखि कान्तिपुर पब्लिकेसन्सको कान्तिपुर दैनिक एवं उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघको संयुक्त आयोजनामा कान्तिपुर हिसान एडुफेयर प्रारम्भ भएको छ ।

'उत्कृष्ट शिक्षा नेपालमै' भन्ने नाराका साथ राजधानीको भृकुटीमण्डपमा जारी शैक्षिक मेलामा देशभरका १ सय ५० उच्च माध्यमिक विद्यालय तथा कलेजहरूको सहभागिता छ । देशभरका सबै उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूलाई एउटै छातामुनि ल्याएर उनीहरूका बारेमा जानकारी दिन यो शैक्षिक मेलाको आयोजना गरिएको शैक्षिक मेलाका संयोजक लोकबहादुर भण्डारीले बताए । विशेष गरी प्लस टु अध्ययनपछि विदेश जाने विद्यार्थीहरूको संख्या बढ्न थालेसँगै स्वदेशमै स्तरीय अध्ययन-अध्यापन हुने कुरामा आम अभिभावक तथा विद्यार्थीलाई आश्वस्त तुल्याउन यो शैक्षिक मेला सञ्चालनमा ल्याइएको हो ।

चार दिनसम्म चल्ने यो शैक्षिक मेला २ लाखभन्दा बढी विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूले अवलोकन गर्ने आयोजकहरूको दाबी छ । विगत ५ वर्षदेखि कान्तिपुर पब्लिकेसन्स तथा हिसानले यो शैक्षिक मेला नियमित रूपमा आयोजना गर्दै आएका छन् । अभिभावक तथा विद्यार्थीहरूले नेपालमै आफूले चाहेको विषयमा जानकारी लिन सहज होस् भनेर शैक्षिक मेला आयोजित गरिएको कान्तिपुर पब्लिकेसन्सका एजिएम महेश स्वाँरले बताए । यो शैक्षिक मेलाबाट अभिभावकले आफ्ना सन्तानलाई हाम्रो संस्कृति तथा नैतिक शिक्षा प्रदान गर्ने सही जानकारी प्राप्त गरून् भन्ने हाम्रो चाहाना हो, स्वारले भने ।

नेपालमै सञ्चालन भैरहेका उच्च शिक्षालयहरूको गुणस्तरीयताका सम्बन्धमा जानकारी नहुँदा धेरै विद्यार्थीहरू बिदेसिनु परिरहेको एडुफेयरका संयोजक भण्डारी बताउँछन् । शैक्षिक मेलाले उत्कृष्ट शिक्षा दिने शिक्षालयहरूका सम्बन्धमा जानकारी, परामर्श एवं विषयगत छलफलका लागि प्लेटफर्म तयार गर्ने भण्डारीको दाबी छ । विद्यार्थी तथा अभिभावकहरूले सही परामर्श नपाउँदा विदेश मोह बढेको हो । भण्डारी भन्छन्- एडुफेयरमा उपलब्ध गराइने जानकारीले नेपालमै अध्ययनको वातावरण बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । मेलामा नेपाली विश्वविद्यालयको पाठ्यक्रमको जानकारीका साथै विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालन भैरहेका कलेजहरूका सम्बन्धमा पनि जानकारी लिन सकिन्छ ।

शैक्षिक मेलामा विद्यालय शिक्षादेखि नेपाल तथा विदेशका विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिई विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका शैक्षिक संस्थाहरूको समेत सहभागिता छ । यो शैक्षिक मेलामा त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, मध्यमाञ्चल विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रको सम्बन्धनमा सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूसमेतको सहभागिता छ । मेलामा ७० प्रतिशत विद्यालय तहका (१० जोड २) तथा ३० प्रतिशत त्यसभन्दा माथिका शैक्षिक संस्थाहरूको सहभागिता छ ।

मेलामा विभिन्न संस्थाको प्रस्तुतिका साथै शिक्षा विज्ञहरूको सहभागितामा संघीयतामा शिक्षा लगायतका जानकारीमूलक सेमिनारहरू पनि सञ्चालन गरिने संयोजक भण्डारीले बताए । मेलामा आउने विद्यार्थी तथा अभिभावकहरूका लागि निःशुल्क प्रवेशको व्यवस्था छ । संयोजक भण्डारीका अनुसार विभिन्न कलेजहरूले निःशुल्क छात्रवृत्तिको समेत व्यवस्था गरेकाले त्यसको फाइदा पनि मेलामा आउने विद्यार्थीहरूले उठाउन सक्छन् ।

मेलाले अभिभावक तथा विद्यार्थीहरूलाई मात्र नभएर नेपालमै सञ्चालनमा रहेका शिक्षालयहरूबीच समन्वय र भाइचारा स्थापित गर्न समेत मद्दत पुऱ्याउने उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघका अध्यक्ष रमेश सिलवाल बताउँछन् । हामी एउटै छातामुनि रहेर नेपालमै उत्कृष्ट शिक्षा प्रदान गर्न सक्षम छौं भन्ने सन्देश दिन पनि यो मेलाको आयोजना गरिएको हो, सिलवाल भन्छन्- यसले स्वस्थ्य प्रतिस्पर्धालाई बढावा दिन्छ र अस्वस्थ प्रतिस्पर्धा रोक्छ । स्वस्थ प्रतिस्पर्धाले अभिभावक र विद्यार्थीलाई नै फाइदा हुने सिलवालको दाबी छ ।

नेपाली शिक्षालयलाई विश्वास नगर्दा विदेश पढ्न जाने विद्यार्थीबाट ठूलो धनराशि बिदेसिइरहेको छ । हाल भारत बाहेकका देशहरूमा मात्र बर्सेनि ३० हजारभन्दा बढी विद्यार्थी उच्च शिक्षाका लागि पुग्ने नेपाल सरकारको तथ्यांक छ । त्यति संख्यामा विद्यार्थी विदेश जाँदा १७ अर्ब रुपैयाँभन्दा बढी धनराशि बिदेसिने अध्यक्ष सिलवालको दाबी छ । कतिपय अभिभावकहरू विदेशमा भन्दा नेपालमै सस्तोमा पढाइ हुन्छ भन्दा पनि पत्याउँदैनन्, -सिलवालको अनुभव छ । हामी कुनै विषयको विद्यार्थीलाई १५ लाख रुपैयाँसम्म उत्कृष्ट शिक्षा दिन्छौं भन्दा पत्याउँदैनन् तर त्यही विषय पढाउन तेब्बर खर्च गर्नेहरू पनि छन्, सिलवाल भन्छन् । गुणस्तरीय शिक्षाभन्दा पनि आफूलाई उच्चवर्गको देखाउने अभिभावकहरूले यस्तो कुरालाई प्रश्रय दिइरहेको सिलवालको दाबी छ । यद्यपि विदेश अध्ययन गर्न गएका भनिएका ६० प्रतिशत विद्यार्थीले पढाइ नै पूरा नगर्ने सिलवालको दाबी छ । एक अध्ययनले भारतबाहेक अन्य देश गएका ६० प्रतिशत विद्यार्थीले अध्ययन पूरा नगरेको देखाएको छ । सिलवाल भन्छन्- अध्ययनको बहानामा विदेशको पीआर र सिटिजनसिप प्राथमिकतामा रहने हुँदा त्यस्तो हुँदै गएको हो । यसले विदेशमा पनि सस्तो जनशक्ति उत्पादन लाइ बढावा दिएको सिलवालको तर्क छ ।

## कति फर्कन्छन् नेपाल

नेपालबाट भारतबाहेकका देशहरूमा मात्र प्रतिवर्ष ३० हजारभन्दा बढी विद्यार्थी अध्ययनका लागि बिदेसिने गरेका छन् । अध्ययन पूरा गरिसकेपछि कति विद्यार्थी नेपाल फर्किए भन्ने सन्दर्भमा अहिलेसम्म सरकार तथा अन्य कुनै निकायसँग आधिकारिक तथ्यांक छैन । विशेष गरी विदेशको पीआर र त्यहाँको स्थायी बसोबासको प्रक्रियाका लागि विद्यार्थी भिसामा जानु सहज हुने हुँदा नेपालीहरूले विद्यार्थी भिसा नै रोज्दै आएका छन् । अध्ययनका लागि विदेश जाने धेरै विद्यार्थीले आफ्नो रुचिको विषय अध्ययनका लागि भन्दा पनि कसरी विदेश जान पाइन्छ भन्ने कुरामा ध्यान दिँदा त्यहाँ पुगेर बीचमै पढाइ छोड्ने प्रचलन पनि बढ्दै गएको छ भने लाखौं खर्च गरेर विदेश पुगेका विद्यार्थीहरू जीवनयापन र लागेको खर्च तिर्न अध्ययनभन्दा पनि कमाइमा बढी लाग्ने जानकारहरू बताउँछन् ।

## नेपालमै छन् अन्तर्राष्ट्रिय स्तरका शैक्षिक संस्था

विश्वमा नाम चलेका र अन्तर्राष्ट्रिय ग्रेडिङमा परेका २५ भन्दा बढी शैक्षिक संस्था नेपालमै छन् । त्रिभुवन विश्वविद्यालयदेखि काठमाडौं विश्वविद्यालय र अन्य निजी कलेजहरू त्यस्तो ग्रेडिङमा परेका छन् । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका मेडिसिन, इन्जिनियरिङ, वन विज्ञान तथा कृषि विज्ञान जस्ता प्रविधिक विषय विश्वस्तरीय मानिन्छ । त्यस्तै निजी क्षेत्रबाट सञ्चालित कलेजहरूले प्रदान गर्ने होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, वाणिज्य संकाय जस्ता विषयले अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गरिरहेको हिसानका अध्यक्ष सिलवालको दाबी छ । अन्तर्राष्ट्रिय रूपमा हुने ग्रेडिङका लागि सम्बन्धित शैक्षिक संस्थामा भएका विद्यार्थीहरूको संख्या, भौतिक पूर्वाधार, परीक्षाफल, संस्थाको व्यवस्थापकीय पक्ष, अतिरिक्त क्रियाकलापको अवस्था, अध्ययन हुने विषय जस्ता कुरालाई हेरिन्छ ।







# विश्वकै महँगो बाइक

अमेरिकी मोटरसाइकल निर्माता कम्पनी हार्ले डेभिडसनले संसारकै महँगो मोटरसाइकल सार्वजनिक गरेको छ। महत्वपूर्ण विशेषताका रूपमा यसमा हीरा तथा सुन प्रयोग गरिएको छ भने यसको निर्माणका लागि ८ व्यक्तिको समूहलाई २ हजार ५ सय घण्टा समय लागेको थियो। यो मोटरसाइकलको अन्तर्राष्ट्रिय बजार मूल्य करिब साढे १९ करोड रुपैयाँ छ।

यसलाई हार्ले डेभिडसन ब्लू एडिसन नाम दिइएको छ। यो मोटरसाइकलको माथिल्लो भागमा आधुनिक प्रविधिले तयार गरिएको ६ लेयर ब्लू पेन्ट लगाइएको छ भने यसलाई ३ सय ५० हीरा तथा गोल्ड प्लेटेड स्क्रुजले सजाइएको छ।

यसको इन्जिनमा हिट रेजिस्टेन्ट एलईडी छ र माथिल्लो भागमा पारदर्शी क्यामसाफ्ट छ। यसका कारण मोटरसाइकल चल्दा इन्जिनको पार्ट्सले काम गरिरहेको दृश्य प्रत्यक्ष हेर्न सकिन्छ। इन्जिनमा समेत लाइट भएको यो संसारकै पहिलो मोटरसाइकल हो। त्यसैगरी यसको इन्धन ट्यांकीमा घडी तथा ५ दशमलव ४० क्यारेटको डिजलर रिङ छ।

## गुगलको स्मार्ट डिस्प्ले




गुगलले जुलाईदेखि स्मार्ट डिस्प्लेको बिक्री प्रारम्भ गर्ने योजना बनाएको छ। गुगल असिस्टेन्टमा आधारित यो स्मार्ट डिस्प्लेमा स्मार्ट स्पिकरसमेत छ। उक्त स्मार्ट स्पिकरमा गुगलको ओभर दर टप लाइभ टिभी सर्भिस युट्युब टीभी हेर्न सकिन्छ। गुगल असिस्टेन्टसमेत भएकाले यो स्पिकरबाट गुगल होमबाट गर्न सकिने अन्य सबै काम गर्न सकिन्छ।

# बजारमा नयाँ फोन

बितेका केही सातायता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा केही नयाँ मोबाइल सेट देखा परेका छन्। नोकिया, एलजी, सामसङ, हुवावे तथा भिभोका यी फोनका केही विशेषता :



## हुवावे नोभाको थ्रीई

हुवावेको नोभा थ्रीई स्मार्टफोन नेपाली बजारमा उपलब्ध हुन थालेको छ। अगाडि र पछाडि दुवै भाग मोटो र नफुट्ने सिसाले बनेको यो सेटको स्क्रिन चारैतिर पातलो धातुले घेरिएको छ। १६ मेगापिक्सेल क्यामेरायुक्त यो स्मार्टफोन सेल्फीका लागि राम्रो भएको बताइएको छ। ५ दशमलव ८४ इन्चको ठूलो फुल भ्यू डिस्प्लेयुक्त यो स्मार्टफोनमा भिडियो हेर्दा ठूलो पर्दामा चलचित्र हेरेझैं लाग्छ। यसमा ४ जीबी र्‍याम तथा ६४ जिबी इन्टरनल स्टोरेज छ भने यसको ब्याट्री ३ हजार एमएएचको छ।




## ग्यालेक्सी जे-७ डुओ

सामसुङ ग्यालेक्सी जे ७ डुओ अब नेपाली बजारमा उपलब्ध हुन थालेको छ। सामसुङको यो स्मार्टफोनको मूल्य रु. २८ हजार ९ सय ९० छ। सामसुङको ग्यालेक्सी जे ७ डुओमा ५ दशमलव ५ इन्चको स्क्रिन, ७२०/१२८० पिक्सेलको रेजोलुसन छ। यसको सम्पूर्ण बडी प्लास्टिकको छ र यसले सिंगल तथा डुअल सिम सपोर्ट गर्छ। सामसुङको यो फोनको मुख्य फिचर डुअल क्यामेरा हो। यसको रियर क्यामेरामा १३ मेगापिक्सेल तथा ५ मेगापिक्सेलको सेन्सर छ। सेल्फीका लागि यसमा सिंगल ८ मेगपिक्सेलको सेन्सर छ। फोनको भित्रि भागमा एक्सिनस-७ सिरिजको अक्टाकोर प्रोसेसर प्रयोग गरिएको छ। यसमा ३२ जीबीको इन्टरनल स्टोरेज छ भने त्यसलाई आवश्यकताअनुसार बढाउन सकिन्छ। यो फोन एन्ड्रोइड अपरेटिङ सिस्टम ८.० ओरियोबाट चल्छ।

## नोकिया एक्स- ६

नोकियाले आफ्नो पछिल्लो मोडलको स्मार्टफोन नोकिया एक्स-६ सार्वजनिक गरेको छ। नोकियाले पहिलो पटक आफ्नो यो फोनमा क्वालकम स्न्यापड्रागन ६३६ चिपसेट प्रयोग गरेको छ। यसमा अक्टाकोर १ दशमलव ८ गिगाहर्ज स्पिड छ। त्यसैगरी यो सेट ४ तथा ६ जीबी र्‍याममा उपलब्ध छ। धेरै भिडियो हेर्न तथा गेम खेल्न रुचाउनेहरूका लागि यो सेट बढी उपयोगी देखिन्छ। गोरिल्ला ग्लास थ्री-३ द्वारा सुरक्षित यो स्मार्टफोन कतै खस्दा समेत केही असर पर्दैन। यसमा ३२ तथा ६३ जीबी इन्टरनल मेमोरी छ भने ३ हजार ६० एमएएचको ब्याट्री छ। १६ एमपी ड्युअल एवं ५ एमपी रियर क्यामेरायुक्त नोकिया-६ मा सेल्फीका लागि १६ एमपीको सेन्सर जडान गरिएको छ। यसबाट फोरके एचडी भिडियो खिच्न सकिन्छ। फेस अनलक तथा फिंगरप्रिन्ट सेन्सर आदि सुविधायुक्त नोकिया-६ ले पहिलेको नोकिया फोनभन्दा फरक विशेषता बोकेको दाबी गरिएको छ।





## भिभो भी-९ युथ

भिभोको पछिल्लो स्मार्टफोन भिभो भी-९ नेपाली बजारमा सार्वजनिक भएको छ। भिभो भी-९ युथमा ६ दशमलव ३ इन्चको ठूलो फुल भ्यू डिस्प्ले छ। यसले आइफोन चलाएजस्तै अनुभव प्रदान गर्ने दाबी गरिएको छ। यसको क्यामेरामा एक्सपोजर तथा आइएसओ कन्ट्रोल, डिजिटल जुम, अटो फ्ल्यास, फेस डिटेक्सन तथा एलईडी फ्ल्यासजस्ता फिचर समावेश छन्। मोबाइल फोटोग्राफी रुचाउनेहरूका लागि यो सेट विशेष उपयोगी छ। यसमा भएको गेम मोडका कारण स्मार्टफोनमै गेम खेलिरहेको समयमा पनि फोनकल, म्यासेज तथा अन्य एलर्टहरूलाई रोक्न सकिन्छ। नेपाली बजारमा यसको मूल्य २९ हजार ३ सय ९० रुपैयाँ पर्छ।

## एलजी जी-७ थिनक्यू

एलजीले नयाँ मोडलको स्मार्टफोन एलजी जी-७ थिनक्यू सार्वजनिक गरेको छ। यो फोन डिस्प्ले नच, लेटेस्ट जेनेरेसनको चिपसेट तथा नयाँ डुअल क्यामेरा सेटअपका साथमा बिल्कुलै नयाँ डिजाइनमा आएको छ। यो मोबाइल सेटमा ६ दशमलव १ इन्चको ठूलो आइपिएस एलसिडी डिस्प्ले जडान गरिएको छ, जसको रेजोलुसन ३१२०x१४४० (QHD+) छ। यो फोनले तुलनात्मक रूपमा तीव्र गति तथा पावरफुल प्रस्तुति दिन्छ भन्ने दाबी गरिएको छ।

यो फोन ४ जीबी र्‍याम र ६ जीबी र्‍याम गरेर दुईवटा संस्करणमा उपलब्ध हुनेछ। यसमा ६४ जीबीको इन्बिल्ट स्टोरेज छ,जसलाई ४०० जीबीसम्म बढाउँन सकिन्छ। यो फोनको रियरमा स्ट्यान्डर्ड एंगल क्यामेरा तथा वाइड एंगल गरी डुअल क्यामेरा छ भने सेल्फी तथा भिडियो च्याटका लागि एफर १ दशमलव ९ एपर्चरसहितको ८ मेगापिक्सेल क्यामेरा जडान गरिएको छ।



केवल एक प्रश्न

# मोबाइलमा कुन गेम खेल्नुहुन्छ ?

मलाई फुटबल निकै मनपर्छ । त्यसैले म मोबाइलमा पनि फुटबल नै खेल्छु । मोबाइलमा गेम खेल्दा फ्रेस भइन्छ । म विशेषगरी कसैलाई कुर्नुपर्‍यो भने गेम खेलेर बस्छु ।

**आकाश श्रेष्ठ, अभिनेता**

मोबाइलमा गेम खेल्ने उमेर गयो जस्तो लाग्छ । अहिले मोबाइलमा गेम खेल्न अल्छि लाग्छ ।

**भुवन केसी, अभिनेता**

म मोबाइलमा धेरै गेम खेल्छु । हिजोआज चाहिँ रक्की क्लाइम्ब खेलिरहेको छु । समय-समयमा विभिन्न गेमहरू डाउनलोड गरेर खेलिरहेको हुन्छु ।

**बिपिन कार्की, अभिनेता**

म आजकाल लुडो व्यापक खेल्छु । आफूमात्र नभएर अरू साथीहरूसँग मिलेर खेल्न मिल्ने हुँदा टाइम पास गर्न सजिलो हुन्छ ।

**गौरव पहारी, अभिनेता**

केही समय पहिलेसम्म क्यान्डी क्रस निकै खेलें, तर अहिले फेसबुक र युट्युब चलाएरै समय बित्छ ।

**रामचन्द्र काफ्ले, गायक**

म आजकाल लुडो धेरै खेल्छु । फुर्सदमा साथीहरूसँग बसेर लुडो खेल्दा निकै रमाइलो हुन्छ । मेरा अधिकांश साथीहरू लुडो नै खेल्छन् ।

**पल शाह, अभिनेता**

म मोबाइलमा कुनै पनि गेम खेल्दिनँ, तर मानसिक स्वास्थ्यका लागि थोरै समय मोबाइल गेम खेल्नु राम्रो हो । यसको अत्यधिक प्रयोगले समस्या पनि निम्त्याएको छ ।

**डा. अनन्त अधिकारी, मनोचिकित्सक**

मलाई मोबाइल गेमले कुनै आकर्षण गरेन । म सन् १९८२/८३ मा अमेरिकामा पढ्दा भर्खरै डिजिटल गेम प्याकम्यान सुरु हुँदा त्यो गेम खेल्ने बक्स किनेर छोरालाई खेलाउँदा खुब मज्जा लाग्थ्यो तर त्यस्ता गेमहरू नेपालमा नआएकाले त्यति चाख लागेन ।

**राजेन्द्र थापा, गीतकार**

वास्तवमा भन्ने हो भने मलाई मोबाइलमा गेम खेलेर बस्ने फुर्सद नै हुँदैन । दिउँसो अफिसमा हुन्छु बेलुका घर आएर फेसबुक, भाइबर तथा इन्स्टाग्राममा व्यस्त रहन्छु ।

**सुप्रिया कटुवाल, मोडल**

म पहिले चाहिँ क्यान्डी क्रस धेरै खेल्थे । यतिसम्म कि बेलुकादेखि बिहान ४ बजेसम्म पनि क्यान्डी क्रस खेलेकी छु, तर अहिले गेम खेल्ने फुर्सद नै हुँदैन ।

**मुना थापामगर, लोक गायिका**

म मोबाइलमा गेम नै खेल्दिनँ । पहिले क्यान्डी क्रस चाहिँ धेरै खेल्यैं, तर अहिले फेसबुक चलाएर बस्छु ।

**निता ढुंगाना, अभिनेत्री**

मैले एक पटक मोबाइलमा क्यान्डी क्रस गेम डाउनलोड गरें । त्यो गेम मैले दिनरात खेलें, जसले गर्दा मेरो धेरै समय खेर गयो अनि त्यसलाई डिलिट हाने ! त्यो गेमलाई मैले मोबाइलबाट हटाएदेखि अहिलेसम्म एउटा पनि गेम मोबाइलमा डाउनलोड गरेकी छैन, तर कहिलेकहिँ कुनै साथीले क्यान्डी क्रस खेलिरहेको फेला पारे भने चाहिँ उनीहरूको मोबाइलमा खेल्छु ।

**बेनिशा हमाल, अभिनेत्री**

म खासै गेम लभर होइन, त्यही भएर मोबाइलमा त्यति गेम खेल्दिनँ । म धेरैजसो सामाजिक सञ्जाल तिरै व्यस्त हुन्छु । यद्यपि पहिले एकपटक क्याण्डी क्रस खेल्ने लत लागेको थियो ।

**सुनिता डंगोल, मिस नेवा**

मेरो मोबाइलमा गेमको कुनै पनि एप छैन । म अनलाइनमा उपलब्ध हुने गेम समेत खेल्दिनँ ।

**नवीन पौडेल, गायक**

म मोबाइलमा विभिन्न गेम खेल्छु । मेरो मोबाइलमा धेरै गेम छन्, तर विशेषगरी टेम्पल रनचाहिँ निकै खेल्छु । किनभने यो गेम खेल्ने क्रममा राक्षसले लखेटदा आफू नै भागे जस्तो लाग्छ ।

**सत्यराज आचार्य, गायक**

म मोबाइलमा धेरैजसो तास र रेसिङ कार खेल्छु ।

**आरपी पन्त, कलाकार**

म तीन पत्ती खेलिरहेको छु ।

**बिनोद सिंह, इभेन्ट मेनेजर**

एकताका क्यान्डि क्रस खुबै खेलें । अहिले चाहिं कलरक्यूब खेल्छु ।

**सन्तोष कोन्मे, गायक**

मोबाइलमा लूडो खेल्न रुचाउँछु ।

**धीरज तण्डुकार, इभेन्ट मेनेजर**

मलाई मोबाइलमा गेम खेल्दा समय नै बर्बाद भैरहेको जस्तो लाग्छ, त्यसैले म खेल्दिन ।

**सिपी पुडासैनी, निर्देशक**

म मोबाइलमा गेम खेल्दिनँ । अरूले खेलेको देखेरै पुगिसक्यो । कतिपयले फेसबुकमा क्याण्डी क्रस खेल्न रिक्वेस्ट पठाएर हैरान बनाएकाले मैले ती साथीहरुलाई फेसबुकबाटै हटाइदिएँ ।

**आस्था राउत, गायिका**

म कहिलेकाहीं मोबाइलमा लुडो खेल्छु तर मोबाइलमा धेरैजसो फेसबुक नै चलाइरहेको हुन्छु।

**शिव हमाल, गायक**

म धेरैजसो मोबाइलमा क्यान्डी क्रस खेल्छु । यतिसम्मकी एकताका श्रीमतीले गाली गर्छिन् भनेर बेलुका सिरकले मुख छोपेर समेत खेल्यैं ।

**प्रदीप भट्टराई, निर्देशक**

मेरो मोबाइलमा धेरै गेम छन्, तर खेल्ने समय हुँदैन । तैपनि कहिलेकाहीँ चेस चाहिँ खेल्छु ।

**आकाश अधिकारी, निर्देशक**

पहिले-पहिले चेस धेरै खेल्यैं, तर अहिले खेल्ने समय र इच्छा दुवै छैन ।

**राजनराज सिवाकोटी, संगीतकार**

म मोबाइलमा स्नेक गेम बढी खेल्छु ।

**खुमन अधिकारी, गायक**

फुर्सद भए क्यान्डी क्रस खेल्छु ।

**केदार घिमिरे, हास्यकलाकार**

म मोबाइलमा धेरैजसो लुडो खेल्छु, टेन्सनमा छु भने पनि लुडो खेलेपछि फ्रेस हुन्छु ।

**अर्जुन घिमिरे, हास्यकलाकार**

प्रस्तुति : महेश तिमल्सिना






# ट्रेन्डिङमा कब्जा

सामान्यतः युट्युबको ट्रेन्डिङमा पर्ने गीतलाई सफल मान्ने चलन छ। ट्रेन्डिङको टप टेनमा पर्ने सफल गीतलाई लोकप्रिय भएको मानिन्छ। ट्रेन्डिङको पहिलो स्थानमा पुगेर झन्डै एक साता बस्न सफल भयो भने उक्त गीतलाई सफलताको शिखरमा पुगेको मान्नै पर्छ। यतिबेला नेपाली सांगीतिक क्षेत्रमा एउटा गीत त्यसैगरी सफलताको शिखरमा पुगेको छ। बाल गायक अशोक दर्जीको स्वरको पहिलो मौलिक गीत 'मन बिनाको धन ठूलो कि' एक साता युट्युबको नेपाल ट्रेन्डिङमा पहिलो स्थानमा रह्यो। बी. राज नेपालको शब्द तथा संगीतकार टंक बुढाथोकीको संगीत निर्देशनमा उनकै युट्युब च्यानलमा अपलोड गरिएको उक्त गीतमा गायक दर्जीलाई संगीतकार बुढाथोकीले पनि गायनमा साथ दिएका छन्। अपलोड गरिएको दुई सातामै ५८ लाख भन्दा बढि पटक हेरिएको उक्त गीतको म्युजिक भिडियो पनि उत्तिकै आकर्षक छ। यतिमात्र होइन अशोक दर्जीसँग सम्बन्धित अन्य भिडियो सामग्रीहरूसमेत ट्रेन्डिङको २ देखि ५० स्थानसम्म रहन सफल छन्।

संगीत

# भिडियोमा अभिनेत्री

चलचित्रको व्यस्तताबीच अभिनेत्रीहरू यतिबेला नेपाली गीतका म्युजिक भिडियोलाई विशेष प्राथमिकता दिन थालेका छन्। प्रियंका कार्कीदेखि छुल्टिम गुरुङसम्मका अभिनेत्रीहरू फुर्सद हुनेबित्तिकै म्युजिक भिडियोको सेटमा भेटिन थालेका छन्। पछिल्ला तीन सातामा सार्वजनिक भएका म्युजिक भिडियोहरूमा झन्डै आधा दर्जन अभिनेत्रीले अभिनय गरेका छन्। गत साता अभिनेत्री रीमा विश्वकर्माले गायक सुमन थापाको एउटा नयाँ गीतको म्युजिक भिडियोमा अभिनय गरिन्। मोडल दीपक घिमिरेसंग अनस्क्रिन गरिएको उक्त भिडियोलाई बिजेश पौडेलले निर्देशन गरेका हुन्। अभिनेत्री शिल्पा पोखरेलद्वारा अभिनित गायिका भावना आचार्यको बग्ने खोला बगिगो गीतको म्युजिक भिडियो कम समयमै लोकप्रिय भैरहेको छ। दीपक शर्माको शब्द तथा संगीतको उक्त गीतमा रामचन्द्र काफ्लेको पनि स्वर सुन्न सकिन्छ। चलचित्रमा समेत सक्रिय अभिनेत्री प्रियंका कार्की फुर्सद हुने बित्तिकै म्युजिक भिडियोलाई समय दिन्छिन्। गत साता उनले अभिनय गरेको फास्ट फास्ट शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक भयो। नेपाल आइडलको टप टेनसम्म पुग्न सफल गायक उत्सन श्रेष्ठको पहिलो मौलिक गीत हुरि आयोको म्युजिक भिडियो पनि हालसालै सार्वजनिक भएको छ, जसमा अभिनेत्री आँचल शर्माले अभिनय गरेकी छिन्। गायक सिताराम पोखरेलको हालै सार्वजनिक स्वार्थ तिम्रो गीतमा अभिनेत्री अनु शाहले अभिनय गरेकी छिन्। गायक सन्तोष लामाको हालै सार्वजनिक गीतमा अभिनेत्री छुल्टिम गुरुङले अभिनय गरेकी छिन्।





# आमा बन्दै गायिका

गायिका जानकी तारमी मगर आमा बन्ने भएकी छिन्। ढाड दुखेर मार्‍यो, मेयरनीको पोई, साइकल किन्न जाम, पानी पुरी, कार किनेर ल्याउ जस्ता लोकप्रिय गीतकी यी गायिकाले जेठको अन्त्यसम्ममा आमा बनिसक्ने बताएकी छिन्। जानकीले पहिलो सन्तानका रूपमा छोरी जन्माउन चाहेको समेत उल्लेख गरेकी छिन्। गर्भवती भएको ६ महिनासम्म सांगीतिक कार्यक्रममा सक्रिय जानकी पछिल्लो समय भने स्टुडियोमा गीत रेकर्डिङका लागि मात्र उपलब्ध हुन्छिन्। जानकीले दुई वर्षअघि व्यवसायी तथा समाजसेवी भगवान थापासंग विवाह गरेकी थिइन्।



मेरो रोजाइ

# गायिका मीना निरौलालाई मनपर्ने पाँचवटा गीत

| गीत | गायक/गायिका | संगीतकार |
|---|---|---|
| चौबन्दीमा पटुकी | आस्था राउत | सुरेश अधिकारी |
| तिमी रोएको पल | सुगम पोखरेल/अञ्जु पन्त | अर्जुन पोखरेल |
| जाउँला रेलैमा | कमल खत्री | कमल खत्री |
| ओखती कलेजो | कालीप्रसाद बाँसकोटा | कालीप्रसाद बाँसकोटा |
| रुपै मोहनी | टंक बुढाथोकी/मिना निरौला | टंक बुढाथोकी |

म्युजिक अपडेट

## लाखौं खुसी दिएँ तिमीलाई

गायक राजेश पायल राईको आवाजमा सजिएको 'लाखौं खुशी दिएँ तिमीलाई...' गीत सार्वजनिक भएको छ। गणेश थक्लुङ लिम्बुको शब्द तथा विनोद खम्बुको संगीतको उक्त आधुनिक गीत युट्युबमार्फत सार्वजनिक गरिएको हो। द ड्रिम वर्करले स्टुडियो भिडियो निर्माण गरेको उक्त गीतका एरेन्जर धनु ग्यान्मी हुन्।

## सुगम संगीत यात्रा

पोखरामा हरेक महिना विभिन्न ठाउँमा पुगेर सुगम संगीत सुनाउने अभियान चलिरहेको छ। यो अभियानमा स्थापितदेखि नवोदित प्रतिभासम्म सहभागी हुन्छन्। यसै क्रममा सुगम संगीत यात्राको ३५ औं श्रृखला शनिबार पोखराको न्युरोडस्थित हिमालयन रिडर्स कर्नरमा सम्पन्न भएको छ। उक्त अवसरमा कलाकारहरू रामभक्त जोजिजू, श्रीमान थुलुङ, देशभक्तसिंह कुँवर, कृतिका धरेल, अविषा श्रेष्ठ, पल्लवी भट्टराई, उमेश राई, प्रमिला बराल, सन्तोष पराजुली, कमला थापा, समीक्षा गौतम, सन्दीप राई, युनित लामा, उपेश थापा, नैना घले आदिले आफ्ना प्रस्तुतिमार्फत संगीत पारखीहरूको सांगीतिक तृष्णा मेटाएका थिए।

## आस्थासँग झुमे पोखरेली

पप गायिका आस्था राउत गत शनिबार पोखरामा प्रस्तुत भइन्। उक्त अवसरमा उनले २ वटा नयाँ तथा ४ वटा पुरानो गरी ६ वटा गीत सुनाएकी थिइन्। माछापुच्छ्रे एफएमको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा पोखरेली ब्यान्ड लेकालीले पनि प्रस्तुति दिएको थियो। कार्यक्रममा पोखरेली साहित्यकारहरूका कविता, गजल एवं मुक्तकहरूसमेत प्रस्तुत गरिएका थिए।

## रोयल्टीमा प्रमोद र अञ्जु



गायक प्रमोद खरेल तथा गायिका अञ्जु पन्त प्रस्तोता समाज नेपालद्वारा प्रदान गरिएको रोयल्टी प्राप्त गर्ने गायक-गायिकाको सूचीको अग्रस्थानमा छन्। समाजले शनिबार काठमाडौंमा आयोजित एक समारोहमा एनसेलको आरबीटीबाट संकलित रोयल्टी रकम ५१ जना गायक-गायिकालाई वितरण गरेको थियो। गत जुलाईदेखि नोभेम्बरसम्मको कुल ५ लाख २५ हजार ८८ रुपैयाँमध्ये गायिका पन्तले १ लाख २५ हजार ६ सय रुपैयाँ तथा गायक खरेलले १ लाख ९ हजार रुपैयाँ बुझेका हुन्। कार्यक्रममा निरन शाही, कालीप्रसाद बास्कोटा, मल्लिका कार्की, विष्णु माझी, राजनराज शिवाकोटी, दीपक बज्राचार्य, हेमन्त शिशिर तथा १९७४ एडी पनि सर्वाधिक रोयल्टी बुझ्ने संगीतकर्मीको उत्कृष्ट दसमा परे।

## बोल माया

गायक प्रकाश सपूतको निर्देशनमा 'बोल माया...' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। गीतिकथा शैलीमा तयार पारिएको उक्त गीतमा नारायण रायमाझी, प्रकश सपूत तथा शान्तिश्री परियारको स्वर सुन्न सकिन्छ। सपूत नै उक्त गीतका गीतकार तथा संगीतकार हुन्।

## साकेला सिलीमा हाँसपोसा

किरात-राई यायोक्खा सुनसरीले धरानमा आयोजना गरेको प्रारम्भिक कार्य समिति स्तरीय प्रतियोगितात्मक साकेला सिली प्रतियोगितामा किरात-राई यायोक्खा हाँसपोसा विजयी भएको छ। किराँत राईहरूको साकेला उभौलीको अवसरमा सञ्चालित उक्त प्रतियोगितामा किराया प्राकाश धरान-१९ दोस्रो तथा किराया प्राकाश धरान-११ तेस्रो भएका छन्। प्रतियोगिताको उत्कृष्ट ढोलेमा धरान भित्रबाट धरानका जीवनज्योति राई तथा धरान बाहिरबाट इटहरीका साजन राई विजेता घोषित भए।

## सिर्जनाको दुःख

गायिका सिर्जना गुरुङले 'किन दुःख मान्छौ...' गीतको म्युजिक भिडियो सार्वजनिक गरेकी छिन्। बीपी वाग्लेको शब्द तथा संगीतको उक्त गीतको भिडियोमा अभिनेत्री रीमा विश्वकर्मा तथा दीपक काफ्लेले अभिनय गरेका छन्। उक्त भिडियोको निर्देशन युवराज वाइबा गरेका हुन्।

## फिल्मी डायरी

### निशालाई पुत्रलाभ

अभिनेत्री निशा अधिकारी तथा उनका क्रिकेटर श्रीमान् शरद भेषवाकरलाई पुत्र लाभ भएको छ। निशाले गत शनिबार फेसबुकमा नवजात शिशुको तस्बिर पोष्ट गर्दै बच्चाको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी गराएकी थिइन्। उनीहरूले आफ्नो छोराको नाम युभन निशरद राखेका छन्। अधिकारीले गत वर्षको असारमा राष्ट्रिय क्रिकेट टिमका स्टार खेलाडी शरद भेषवाकरसँग विवाह गरेकी थिइन्। हाल अमेरिकामा रहेकी निशाले त्यहींकै अस्पतालमा शिशुलाई जन्म दिएको बताइएको छ। त्यस क्रममा शरद पनि उनीसँगै अमेरिकामै थिए।

### बेलायतबाट आउँदै 'शिरमाह्रानी'

गुरुङ समुदायमा प्रचलित पुरानो चलन भारा (गुन) तिर्ने परम्परामा आधारित गुरुङ चलचित्र 'शिरमाह्रानी' को निर्माण भएको छ। अंग्रेजीमा 'अ ब्युटिफूल गुरुङ गर्ल' नाम दिइएको उक्त चलचित्रको प्रदर्शन गत आइतबार बेलायतको अल्डरसटस्थित एम्पायर हलबाट थालिएको निर्देशक मनोज गुरुङले बताए। बेलायतका दर्शकले औधी रुचाएको चलचित्र 'शिरमाह्रानी' चाँडै नै नेपाल तथा विदेशका विभिन्न ठाउँमा प्रदर्शनमा आउनेछ। यो चलचित्रमा दर्शन गुरुङ, सिमरन गुरुङ, खेमराज घले, तीव्रता गुरुङ, प्रीति गुरुङ आदिले अभिनय गरेका छन्।

### निर्माताको छोरा चलचित्रमा

चंखे शंखे पंखे, प्रेमगीत तथा प्रेमगीत-२ का निर्माता सन्तोष सेनले आफ्ना ६ वर्षीय छोरालाई लिएर नयाँ चलचित्र निर्माण गर्ने घोषणा गरेका छन्। 'यतिबेला चलचित्रको गीत रेकडिङको काम भैरहेको छ', निर्माता सेनले भने, '६ महिनादेखि छोरा आयुव मण्डला थिएटरमा अभिनयको प्रशिक्षणमा छ, ऊ काम गर्न सक्ने भएसँगै चलचित्रको निर्माण सुरु गर्ने तयारीमा छु।' सेनका अनुसार आमा र छोराको कथामा आधारित उक्त चलचित्र पारिवारिक ड्रामा विधाको हुनेछ। नाम गोप्य राखिएको उक्त चलचित्रका अन्य कलाकार भने छनौट भैसकेका छैनन्।

### चलचित्रकर्मी पुरस्कृत

चलचित्र पत्रकार संघ नेपालले आफ्नो १९ औं स्थापना दिवसको अवसरमा पाँच जना चलचित्र पत्रकारलाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ। संघले दयाराम पाण्डे र ध्रुव लम्साललाई चलचित्र पत्रकार सम्मान-२०७५ तथा लक्ष्मण सुवेदी र सन्ध्या थापालाई चलचित्र पत्रकारिता पुरस्कार-२०७४ प्रदान गरेको हो। उक्त अवसरमा अन्जान दाहाललाई प्रोत्साहन पुरस्कार दिइएको थियो।

### तरकारीवालीलाई डिग्रीसम्म निःशुल्क

तरकारीवालीको नामले चिनिएकी अभिनेत्री कुसुम श्रेष्ठलाई काठमाडौंको बबरमहलस्थित मेगा कलेजले स्नातकोत्तर तहसम्म निःशुल्क पढाउने भएको छ। चलचित्र लम्फूकी अभिनेत्री कुसुम अहिले कक्षा १२ को परीक्षा दिएर बसेकी छिन्। कुसुमलाई काठमाडौंको मेगा कलेजको सहकार्यमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने सम्झौता भएको हो।

### समाजसेवामा निर्देशक दीपा

चलचित्र अन्तराल तथा श्री ५ अम्बरेकी निर्देशक दीपा बस्नेतले दुई वृद्धाश्रम तथा विद्यालयमा खाना एवं खाजा ख्वाएकी छिन्। आर्ट अफ गिभिङ डे (मे १७) मा दीपाको टिमले सामूहिक रूपमा जम्मा गरेको आर्थिक सहयोगबाट गोल्फुटारस्थित दिव्य सेवा निकेतन एवं तीनकुनेस्थित निःसहाय सेवा सदन आश्रमका १ सय १५ वृद्धवृद्धालाई भोजन गराएको हो। यस्तै, चितवनको कान्दामा सञ्चालित कुमार बलराम स्मृति छात्रावासमा रहेका १ सय ६५ बालबालिका तथा अनामनगरस्थित श्री रुद्रमती प्राथमिक विद्यालयमा अध्ययनरत सम्पूर्ण बालबालिकालाई एक दिनको दिवा खाजा बाँडिएको निर्देशक बस्नेतले जानकारी दिइन्।

### डमरुको डन्डीबियो जापानमा

चलचित्र डमरुको डन्डीबियो अब जापानमा प्रदर्शन हुने भएको छ। यही हप्ता चलचित्रको जापान राईट्स ७ लाख रुपैयाँमा बिक्री भएको छ। सेभेन समुराई इन्टरनेसनलका प्रतिनिधि राजु लामा तथा निर्माता विनोद गुरुङले जापान राईट्सको सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

### बक्स अफिस लागू गर्नुस्

सञ्चार तथा सूचना राज्यमन्त्री गोकुलप्रसाद बास्कोटाले चलचित्र विकास बोर्डकी अध्यक्ष निकिता पौडेललाई तत्काल बक्सअफिस लागू गर्न निर्देशन दिएका छन्। काठमाडौंको थापाथलीस्थित शिखर कम्प्लेक्स सुबिसु बिल्डिङमा नेपाली बक्स अफिस सिस्टमको 'डाटा हब' सञ्चालनमा आइसकेको छ। मल्टिप्लेक्स थिएटरमा बक्सअफिस सिस्टम जडान भए पनि हल सञ्चालकको अवरोधका कारण सिंगल थिएटरमा बक्सअफिस प्रणाली लागू हुन सकेको छैन।

### जायराको लुक्स सार्वजनिक



पोस्ट प्रोडक्सनको काम भैरहेको चलचित्र जायराको टिमले काठमाडौंमा चलचित्रका कलाकारहरूको फस्ट लुक्स सार्वजनिक गरेको छ। यसअघि कलाकारको लुक्स पोष्टरमार्फत सार्वजनिक गर्ने चलन थियो तर जायराका कलाकार चलचित्रकै गेटअपमा उपस्थित भए। चलचित्रका लागि लोभलाग्दो केश छोट्याएकी अभिनेत्री नम्रता श्रेष्ठ मार्सल आर्ट्स लुक्समा देखिइन् भने डेब्यू गर्ल सिर्जना रेग्मी पनि खेलाडी लुक्समै उपस्थित थिइन्। यो चलचित्र मंसिर १४ गते सार्वजनिक प्रदर्शनमा आउने बताइएको छ।

## पोस्टर/ट्रेलर

### 'कुम्भ-करण' को ट्रेलर

चलचित्र 'कुम्भ-करण' को ट्रेलर सार्वजनिक भएको छ। आकाश पल इन्टरटेन्मेन्टको प्रस्तुति रहने कुम्भ-करणमा अभिनेत्री निशा अधिकारी शिक्षिकाका रूपमा प्रस्तुत हुँदैछिन्। यो चलचित्र प्रेम, हत्या र त्यसपछि उत्पन्न परिस्थितिमा केन्द्रित रहने निर्माण टिमले बताएको छ। चलचित्र कुम्भ-करणमा निशाका साथ गौरव पहाडी, भोलाराज सापकोटा, अभय बराल आदि कलाकारले समेत अभिनय गरेका छन्। महेश दवाडीको कथा तथा पटकथा, सुरेन बशेलको कोरियोग्राफी, गोविन्द मधुर आचार्यको संगीतको यो चलचित्र असार २२ गते प्रदर्शनमा आउने बताइएको छ।

### अनुरागको गीत

साउन २५ गते प्रदर्शन मिति तय गरिएको चलचित्र 'अनुराग' को रोमान्टिक गीत सार्वजनिक भएको छ। उक्त गीतमा एलिजा र समुन्द्र पण्डितको अभियन हेर्न सकिन्छ जसमा एलिजा बोल्ड रूपमा प्रस्तुत भएकी छिन्। सुगम पोखरेल तथा अञ्जु पन्तको स्वरको उक्त गीतको शब्द सत्यराज एचआरसीले लेखेका हुन् भने संगीत सरोज पोखरेलले दिएका छन्। ऋषि धमला प्रस्तुतकर्ता रहेको चलचित्र अनुरागको निर्देशन सत्यराज चौलागाईंले गरेका हुन्।


### जय शम्भुको पोस्टर




भदौ १ गते प्रदर्शनमा आउने चलचित्र 'जय शम्भु' को पोस्टर सार्वजनिक भएको छ। अनुप विक्रम शाही, प्रशान्त ताम्राकार, वर्षा शिवाकोटी आदि कलाकारले महत्वपूर्ण भूमिका निर्वाह गरेको यो चलचित्रलाई रूपेश तामाङले निर्देशन गरेका हुन्।

Study in CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

प्राईभेट/रेगुलर-SEE (SLC)
कक्षा 8 वा 9 पास, कक्षा 9 वा Test/SEE (SLC) फेल,
पढाई छोडेका, जागिर गर्दै गरेका र गृहिणीहरुका लागि
एकै बर्षमा SEE (SLC) पास गर्ने सुवर्ण अवसर
सम्झना एकेडेमी
अद्वैतमार्ग, पुरानो बसपार्क बाट शंकरदेव क्याम्पस जाने बाटो
01-4246397, 9841297927, 9808918641





बलिउड

# दिशाको नयाँ



दबंग स्टार सलमान खानसँग अभिनय गर्न चाहने अभिनेत्री प्रशस्तै छन्, तर थोरै अभिनेत्रीको मात्र उक्त रहर पूरा हुन्छ। कतिसम्म भने निर्देशक-निर्माताले अभिनेत्री फाइनल गरेपछि समेत सलमानले कलाकार काँटछाँट गर्छन्। हालै बागी-२ की अभिनेत्री दिशा पाटनीले आगामी चलचित्र भारतमा सलमानसँग स्क्रिन सेयर गर्ने खबर बाहिरिएको छ। दिशाले भारतीय मिडियाहरूमा अन्तर्वार्ता दिने क्रममा सलमानसँग धमाकेदार चलचित्रमा काम गर्न चाहेको खुलासा गरेकी थिइन्। बुझिएअनुसार निर्देशक अली अब्बास जफरको चलचित्र भारतमा दिशाले अवसर प्राप्त गरेकी हुन्। उक्त चलचित्रका लागि दिशाको इन्ट्रीका सम्बन्धमा सलमान खानले ओके समेत भनिसकेका छन्। उक्त चलचित्रका लागि सलमान खान तथा प्रियंका चोपडा यसअघि नै फाइनल भैसकेका छन्। चलचित्र भारतमा अभिनेत्री पाटनीको भूमिका के-कस्तो छ भन्ने कुरा भने बाहिरिएको छैन। स्रोतको दाबीअनुसार दिशाले सलमानको अपोजिटमा प्रशंसा गर्न लायक काम पाउनेछिन्।

# सलमानका टप १०

यो कुरामा कुनै शंका छैन कि सलमान खान बलिउडका सबैभन्दा चर्चित स्टार हुन्। सलमान अभिनीत कुनै चलचित्र रिलिज भयो भने सिनेमाघर प्रशंसकहरूले भरिन्छ। सलमान अभिनीत दर्जनौं चलचित्रमध्ये सलमानका केही चलचित्रले रेकर्डमाथि रेकर्ड कायम गरेका छन्। सलमानका उत्कृष्ट कमाइ गर्ने १० चलचित्र :

१. **टाइगर जिन्दा है** : ३ सय ३८ करोड ७९ लाख भा.रु.
२. **बजरंगी भाइजान** : ३ सय २० करोड ३४ लाख भा.रु.
३. **सुल्तान** : ३ सय करोड ४५ लाख भा.रु.
४. **किक** : २ सय ३३ करोड भा.रु.
५. **प्रेम रतन धन पायो** : २ सय ७ करोड ४० लाख भा.रु.
६. **एक था टाइगर** : १ सय ९८ करोड भा.रु.
७. **दबंग-२** : १ सय ५८ करोड भा.रु.
८. **बडिगार्ड** : १ सय ४२ करोड भा.रु.
९. **दबंग** : १ सय ३८ करोड ८८ लाख भा.रु.
१०. **ट्युबलाइट** : १ सय २१ करोड २५ लाख भा.रु.



# सोनमको उत्साह

हालै सोनम कपुर कान्स फिल्म फेस्टिबलमा देखिइन्। उक्त अवसरमा सोनमले लगाएको पहिरनले धेरैको ध्यान तान्यो। बलिउडकी ब्युटिफुल अभिनेत्री सोनमले आनन्द आहुजासँग केही समयअघि मात्र विवाह गरेकी थिइन्। फेस्टिबलका क्रममा सोनमको कन्फिडेन्ट्स तथा लुक्स हेर्न लायक थियो। सोनमको उक्त कन्फिडेन्ट्सलाई धेरैले विवाहपछिको उत्साहका रूपमा समेत लिएका थिए।

# नायिकाको बोल्डनेस



प्रदर्शनका लागि तयार बलिउड चलचित्र वीरे दि वेडिङको तारिफां...शीर्षकको गीत सार्वजनिक भएको छ। उक्त गीतमा अभिनेत्रीहरू करिना कपुर, सोनम कपुर तथा स्वरा भाष्कर निकै बोल्ड देखिएका छन्। चलचित्रको उक्त पहिलो गीतमा सोनम तथा करिनाले 'ब्वाइज ट्रेन्ड' लाई परिवर्तन गरेको देखाइएको छ। गीतमा उनीहरूलाई ओछ्यान, गाडी तथा पबमा युवाहरूले घेरेका छन्। वास्तवमा चलचित्रको ट्रेलर नै निकै बोल्ड थियो, जहाँ धेरै प्रकारका गाली सुनिएको थियो। अहिले सार्वजनिक भएको गीतमा अभिनेत्रीहरूलाई सकेसम्म बढी बोल्ड देखाउने प्रयास गरिएको छ। बादशाहले गाएको उक्त गीतको भिडियोलाई अभिनेत्रीहरूले आफ्नो सोसल साइटमा समेत सेयर गरिरहेका छन्। जेठ १८ गते प्रदर्शनमा आउने यो चलचित्रलाई रिया कपुर, अनिल कपुर तथा एकता कपुरले निर्माण गरेका हुन्, जसलाई शशांक घोषले निर्देशन गरेका हुन्।

# YOUR GATEWAY TO GLOBAL SUCCESS... HERE IN NEPAL

It all begins with that first right step toward your success. Come explore your opportunities with us.

Connect with experts from over 100 top educational institutions at one place, and give your future the right nudge toward excellence.

5th KANTIPUR HISSAN edufair 2018
May 24-27

उत्कृष्ट शिक्षा नेपालमै...



Date: 24-27 May, 2018 (10-13 Jestha, 2075) | Time: 10 AM to 6 PM
Venue: Bhrikuti Mandap Exhibition Hall

2nd Day

**Main Sponsors:**

GOLDENGATE INT'L COLLEGE
GLOBAL COLLEGE OF MANAGEMENT
KATHMANDU WORLD SCHOOL
Uniglobe SS/College — Bringing the best together

**Sponsors:**

XAVIER INTERNATIONAL COLLEGE
HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE
CCRC CAPITAL COLLEGE AND RESEARCH CENTER
KATHMANDU MODEL SECONDARY SCHOOL
V.S. NIKETAN SECONDARY SCHOOL/COLLEGE
LITTLE ANGELS' COLLEGE 10+2
NASA INTERNATIONAL EDUCATION NETWORK
TRINITY INTERNATIONAL COLLEGE
KIST COLLEGE & HS
TRITON INTERNATIONAL SS & COLLEGE
An ISO 9001:2008 Certified College PREMIER COLLEGE An initiative by CG
NEPAL MEGA COLLEGE, Babarmahal, Kathmandu
neosphere — Shaping Digital Futures
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त eSewa पैसा पठाउन, पठाउन र तिर्न

**Supported by:**

HERALD COLLEGE KATHMANDU

**ORGANIZED BY:**

कान्तिपुर

HISSAN ESTD. 2053
उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल
HIGHER INSTITUTIONS AND SECONDARY SCHOOLS' ASSOCIATION NEPAL (HISSAN)
ट्रेडटावर नेपाल, थापाथली, काठमाडौं | फोन नं: ०१-५१११०५५, ५१११०४० | e-mail: hissannepal@gmail.com | WWW.hissan.org.np

For more information please contact: **Kantipur HISSAN Education Fair Secretarial Office, Thapathali, Kathmandu**
**Tel: 01-5111099, www.hissan.org.np, email: hissannepal@gmail.com**

विकेन्ड फेस्टिबल

# कोरियन फिल्म



कोरियन चलचित्र हेर्न कत्तिको रूचाउनुहुन्छ ? भोलि शनिबारदेखि मंगलबारसम्म चौधौं कोरियन फिल्म महोत्सव हुँदैछ । महोत्सवमा प्रदर्शन हुने हरेक चलचित्र हेर्न निर्धारित समयभन्दा दुई घण्टाअघि नै निःशुल्क कुपन लिइसक्नुपर्नेछ भने एक जनाले २ वटा मात्र लिन पाइनेछ । महोत्सवमा चलचित्र अल एबाउट माइ वाइफ, माइ ब्रिलियन्ट लाइफ, माइ पापोरक्ति, द सस्पेक्ट तथा द थिम्सको प्रदर्शन हुने बताइएको छ ।

**स्थान :** क्वीएफएक्स सिनेमाज, लाबिम मल

**आयोजक :** दक्षिण कोरियाली राजदूतावास

विकेन्ड कन्सर्ट

# पोखरामा कविता कन्सर्ट



भोलि जेठ १२ गते शनिबार पोखरामा कविता कन्सर्ट हुंदैछ । कवि नवराज पराजुलीको कवितालाई लयसंगै सुन्न पाइनु यो कन्सर्टको विशेषता हो । कवि पराजुलीलाई संगीतकार सम्यक महर्जनले बांसुरीको धुन सुनाउंदै सघाउनेछन् । पोखरा सभागृहमा दिउंसो २ बजे प्रारम्भ हुने कार्यक्रम बेलुका ५ बजेसम्म चल्नेछ । यो कन्सर्ट शुभतारा युवा क्लब पोखरा लेखनाथ-३३, बागमाराको आयोजनामा प्रस्तुत हुन लागेको हो ।

**प्रवेश शुल्क :** ३ सय, ५ सय, १ हजार तथा विद्यार्थीहरूका लागि २ सय रुपैयाँ ।

विकेन्ड रेसिङ

# भोलि गोठाटारमा मोटो फ्ल्याट ट्र्याक




भोलि शनिबार काठमाडौंको एयरपोर्ट ग्राउन्ड गोठाटारमा दोस्रो भर्सनको नेकेड बाइक रेसिङ प्रतियोगिता 'मोटो फ्ल्याट ट्र्याक' सञ्चालन हुँदैछ । उक्त प्रतियोगितामा १ सय ५० देखि २ सय सीसीका बाइक राइडर सहभागी हुनेछन् । ३० भन्दा बढी बाइक राइडरले विभिन्न कम्पनीका नेकेड बाइक कुदाउने यो प्रतियोगिताका लागि २ सय ५० मिटरको ट्र्याक निर्माण गरिएको छ ।

विकेन्ड स्वाद

# पानीपुरी

पानीपुरी आमनेपालीहरूको प्रिय परिकार हो । राजधानीका थुप्रै ठाउँ पानीपुरीका लागि लोकप्रिय छन् । अमिलो-पिरोको मीठो स्वाद पाइने हुनाले पानीपुरी धेरैको रोजाइमा छ । केही सामान जुटाएर सजिलै घरमै पनि पानीपुरी तयार पार्न सकिन्छ ।



**अजय पानीपुरी**



सात महिनाअघि पुतलीसडकमा खोलिएको अजय पानीपुरी लोकप्रिय हुँदै गएको छ । अजय पानीपुरीमा खाजा पनि खान पाइने भएकाले राम्रै भीड लाग्छ । ग्राहकहरू पानीपुरी खानकै लागि टाढाटाढाबाट यहाँ पुग्छन् ।

**प्रतिप्लेट :** ४० रुपैयाँ

**काठमाडौं मल**

काठमाडौं मलअगाडिको पानीपुरी पनि लोकप्रिय छ । सपिङ गर्न तथा घुम्न आउनेहरू यहाँको पानीपुरीको स्वाद चाखेर मात्र फर्कन्छन् ।

**प्रतिप्लेट :** ४० रुपैयाँभन्दा माथि

**मालिका रेस्टो छेउ, शंखमूल**

शंखमूलस्थित मालिका रेस्टोछेउ पनि पानीपुरीका लागि लोकप्रिय छ ।

**प्रतिप्लेट :** २५ रुपैयाँ

**द हाइजेनिक पानीपुरी एन्ड फास्ट फुड इनटाउन, मंगलबजार**

गणेशमन्दिरसँगैको यो ठाउँ पनि पानीपुरीका लागि प्रख्यात छ । सञ्चालक श्यामकृष्ण कपालीका अनुसार यहाँ प्रत्येक दिन ६ सय प्लेट पानीपुरी बिक्री हुन्छ । यहाँको वातावरण पारिवारिक छ र खानेकुरा पनि हाइजेनिक छ । त्यसैले परिवार तथा जोडीहरू यहाँको पानीपुरीको स्वाद लिन आउँछन् ।

**सानो प्लेट :** ३० रुपैयाँ

**ठूलो प्लेट :** ९० रुपैयाँ

**अशोक दाइको पानीपुरी**

वीरगन्जका अशोक साहले सञ्चालनमा ल्याएको पानीपुरी पसल निकै चल्तीमा छ । यसअघि उनले सातदोबाटोमा पसल सञ्चालन गरेका थिए ।

**स्थान :** त्यागल, ललितपुर

**प्रतिप्लेट :** ४० रुपैयाँ

विकेन्ड लाइभ

# मोक्षमा मुम्बइको आरएनबी ब्यान्ड



आजको साँझ सांगीतिक वातावरणमा रमाउन चाहनुहुन्छ भने झम्सिखेलस्थित मोक्षमा लाइभ कार्यक्रम आयोजित हुँदैछ, जहाँ आरएनबी ब्यान्ड अल्टरनेटिभ सोल, मुम्बइका कलाकारहरूले प्रस्तुति दिनेछन् । नेपाली तथा हिन्दी गीत सुन्दै मीठा परिकारहरूका साथमा रमाउने यो अवसर किन गुमाउने ?

**समय :** साँझ ७ देखि १० बजेसम्म । **प्रवेश :** ३ सय रुपैयाँ, ५ सय रुपैयाँ (बियरसहित)

**आयोजक :** मोक्ष, काठमाडौं ज्याज कन्जरभेटरी

विकेन्ड हाइकिङ

# हङकङमा एभरेस्ट हाइकिङ




पर्सि आइतबार सगरमाथा दिवसको अवसर पारेर हङकङमा एभरेस्ट हाइकिङको आयोजना हुँदैछ । हङकङेली नेपालीहरूसँगै विभिन्न देशका वाणिज्यदूत तथा स्थानीय सरकारका प्रतिनिधिहरूसमेत उक्त हाइकिङमा सहभागी हुनेछन् । विश्वको सर्वोच्च शिखर सगरमाथा तथा नेपालका प्राकृतिक सम्पदाहरूको परिचयका लागि पनि यो हाइकिङको आयोजना गरिएको बताइएको छ ।

**आयोजक :** हङकङस्थित महावाणिज्य दूतावास तथा एनआरएनए हङकङ

**रुट :** हङकङ अब्जरवेसन ह्विल-सेन्ट्रल पिक

**प्रवेश शुल्क :** २ हजार ८ सय रुपैयाँ

विकेन्ड परिकार

# श्रीलंकन फुड फेस्टिभल



तपाईं नयाँ-नयाँ स्वादको पारखी हुनुहुन्छ र रेस्टुराँ चहारिरहनुहुन्छ ? त्यसो हो भने आजदेखि ९ दिनसम्म श्रीलंकन राजदूतावासले होटेल याक एण्ड यतिसँग सहकार्य गरेर फुड फेस्टिभलको आयोजना गर्दैछ । जहाँ श्रीलंकाका परम्परागत परिकारहरू चाख्न सकिनेछ । खासगरी मसालेदार समुद्री माछाहरूको परिकारका लागि श्रीलंका धनी मानिन्छ ।

**स्थान :** होटेल याक एण्ड यति, दरबारमार्ग

**प्रवेश शुल्क :** २ हजार ५ सय रुपैयाँ

**आयोजक :** श्रीलंकन राजदुताबास

## चलचित्र

# कोसेली





**निर्देशक :** मनोज खत्री **कलाकार :** मनोज खत्री, दिनेश शर्मा, जेएन घिमिरे, रचना लामा, तेजा ऐर आदि । **संगीत :** विकास चौधरी

निर्माण सम्पन्न भएको झन्डै एक वर्षपछि चलचित्र कोसेली आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । प्रेम, द्वन्द्व, विछोड आदि विषय समेटिएको यो चलचत्रिको प्राविधिक काम सम्पन्न गर्न समय लागेकाले प्रदर्शनमा ढिलाइ भएको निर्माण टिमले बताएको छ । अभिषेक पौडेलको सम्पादनमा तयार चलचित्र कोसेलीलाई रवि कोइराला तथा जीवन पराजुलीले खिचेका हुन् । कोसेलीले युवापुस्ताको प्रेम र बिछोडपछिको पीडालाई उठाएको प्रोडक्सन डिजाइनर कृष्ण कोइरालाले वताए । चलचित्रका अधिकांश कलाकार नयाँ छन् । प्रोडक्सन डिजाइनर कोइरालाका अनुसार चलचित्रको छायांकन काठमाडौंभित्रै गरिएको छ । कोसेलीले २०७२ सालमा गएको भूकम्पको प्रसंगसमेत छोएको बताएको छ । यो चलचित्र निर्माणमा ४० लाखजति खर्च गरिएको छ ।

# सुनकेशरी

**निर्देशक :** अर्पण थापा **कलाकार :** ऋचा शर्मा, सन्नी ढकाल, रवीन्द्र झा आदि **संगीत :** कालीप्रसाद बाँस्कोटा तथा विजय अधिकारी




आज शुक्रबारदेखी देशव्यापी प्रदर्शनमा आउने चलचित्र सुनकेशरीको अधिकांश दृश्य अस्ट्रेलियामा खिचिएको हो । यसअघि सार्वजनिक ट्रेलर तथा पोस्टरअनुसार यो चलचित्र निकै डरलाग्दो छ । चलचित्रकी निर्मात्री ऋचा शर्माले चलचित्र सुनकेसरी अस्ट्रेलियास्थित सिड्नीको एउटा पुरानो दरबारमा बस्ने भूतको कथामा केन्द्रित छ । सुनकेशरी अस्ट्रेलियामा बस्दै आएका भीम न्यौपाने तथा अभिनेत्री ऋचा शर्माको संयुक्त लगानीमा निर्माण भएको हो । निर्देशक अर्पण थापाका अनुसार यो चलचित्रबाट दर्शकले एउटा नयाँ खालको स्वाद प्राप्त गर्नेछन् । अभिनेत्री ऋचाले चलचित्रका बारेमा सबै जानकारी दिन नमिल्ने बताए पनि उनको संकेत छ, सुनकेशरीले एउटा महत्वपुर्ण कथा बोकेको छ । ८० मिनेट लामो यो चलचित्रमा कलाकार रवीन्द्र झाको अभिनय हेर्न लायक रहेको अभिनेत्री शर्माले बताइन् ।

यो चलचित्रमा ऋचा शर्मा, लाउरेन लफवर्व, सुनिल पराजुली, प्रेरणा थापा, भिम न्यौपाने, तामन्ना शर्मा, सावित्रा आचार्य, एमी पराजुली, कृष्ण तिवारी, धर्म राज अधिकारी आदि कलाकारले समेत अभिनय गरेका छन् ।

## सानो पर्दा

# रेडियोमा यात्रा जीवनको



रेडियो कान्तिपुरले जेठको पहिलो सातादेखि नयाँ कार्यक्रम 'एभरेस्ट बैंक यात्रा जीवनको' को प्रसारण प्रारम्भ गरेको छ । जेठ ४ गतेदेखि प्रत्येक बिहीबार दिउँसो ३ बजेदेखि ४ बजेसम्म प्रसारण हुने यो कार्यक्रम युवा तथा गीत, संगीत र नाटक मन पराउने आम श्रोताहरूप्रति लक्षित छ । २६ हप्तासम्म प्रसारण हुने यो कार्यक्रमको मुख्य उद्देश्य मनोरञ्जन नै रहेको रेडियो कान्तिपुरका स्टेसन म्यानेजर दिनेश डिसी बताउँछन् । डिसीका अनुसार यो श्रोताहरूले पठाएका कथामा गीत तथा गीतमा कथा राखेर चलचित्रका म्युजिकल ड्रामेटिक इफेक्टहरू राखेर तयार पारिएको रमाइलो रेडियो कार्यक्रम हो । अम्बिका प्रधान, शुभ तथा दिनेश डिसीले यो कार्यक्रम प्रस्तुत गरिरहेका छन् । कथा छनौटमा परेका २० सहभागीहरूले उपहारसमेत प्राप्त गर्नेछन् ।

## ग्यालरी



# पृथ्वीको एकल चित्रकला प्रदर्शनी

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा पृथ्वी श्रेष्ठको एकल चित्रकला प्रदर्शनी भैरहेको छ । हिजो बिहीबार प्रारम्भ भएको उक्त प्रदर्शनी एक महिनासम्म चल्नेछ । प्रदर्शनीमा १५ वटा चित्र राखिएका छन् । श्रेष्ठको यो पाँचौ एकल चित्रकला प्रदर्शनी हो । उक्त प्रदर्शनीको उद्घाटन चीनका वरिष्ठ कलाकार जाहो जिन्क्वीले गरेका थिए । असार ६ गतेसम्म चल्ने यो प्रदर्शनी बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछ भने शनिबार १२ बजे प्रारम्भ हुनेछ ।

## रंगमञ्च




# शिल्पीमा कोरा

बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा नाटक कोरा मञ्चन हुने भएको छ । तिब्बतीयन कवि तेन्जिङ सुन्दुको कोरा संग्रहको चारवटा कवितालाई चे शंकर रिजालले अनुवाद गरेर नाटकको रूप दिएका हुन् । उक्त कवितालाई लुनिभा तुलाधरले आँसु रचना गरेर निर्देशन गरेकी छिन् । जेठ १७ देखि ३१ गतेसम्म मञ्चन हुने उक्त नाटकमा तारानाथ च्वाइँ, सन्दिप श्रेष्ठ, विकास शर्मा, धिरेन लिम्बु, सुरज तमु, सुरज केसी, निर्मल साउद आदि कलाकारले अभिनय गर्नेछन् । ५० मिनेट लामो नाटक कोरा मंगलबारबाहेक हरेक दिन साँझ साढे ५ बजे मञ्चन हुनेछ भने शनिबार अतिरिक्त शो हुनेछ ।

# राजाको नयाँ लुगा

परिवर्तन थिएटर झापाले जेठ ४-६ मा डेनिस लेखक हेन्स क्रिस्चन एन्डरसनको प्रसिद्ध कथा 'इम्पेरियर्स न्यू क्लोथ' को नेपाली नाट्य रूपान्तरण राजाको नयाँ लुगा नाटक मञ्चन गऱ्यो । नाटकको परिकल्पनाकार तथा निर्देशक सागर खाती हुन् । नयाँ लुगाप्रति राजाको अनौठो सौख (स्वभाव) लाई उक्त नाटकमा रोचक ढंगबाट प्रस्तुत गरिएको छ ।





सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक

# प्रकृति श्रेष्ठ





Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
लोकेसन : फन पार्क, भृकुटीमण्डप
मेकअप : सुजिना खड्गी, टुलिप सलुन, पिपुल्स प्लाजा



# मनोजको मेहनत

व्यंग्यकार मनोज गजुरेल आफ्नो प्रस्तुति दिँदै पोखरा सिर्जनाचोकस्थित हवाइट हाउस पार्टी प्यालेसको स्टेज उक्लिए । ब्यानरमा लेखिएको थियो उठौं- सुशासन र सदाचारका लागि हास्यव्यंग्य कार्यक्रम । स्टेजमा उनले केही समय भ्रष्टाचारका कुरा, केही समय सामाजिक सञ्जालमार्फत देखिएका विकृति र केही समय आफ्नै कुरा गर्दै दर्शकहरूलाई हँसाए । मनोज दर्शकलाई घरी हँसाउँथे त घरी गम्भीर बनाउँथे । उनले विगतमा राख्दै आएको प्रस्तुति र उक्त प्रस्तुतिमा खासै फरक थिएन । फरकचाहिँ के थियो भने ती दृश्यहरू ठूलो क्यामेरामा कैद भैरहेका थिए । किनभने यो गजुरेलले डेब्यु गरेको चलचित्र सय कडा दशको छायांकन थियो । अब त्यहाँ देखिएका दृश्य चलचित्रको पर्दामा हेर्न पाइनेछ । कार्यक्रम हेर्न पुगेका कतिपय दर्शकले त त्यो चलचित्रको छायांकन थियो भन्ने पत्तोसमेत पाएनन् । आफ्नो भूमिकालाई प्रभावकारी बनाउन मनोज निकै मेहनत गरिरहेका छन् । आफ्नो पृथक् परिचय बनाइसकेका गजुरेललाई चलचित्रको पर्दा अवसरसँगै चुनौतीका रूपमा समेत देखिएको छ । रामशरण पाठकद्वारा निर्देशित यो चलचित्रको ८० प्रतिशत छायांकन सम्पन्न भैसकेको बताइन्छ ।





# करिश्माको आक्रोश

अभिनेत्री करिश्मा मानन्धरसँग सम्बन्धित रमाइला गसिपहरू बेला-बेलामा सार्वजनिक भैरहन्छन् । अनलाइनमा त उनका छोटा पहिरनको फोटो फिचर नै प्रकाशित भैरहेका छन् । करिश्माको बढ्दो उमेर तथा घट्दो पहिरनको आकारका बारेमा गसिप बनाइन थाले पछि भने करिश्माको पारा गरम भयो । सञ्चारकर्मीहरूप्रति आक्रोसित हुँदै करिश्माले फेसबुकमा एउटा तस्विरसहित लामै स्टाटस लेखिन् । त्यसक्रममा उनले एक्काइसौं शताब्दिमा एउटा नागरिकले आफूले चाहेको खान, लगाउन तथा बोल्न किन नपाउने ? भन्ने जिज्ञासा राखेकी छिन् । 'मैले लगाएको पहिरन गलत भयो होला, त्यसका बारेमा टिप्पणी गर्नुस्, करिश्माले लेखेकी छिन्-'तर मेरो बोल्ने शैली, उमेर, मेरा रहर, मैले पूरा गर्न खोजेका इच्छा, हरेक कुरालाई हाँसोको विषय बनाएर करिश्माको जात्रा भनेर वा लेखेर के पाउनु हुन्छ ?' आक्रोश पूर्ण शैलीमा करिश्मा भन्छिन्-'मेरो पहिरनको बहाना बनाएर मेरो नीजि स्वतन्त्रतामाथि हमला गर्ने र सम्पूर्ण नारी जातिमाथि हुने पित पत्रकारिताको सम्मान स्वरुप यो एउटा अर्को पहिरन लगाएँ ।')

तस्विर : रमाइलोछडटकम



# सुष्माको लाइभ

कुनै बेला यस्तो पनि थियो, अभिनेत्री सुष्मा कार्कीको आइटम नृत्य हेर्न सांस्कृतिक कार्यक्रमहरूमा अचाक्ली भीड लाग्थ्यो । चलचित्रको अफर धमाधम आउँथ्यो भने स्कृप्ट पढ्न भ्याइ-नभ्याइ हुन्थ्यो । सुष्मा पनि रोजेर मात्र चलचित्रमा काम गर्थिन् । उधेक्को चोली छ है त्यै पनि लाइन्छ गीतमा गरेको नृत्यले सुष्माको क्रेज एकाएक बढाएको थियो । उक्त गीतले उनलाई देश-विदेशका सांस्कृतिक कार्यक्रमसम्म पुर्‍यायो । समय सधैं आफ्नो काबुमा कहाँ हुने रहेछ र ? सुष्मालाई आजभोलि न चलचित्रको प्रस्ताव आउँछ, न फोटोसुटको । न त अन्तर्वार्ताका लागि मिडियाले नै खोज्छ । अनि काम के भो त ? घरमा बस्ने अनि फेसबुक लाइभमा आएर दिन बिताउने । सामाजिक सन्जाल के कसरी चलाउने भन्ने कुरा सुष्मालाई पक्कै थाहा छ । यद्यपि उनी आजभोलि आफू सुत्ने बिस्तरामा बसेर विभिन्न पोजमा लाइभ गर्छिन्, जसको कतिपयले आलोचनासमेत गरेका छन् । यद्यपि सुष्माको लाइभमा रमाउनेहरू पनि उत्तिकै छन्, तर धेरैले के भन्छन् भने- सुष्माले नितान्त व्यक्तिगत कुरा सामाजिक सञ्जालमा सेयर नगरेकै राम्रो !




तस्बिर : रातो खुर्सानी

# प्रदीपको रूप

अभिनेता प्रदीप कार्की यतिबेला नेपाली चलचित्रको हट केक भएका छन् । प्रायः लभर ब्वाइको भूमिकामा प्रस्तुत हुने प्रदीपले चलचित्र प्रेमगीतका दुई श्रृंखला तथा लिलिबिलीमार्फत दर्शकको मन जितिसकेका छन् । उनले अभिनय गरेका हरेक चलचित्र व्यवसायिक रुपमा सफल हुन थालेपछि ठूला ब्यानरले समेत उनको समय पर्खन थालेका छन् । गोपीकृष्ण मुभिजले समेत उनलाई आफ्नो चलचित्रमा आबद्ध गरेको छ । छायांकनका क्रममा रहेको निरक पौडेलद्वारा निर्देशित चलचित्र 'रोजी' प्रदीपको पछिल्लो चलचित्र हो । रमाइलो कुरा के छ भने यो चलचित्रमा उनलाई एउटा पृथक गेटअपमा देख्न सकिन्छ । आफ्नी प्रेमिकाको हत्याराको भूमिका निर्वाह गरिरहेका प्रदीप लामो केश अनि झ्याप्प दारी पालेको कैदीका रूपमा प्रस्तुत भएका छन् । चकलेटी अनुहारका प्रदीप यो नयाँ गेटअपमा निकै फरक देखिएका छन् । यद्यपि प्रदीपलाई यो फरक गेटअपमा दर्शकले चाहिँ कत्तिको रुचाउने हुन्, हेर्न बाँकी नै छ ।





# ढुक्क भइन् वर्षा

अभिनेत्री वर्षा राउत तथा अभिनेता संजोग कोइराला रियल लाइफ कपल हुन् भन्ने सबैलाई थाहा छ । लामो समयदेखि रिलेसनसिपमा रहेको यो जोडीले कुन दिन वैवाहिक जीवनमा बाँधिएर सरप्राइज दिने हो, थाहा छैन । यद्यपि यो जोडी बेला-बेलामा सामाजिक सञ्जालमा विभिन्न शैलीमा प्रस्तुत भैरहन्छ । फेसबुकमा यतिबेला टेस्टोनी अर्थात् भविष्यका बारेमा गरिएको जिज्ञासाको जवाफ पाएर दंग पर्ने ट्रेन्ड नै छ । वर्षा पनि के कम ? एउटा टेस्टोनीका लागि वर्षाले 'तिम्रो जीवनको अन्त्यसम्म तिम्रो प्रेमि को हुनेछ ?' भन्ने जिज्ञासा राखिछन् । टेस्टोनीले वर्षासँग उनकै प्रेमि संजोग कोइरालाको तस्बिर देखाइदिएछ । वर्षाले खुसी हुँदै उक्त लिंक फेसबुकमा सेयर गरिन् । वर्षाको उक्त पोस्ट देखेपछि संजोगले पनि आफूलाई रोक्न सकेनन्, अनि कमेन्ट गरिहाले- 'बुझ्दो रैछ फेसबुकले नि कुरो । मार्क भाइलाई अस्ति भेट्दा इम्प्रुभ गर भनेको, गरेछन् ।'

# सयभन्दा बढी

कसैको नक्कल गर्न पनि अक्कल चाहिन्छ । नक्कल अर्थात क्यारिकेचर गर्नु सबैभन्दा मनपराइने कलामध्ये एक हो । यस्तो खुबी हत्तपत्त कसैसँग हुँदैन । नेपालका क्यारिकेचर कलाकारहरूमा धेरैभन्दा धेरै १० जनासम्मको क्यारिकेचर गर्ने खुबी पाइन्छ । अहिले युट्युबमा चर्चा कमाइरहेका क्यारिकेचर कलाकार दिनेश काफ्लेले त्यसमा सबैलाई उछिनेका छन् । उनी एकसाथ सयभन्दा बढी नेपाली कलाकार, नेता आदिको आवाजको नक्कल गर्न सक्छन् । यही खुबीका कारण उनको माग बढ्दो छ । नक्कल पनि दुरुस्तै गर्नसक्ने भएकाले उनको माग बढेको हो । युट्युबमा उनको क्यारिकेचर हेरेर उनका प्रशंसक पनि बढेका छन् । रेडियो अडियोका आरजे दिनेश भन्छन्-'आवाज केही फरक खालको छ भने केही समयको अभ्यासपछि सकेसम्म उस्तै निकाल्ने प्रयास गर्दै आएको छु ।'

**व्यक्ति एक टिप्पणी अनेक**

# अभिनयकै लागि जन्मिएको एउटा कलाकार

रंगमञ्चबाट रजतपटमा आएका प्रतिभाशाली अभिनेता हुन्- विपिन कार्की । बाहुनी, मोरङमा जन्मिएका यी अभिनेताले संख्यात्मक रूपमा धेरै चलचित्रमा अभिनय नगरे पनि जतिमा अभिनय गरेका छन्, ती सबैमा पृथक भूमिका निर्वाह गरेर दर्शकको मनमा बस्न सफल भएका छन् । चलचित्र छड्केबाट प्रारम्भ भएको विपिनको चलचित्र यात्रा पशुपतिप्रसाद, जात्रा, नाका, लुट-२, लालपुर्जा हुँदै अघि बढेको छ । सकारात्मक तथा नकारात्मक दुवै शैलीका भूमिका उत्तिकै सहजताका साथ निर्वाह गरिरहेका विपिन यतिबेला नयाँ चलचित्र 'हरि' को प्रदर्शनको पर्खाइमा छ ।

**विशाल भण्डारी, निर्देशक**

नेपाली चलचित्रमा आफूलाई कसैले भर्सटायल प्रमाणित गरेका छन् भने ती विपिन कार्की नै हुन् । उनका हरेक चलचित्र हेर्दा विपिन कार्की स्वयं त्यो चरित्रमा ढलेका हुन्छन् । नेपालमा हाल यस्ता कलाकार कमै छन्, जसले पात्र र चरित्रलाई यति बुझेर काम गर्छन् । यसर्थ विपिन अहिलेको पुस्ताका उत्कृष्ट कलाकार हुन् ।

**आलोकश्री, संगीतकार**

अभिनेता विपिन कार्कीमा चलचित्रको कथामा बग्न सक्ने क्षमता छ, जुन जीवन्त हुन्छ । कार्की चरित्रलाई जीवन्तता प्रदान गर्न सक्ने कलाकार हुन् । उनलाई 'व्यक्ति एक चरित्र फरक' उपाधि प्रदान गर्दा केही फरक पर्दैन ।

**हिमानी सुब्बा, कोरियोग्राफर/अभिनेत्री**

सबै प्रकारका भूमिकामा खरो उत्रँदै कथाको पात्रलाई जीवन्तता दिन सक्ने कुशल अभिनेता हुन्- विपिन कार्की ।

**कुमार आचार्य, सञ्चारकर्मी**

विपिन कार्की चलचित्रमा सानोतिनो भूमिका निर्वाह गर्दै अघि बढेका कलाकार हुन् । उनलाई चलचित्र छड्केमा निर्वाह गरेको बिन्दुको पात्रले स्थापित गरेको हो । चलचित्र पशुपति प्रसादमा भष्मे डन बनेपछि उनले पछाडि फर्केर हेर्नु परेको छैन । चलचित्र जात्राबाट उनको चर्चा अझ चुलियो । अहिले उनको चर्चा महँगो अभिनेताका रूपमा समेत हुन्छ । मलाई लाग्छ विपिन कार्की अभिनयमा पोख्त कलाकार हुन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र हरिमा विपिन चार भिन्न चरित्रमा प्रस्तुत हुँदैछन् । यो चलचित्रको प्रदर्शनसँगै विपिन अझ बढी लोकप्रिय हुने अनुमान गर्न सकिन्छ ।

**वर्षा राउत, अभिनेत्री**

दर्शकहरूले विपिनसँग मेरो चलचित्रको जोडी असाध्यै रुचाउनु भएको छ । मैले उहाँसंग चलचित्र जात्रामा अभिनय गरेकी थिएँ । श्रीमान्-श्रीमतीका रूपमा हाम्रो जोडीलाई दर्शकले निकै मन पराउनुभयो । हामीले जात्राकै गेटअपमा विभिन्न टेलिभिजन विज्ञापनमा समेत सहकार्य गर्ने मौका पाएका छौं । मैले उहाँलाई अभिनय गर्नकै लागि जन्मिएको कलाकारका रूपमा चिनेकी छु ।

प्रस्तुति : कृष्ण भट्टराई



● विपिन कार्की, अभिनेता



# भुवन-जिया ओपन सेक्रेट

'भुवन र जियाको मित्रता गाँसिएको लामै समय भैसकेको छ । फेसबुकमा जिया र भुवनका टन्नै तस्बिर सेयर भैसकेका छन् । उनीहरु देशविदेश सँगै घुमेका छन् । विभिन्न सार्वजनिक कार्यक्रममा सँगै पुगेका छन् । मिडियाले उनीहरुका बारेमा प्रशस्त समाचार तथा गसिप सार्वजनिक गरिरहेका छन् ।'





रामजी ज्ञवाली

अभिनेता भुवन केसी र जिया केसी लिभिङ टुगेदरमा छन् भन्ने हल्ला अब नौलो रहेन । केही वर्षदेखि यो चर्चित लभ बर्ड भुवनको पुरानो बानेश्वरस्थित घरमा बस्दै आएको बताइन्छ । यद्यपि लिभिङ टुगेदर र प्रेमसम्बन्धका बारेमा न भुवन केही बोल्छन्, न जिया नै मुख खोल्छिन् । गुपचुप रूपमा डेटिङमा रमाइरहेको यो जोडीको सम्बन्ध नेपाली फिल्मी बजारमा छताछुल्ल फैलिएको छ । साथी मात्र हौं भन्दै पन्छिने जिया र भुवनले देश-विदेशको भ्रमण सँगै गरे पनि किन आफ्नो सम्बन्धलाई साथीको नाम मात्र दिइरहेका छन्, त्यो उनीहरूलाई मात्र थाहा छ ।

### डेटिङमा मस्त

भुवन र जियाले आफूहरूबीचको सम्बन्ध लुकाउन हदैसम्मको प्रयास गरें, तर त्यो सधैं सम्भव हुने कुरा थिएन । चलचित्र 'कृ' को एउटा गीतको छायांकनका लागि स्कटल्यान्ड जाँदा भुवनले जियालाई पनि सगैं लगेका थिए । एयरपोर्टमा जियालाई केही समय लुकाउन खोजे पनि मिडियाले देखेपछि भुवनले बाध्य भएर जियालाई आफूतिर ल्याएर सँगै तस्बिर खिचाए । केही समयअघि फान एवार्डमा जिया र भुवन एकसाथ देखिए । यसअघि चलचित्र ड्रिम्सको छायांकनका बेला जिया पोखरा पुगेकी थिइन् । भुवन हालसालै जियालाई लिएर चलचित्र क्याप्टेनको लोकेसन खोज्न सिक्किम पुगेर फर्किएका छन् । पछिल्ला घटनाक्रमहरूबाट भुवन र जियाको सम्बन्ध कति नजिक छ, अनुमान लगाउन गाह्रो पर्दैन । मित्रता गाँसिएसँगै भुवन र जिया नेपालका धेरै ठाउँ पुगेका छन् । यद्यपि जहाँ पुगे पनि यो जोडीले सँगै तस्बिर खिचाएर फेसबुकमा राखे पनि प्रेम सम्बन्धमा परेको कुरा भने सार्वजनिक गरेका छैनन् । जियाले भुवन र अनमोलसँगका आफ्ना तस्बिर सेयर गरिरहेकी छिन् भने भुवन पनि बेलामौकामा जियासँगका तस्बिर सेयर गरिरहेका हुन्छन् । जियाले भुवन र अनमोलसम्बन्धी समाचारहरू निरन्तर सेयर गरेर परिवारकै सदस्य हुँ भन्ने झझल्को दिइरहेकी छिन् सामाजिक सञ्जालमा पनि । जिया र भुवन कैयौं पटक सँगै चलचित्र हेर्न पुगेका छन् । यो जोडीसँगै काठमाडौंका विभिन्न गजल रेस्टुराँदेखि लिएर अन्य समारोहसम्म पुगेको पाइन्छ ।

### जियाको बढ्दो भूमिका


जिया भुवनको परिवारलाई आफ्नो हातमा लिन खोजिरहेकी छिन् । उनले भुवनपुत्र अनमोल केसीका लागि अभिनेत्री छनौट गर्नेदेखि मिडियासँग सम्बन्ध बनाउने कुरामा समेत भूमिका निर्वाह गर्दै आएको पाइन्छ । धेरैलाई थाहा नहुन सक्छ, चलचित्र 'ड्रिम्स' की अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई जियाले नै रोजेकी थिइन् । अनमोल अहिले चलचित्र 'क्याप्टेन' मा व्यस्त छन् । यो चलचित्रका लागि दुई जना नव-अभिनेत्री फाइनल गरिएको छ, जसमा उपासनासिंह ठकुरी तथा प्रियंका एमभी छन् । यी दुवै अभिनेत्री पनि जियाले नै खोजेकी हुन् । उनले इन्स्टाग्राममा तस्बिर देखेपछि आफैंले उपासना र प्रियंकासँग कुराकानी गरेकी थिइन् । उपासनाले केही समयअघि कुरा गर्दै भनेकी थिइन्, 'मलाई चलचित्र खेल्छु भन्ने लागेको थिएन, तर जिया दिदीले मेरो तस्बिर इन्स्टामा देखेपछि बोलाउनुभयो । उहाँले चलचित्रमा काम गर्न प्रोत्साहित गर्नुभयो र म तयार भएँ ।' अर्की अभिनेत्री प्रियंकाको खोजी पनि जियाले नै गरेकी हुन् । जियासँग

बाँकी पृष्ठ २१ मा


## यसो भन्छन् भुवन

यसअघि मिडियामा धेरै कुरा भनिसकेकाले म यो विषयमा धेरै बोल्न चाहन्नँ । म के सम्म भन्छु भने हामीले विवाह गर्ने-नगर्ने विषयमा केही सोचेका छैनौं । सोच्दै नसोचेको विषयमा केही भन्न मिलेन । भविष्यको कुरा त्यति नै बेला थाहा होला । जिया निकै असल साथी हुन्, मेरी राम्रो साथी हुन्, शुभचिन्तक हुन् । उनको बोली-व्यवहारदेखि लिएर सबै कुरा राम्रो छ । सहयोगी भावना छ । नेगेटिभ पक्ष कहीं-कतै देख्दिनँ । उनको जति प्रशंसा गरे पनि कम नै हुन्छ ।

## के चाहन्छिन् सुस्मिता ?



भुवन केसीसँग डिभोर्स भैसकेपछि सुस्मिता बमजन अहिले एक्लो जीवन बिताइरहेकी छिन् । एक्लो जीवन बिताइरहे पनि सुस्मिताले भुवन, अनमोल तथा जियाका बारेमा बोल्न भने छाडेकी छैनन् । उनी भुवन केसीको निकै चर्को आलोचना गर्छिन् भने जियाका सम्बन्धमा पनि टीका-टिप्पणी गरिरहेकी हुन्छिन् । सुस्मिताले फेसबुकमा राख्ने स्टाटस मिडियाका लागि मसला भैरहेका छन् । यता भुवन सुस्मिताका बारेमा कुरा गर्न चाहँदैनन् । सदावहार नायक केसी भन्छन्, 'उहाँका बारेमा कुरै नगरेको राम्रो । खै किन नचाहिने कुरा गरिरहनुभएको छ, थाहा छैन । बरु खुरु-खुरु आफ्नो काममा लागे हुन्थ्यो नि !'





पृष्ठ २० बाट

कुरा भएपछि प्रियंका यो टिमसँग जोडिएकी थिइन् । यो मामिलामा जियाको रोजाइलाई नै भुवन र अनमोलले सदर गरेका हुन् ।

## स्वीकार गर्न किन गाह्रो ?

भुवन र जियाको मित्रता गाँसिएको लामै समय भैसकेको छ । फेसबुकमा जिया र भुवनका टन्नै तस्बिर सेयर भैसकेका छन् । उनीहरू देशविदेश सँगै घुमेका छन् । विभिन्न सार्वजनिक कार्यक्रममा सँगै पुगेका छन् । मिडियाले उनीहरूका बारेमा प्रशस्त समाचार तथा गसिप सार्वजनिक गरिरहेका छन् । अनलाइन, युट्युब तथा पत्रपत्रिकामा उनीहरूको सम्बन्धलाई लिएर अनेकन् खबर छापिएका छन्, तर उनीहरू आफैंले भने ती समाचारमा कुनै ध्यान दिएका छैनन् ।

## अनौठो प्रेमकथा

उमेरले ६० वर्ष पुग्न लागिसकेका भुवन केसी अझै पनि उत्तिकै आकर्षक देखिन्छन् । कहिल्यै जिम र व्यायाम नगर्ने भुवन उत्तिकै ह्यान्डसम पनि छन् । केसी चलचित्रका सर्वाधिक सफल कलाकारसमेत हुन् । उनी अभिनयमा पनि सफल छन् । उनले निर्माण गरेका अधिकांश चलचित्र सुपर हिट भएका छन् । यद्यपि भुवन पारिवारिक हिसाबले भने असफल मानिन्छन् । अनमोल, विवेक र काजलका बुबा भुवनले जियालाई पारिवारिक रूपमा एकदमै नजिक बनाइसकेका छन् । दुई पटक श्रीमतीलाई रिझाउन नसकेका भुवनले अहिले जियालाई भने विवाह नै नगरी श्रीमतीजस्तै बनाएर मात्र किन राखेका होलान् ? भन्ने प्रश्नको रहस्य अहिलेसम्म रहस्यमै छ । भुवनको दाम्पत्य जीवनलाई फर्किएर हेर्दा मागि विवाह टिकेन, भागी विवाह पनि टिकेन । दुवै विवाह टुट्नुमा भुवनकै हात छ भन्ने आरोप पनि नलागेको होइन । भुवनकी पहिलो श्रीमती थिइन् विजया मल्ल । उनीसँग भुवनले मागी विवाह गरेका हुन । छोरी काजल र विवेकको जन्मपछि भुवन र विजयाबीचको सम्बन्धमा फाटो आएको हो । विजया सम्बन्धविच्छेद गरी छोरा र छोरी लिएर अमेरिका गइन् । मागी विवाह नटिकेपछि भुवनले भागी बिहे गरे सुस्मिता बमजनसँग । विवाहपछि सुस्मिताले चलचित्रमा काम गरिन् । उनी पहिलो चलचित्रबाटै हिट भइन् । सुस्मिताले 'करोडपति' बाट डेब्यु गरेकी हुन् । भुवनसँगको विवाहपछि सुस्मिताले छोरा अनमोललाई जन्म दिइन् । सुस्मिताको व्यवसायिक जीवन राम्रो गतिमा अघि बढिरहेकै बेला भुवनसँग भने ठाकठुक पर्न थाल्यो । बिस्तारै उनीहरूको सम्बन्ध बिग्रँदै गयो । अन्ततः उनीहरू कानुनी रूपमै अलग भए । सुस्मिताको पछिल्लो चलचित्र पिंजडा ब्याक अगेन केही समयअघि मात्र प्रदर्शनमा आएको थियो । यो जोडीका एक मात्र सन्तान अनमोल केसी अहिलेका सबैभन्दा चर्चित अभिनेता हुन् । भुवनले दुईवटा विवाह नटिकेकै कारण तेस्रो विवाहप्रति अनिच्छा देखाएका हुन सक्छन् । त्यसैले उनी जियालाई एकदमै मिल्ने साथीमा सीमित राख्न चाहन्छन् ।

## भुवनका दुई सारथि

भुवन बिन्दास स्वभावका अभिनेता हुन । अनमोल चम्किएसँगै भुवन निकै खुसी छन् । केसी भन्छन्, 'अनमोल नेपालको पहिलो त्यस्तो सेलिब्रेटी हो, जसको जत्तिको स्टारडम अहिलेसम्म कसैले कमाउन सकेन ।' अनमोलको कामप्रति आफू निकै खुसी र सन्तुष्ट भएको उनी बताउँछन् । भुवनले अनमोललाई आफ्नो इसारामा चलाइरहेको आक्षेप पनि नलगाइने होइन, तर भुवन भन्छन्, 'अनमोल मेरो छोरा मात्र हो, बाहिरी दुनियाँका लागि ऊ कलाकार हो, उसलाई अभिभावकका हिसाबले सम्झाउने र सुझाव दिनेबाहेक म अरू कुनै हस्तक्षेप गर्दिनँ । उसको जीवनमा उसकै डिसिजन चल्छ ।' भुवनका अहिले दुई सारथि छन्– अनमोल र जिया । यी दुई पात्रले भुवनलाई परिवारमा कसैको अभाव महसुस हुन दिएका छैनन् ।

## के भन्छिन् जिया ?



जिया यो विषयमा केही बोल्न चाहन्नन्, तर जियाले यसअघि बोलेका धेरै कुरा युट्युबमा फेला पार्न सकिन्छ । उनका पुराना अन्तर्वार्ताहरूबाट पनि धेरै कुरा प्रस्ट हुन्छ । एक समाचारमा जनाइएअनुसार जिया भन्छिन्, 'उहाँ (भुवन केसी) मलाई अत्यन्तै मन पर्नुहुन्छ । उहाँ स्टार हो । उहाँको स्टाइल, गेटअपदेखि सबै कुरा राम्रो छ । मलाई उहाँ छोटो समयमै निकै मन पर्नुभएको हो । उहाँ मेरा बारेमा के सोच्नुहुन्छ थाहा छैन, तर म भने उहाँलाई एकदमै मन पराउँछु ।

## को हुन् जिया ?

दीपक श्रेष्ठले निर्माण गरेको चलचित्र 'हो यही माया हो' बाट रंगीन संसारमा प्रवेश गरेकी हुन्– जिया केसी । झापाबाट अभिनेत्री बन्न काठमाडौं आएकी जियाले उक्त चलचित्रपछि एटिएम, बर्बाद, वाचा, रिङरोड, रङ वे आदि चलचित्रमा अभिनय गरिन् । पछिल्लो समय भने उनी चलचित्र अभिनयबाट लगभग अलगजस्तै छिन् ।





## होला त विवाह ?

खुल्लमखुल्ला हिँडिरहेको यो जोडी औपचारिक रूपमा विवाह गरेर कहिले श्रीमान्-श्रीमतीको हैसियतमा पुग्ने हुन् भन्ने कुरा थाहा पाउन केही समय कुर्नैपर्छ । उनीहरूको सम्बन्धका जानकार निकटतम व्यक्तिहरू पनि दुई प्रकारका टिप्पणी गर्छन् । कतिपय जिया र भुवनको विवाह हुने सम्भावना प्रबल छ भन्छन् भने कतिले उनीहरू अहिले जुन हिसाबले सम्बन्ध अघि बढाइरहेका छन्, त्यसमै सीमित हुन्छन् पनि भन्छन् । उनीहरूको घरमा निरन्तर पुग्ने एक चलचित्रकर्मी भन्छन्, 'जिया र भुवनजीलाई मैले धेरै समयदेखि साथै देखिरहेको छु, विवाह नभए पनि उहाँहरूबीच राम्रो तालमेल भए सक्किगो नि !' कुनै बेला जियाले आफू 'भुवनसँग विवाह गर्न तयार रहेको' बताउँदा त्यसलाई ठट्टाका रूपमा लिइएको थियो । भुवनले पनि उक्त टिप्पणीमा जियाले फ्यानका हिसाबले भनिन् होला भन्दै जवाफ फर्काएका थिए । जियाले २०७२ सालको दसैंमा भुवन केसीको घरमै पुगेर सँगै टीका लगाउनुलाई निकै अर्थपूर्ण मानिएको थियो भने कतिपयले उनीहरूको विवाह भैसकेको आशंकासमेत गरेका थिए । जियाले केही वर्षअघि नै भुवनलाई मन पराउँछु भनिसकेकी थिइन् । जिया र भुवननिकटका अर्का चलचित्रकर्मी भन्छन्, 'बाहिर कस्तो हल्ला छ थाहा भएन, तर उहाँहरूको सम्बन्ध घनिष्ठ छ । यो सम्बन्ध लामो समयदेखि चलिरहेको छ । अब त्यो लिभिङ टुगेदर हो कि मित्रता मात्र ? त्योचाहिँ उहाँहरूलाई नै थाहा होला ।'

# फेसनमय एन्जल्स अन् द फ्लोर



होटल अन्नपूर्णमा १६ जना युवती फेसन परीका रूपमा देखा परे । उनीहरूले ७८ फिट लामो रनवेमा करिब साढे दुई घण्टा ओहोरदोहोर गरे । गायिका एवं डिजाइनर मनीषा पोखरेलद्वारा तयार पारिएको ककटेल वेयर तथा क्याजुयल शैलीका साडीहरूबाट प्रारम्भ भएको उक्त फेसन शोले एस आर कलेक्सन एन्ड बुटिककी सुरक्षा रेग्मीले तयार पारेका विभिन्न स्टाइल, डिजाइन तथा स्वरुपका गाउनहरूको प्रस्तुतिबाट बिट मारेको थियो । उक्त अवसरमा चलचित्र रणवीरका अभिनेता शुशिल सिटौला, अभिनेत्री शुभेच्छा खड्का तथा पिंजडा ब्याक अगेनकी अभिनेत्री सारा सिरपाइली पनि रनवेमा प्रस्तुत भए । आर एन्ड आर ग्रुपले आयोजना गरेको फेसन शोमा वच्चु जिन्सका सुनिल महर्जन तथा शुष्मा महर्जनले डेनिम जिन्समा तयार पारेका विभिन्न पहिरनसमेत प्रस्तुत गरिए । सबाह नेपालका लागि बिनी बज्राचार्य, रश्मि तण्डुकार, रिकेश कस्ती तथा अनिशा महर्जनले तयार पारेको ढाका मुख्य संयोजन रहेका ए लाइन एवं फिटेड पहिरन पनि उक्त फेसन शोको महत्वपूर्ण पाटो रह्यो ।

# मिस पिंकको उपाधि एन्जललाई



यौनिक तथा लैंगिक अल्पसंख्यक घृणाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर नीलहीरा समाजले आयोजना गरेको तेस्रोलिंगी महिलाहरूको क्षमता प्रदर्शन गर्ने प्रतियोगिता 'मिस पिंक-२०१८' को उपाधि एन्जल लामाले जितेकी छिन् । १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपाधि जित्न सफल एन्जलले उपाधिसहित नगद ५० हजार रुपैयाँ प्राप्त गरिन् । काभ्रे मंगलटारकी १९ वर्षीया लामाले आफू तेस्रोलिंगी भएको दुई वर्षअघि मात्र सार्वजनिक गरेकी थिइन् । प्रतियोगितामा कैलालीकी अनिषा धमला फस्ट रनर्सअप भइन् भने बुटवलकी अवान्तिका घर्तीमगरले सेकेन्ड रनर्सअपको उपाधि हात पारिन् । उक्त प्रतियोगितामा मनीषा लामा बेस्ट वाक, सपना राना बेस्ट ट्यालेन्ट, रुविना तामाङ मिस कन्जिनियालिटी, कागल बुढाथोकी बेस्ट ड्रेस तथा साहिरा लामा बेस्ट फोटोजेनिक घोषित भएका थिए ।



# सगरमाथाको फेदीमा डान्सपार्टी

सगरमाथा दिवसको अवसर पारेर सोलुखुम्बुको नाम्चेबजारमा डान्स पार्टीसहित बृहत् सांगीतिक कार्यक्रम हुने भएको छ । प्रत्येक मे २९ का दिन मनाइने एभरेस्ट डे अर्थात् सगरमाथा दिवसको अवसर पारेर मंगलबार पार्टी एभरेस्ट इन्टरनेसनल इन्टरटेन्मेन्टले नाम्चेबजारस्थित हिमालय आधारभूत विद्यालयको प्रांगणमा लोकप्रिय कलाकारहरूका साथमा लाइभ कन्सर्ट तथा डान्स पार्टी व्यवस्थापन गर्न लागेको हो ।

उक्त सांगीतिक कार्यक्रममा गायकहरू अभिनाश घिसिङ, प्रशान्त तामाङ, बद्री पंगेनी, प्रिया भण्डारीका साथमा डिजे तेन्जिङको प्रस्तुति रहनेछ । नाम्चे युथ ग्रुपले यहीख जेठ १५ गते मंगलबार सञ्चालन गर्ने उक्त कार्यक्रम साँझ ६ बजेपछि प्रारम्भ हुनेछ । 'पार्टी एट टप अफ द वर्ल्ड' उपशीर्षक राखिएको उक्त कन्सर्टसहितको कार्यक्रमको अघिल्लो चरणमा लोकप्रिय गायक-गायिकाहरूले आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्नेछन् भने दोस्रो चरणमा डिजे तेन्जिङले बजाउने लोकप्रिय संगीतको तालमा सहभागी दर्शकहरू डान्स फ्लोरमा रमाउनेछन् ।




# न्युयोर्कमा घन्कियो नेपाल

अमेरिकाको विशाल सहर न्युयोर्क । न्युयोर्कको पनि म्यानहयाटन गत आइतबार नेपाली बाजागाजासहितको झाँकी तथा वेशभूषाले घन्कियो । हरेक वर्ष हुँदै आएको नेपाल डे परेडमा प्रस्तुत नेपाली पहिरन तथा संस्कृतिले विश्व समुदायको ध्यान आकृष्ट गरायो । तेस्रो संस्करणको उक्त कार्यक्रममा न्युयोर्कसँगै आसपासका राज्यका नेपालीहरूसमेत सहभागी थिए । परेडका सहभागीहरूले हात-हातमा बोकेको नेपाली झन्डा हल्लाउँदै प्रदर्शन गरेका थिए । यसै गरी सवारी साधनमा समेत नेपालको परिचय दिने तुल, ब्यानर आदि टाँगिएका थिए । न्युयोर्कको मुख्य केन्द्र केही घण्टा उक्त सांस्कृतिक झाँकीकै कारण नेपालमय भएको थियो । केही विदेशी समेत परेडमा सहभागी थिए । परेडमा परीका रूपमा सजाइएका स-साना बालबालिका तथा युवादेखि वृद्धवृद्धासम्मका नेपालीले उत्साहजनक सहभागिता जनाउँदै नेपालको पहिचान प्रस्तुत गरेको आयोजकहरूले जनाएका छन् । न्युयोर्कको ३८ स्ट्रिट एभिन्युबाट प्रारम्भ भएको उक्त परेड ४२ स्ट्रिटमा पुगेर सम्पन्न भएको थियो ।

शिव शर्मा

# फेरि उठ्नेछ नेपाल



नेपाली रक संगीतका लोकप्रिय गायकहरू झापाको बिर्तामोडमा प्रस्तुत भए । उक्त अवसरमा 'फेरि उठ्नेछ नेपाल' अभियानअन्तर्गत 'प्रोजेक्ट वान ब्यान्ड' ले संगीतमार्फत एकताको सन्देश बाँड्यो । २०७२ वैशाख १२ को भूकम्पपछि 'फेरि उठ्नेछौं हामी' अभियान प्रारम्भ गरिएको हो । बिर्तामोड अघि बनेपा, धरान, बुटवल लगायतका स्थानमा कार्यक्रम सम्पन्न भैसकेको छ । जेठ १९ मा राजधानीको जावलाखेलमा कार्यक्रमको मैझारो गरिनेछ । प्रोजेक्ट वानमा मुक्ति एन्ड रिभाइवल, रविन एन्ड न्यू रिभोलुसन, द स्याडोज, अनुप्रस्थ, अभया सुब्बा आदि सहभागी छन् ।

पर्वत पोर्तेल

## संक्षेप

### मिस नेपाल यूएस टेक्ससमा

अमेरिकामा सन् २०११ देखि सञ्चालन हुँदै आएको मिस नेपाल यूएस (मिस नेपाल अमेरिका) यो वर्ष टेक्सासको डयालसमा हुने भएको छ । यो वर्षको मिस नेपाल अमेरिका अगस्ट १९ मा सम्पन्न हुनेछ । नेपाल-११ इन्टरटेन्मेन्टको नयाँ व्यवस्थापनअन्तर्गत सञ्चालन हुने यो प्रतियोगितामा नेपाली मूलका १८ देखि २५ वर्ष उमेरका युवतीहरूले सहभागिता जनाउँदै छन् ।

### मिस नेपाल नर्थ न्युयोर्कमा

अमेरिकाको न्युयोर्कमा मिस नेपाल नर्थ अमेरिकाको आयोजना हुने भएको छ । अगस्त ११ हुने उक्त प्रतिस्पर्धालाई उन्नत इन्टरनेसनल तथा ड्रिम्स युनिभर्सलले स्थानीय पीएनएम एवं लाइट्स आउट इन्टरटेन्मेन्टको सहकार्यमा सञ्चालन गर्नेछ । मिस नेपाल नर्थ अमेरिकामा सहभागी हुन १८ देखि २७ वर्षसम्मका अविवाहित, ५ फिट २ इन्च अग्ली हुनुपर्ने शर्त छ ।

### मिस सी क्विनमा १३ जना

पोखरामा आयोजित चौथो संस्करणको मिस सी क्विनमा १३ जना छानिएका छन् । एसईई दिएर बसेका किशोरीहरू सहभागी हुन सक्ने यो प्रतियोगिताका लागि १९ जनाले अडिसनमा भाग लिएका थिए । प्रतियोगीलाई ४० दिनको तालिमपश्चात् फाइनलमा उतार्न लागिएको द लुक्स फेसन होमका प्रबन्ध निर्देशक रवीन्द्र बज्राचार्यले बताए । यो प्रतियोगिताको फाइनल जेठ २६ गते रानीपौवामा हुनेछ ।

### मिस्टर एन्ड मिस सी गण्डकी

पोखरामा आयोजित मिस्टर एन्ड मिस सि गण्डकी-२०१८ का प्रतियोगीको ट्यालेन्ट राउण्ड सम्पन्न भएको छ । एस टी क्रिएसनले आयोजना गरेको प्रतियोगिताको प्रतिभा प्रदर्शन चरणमा १६ जना प्रतियोगीले आ-आफ्नो प्रतिभा देखाएका थिए । प्रतियोगिताको ग्रान्ड फिनाले जेठ १६ गते होटल पोखरा ग्राण्डमा हुनेछ । यो प्रतियोगितामा आठ जना युवा तथा आठ जना युवती सहभागी छन् ।

### मिस टिन पूर्वाञ्चलको छनौट

किशोरीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले १ नम्बर प्रदेशस्तरीय मिस टिनको छनौट प्रारम्भ भएको छ । बिर्तामोडबाट शनिबार आठ जना प्रतियोगी छनौट भएका छन् भने इलाम, दमक, इटहरी तथा गाईघाटको छनौटपछि यो प्रतियोगिताको फाइनल छनौट जेठ १२ गते हुनेछ । कार्यक्रम संयोजक राज सुब्बा लावतीका अनुसार छनौट भएका प्रतियोगीहरूको बन्द प्रशिक्षण जेठ १४ गते प्रारम्भ हुनेछ । यो प्रतियोगिताको आयोजना वीरता जेसिज तथा बिर्ता मिडिया एन्ड इन्टरटेन्मेन्टले संयुक्त रूपमा गरेका हुन् ।

विष्णु सुब्बा

पहिलो विश्व

## गाडी चलाउन पाउने भए



महिलालाई सवारी साधन चलाउन प्रतिबन्ध रहेको साउदी अरेबियाले जून २४ देखि प्रतिबन्ध फुकुवा गर्ने घोषणा गरेको छ । महिलाहरूलाई सवारी साधन चलाउन प्रतिबन्ध लगाइए पनि त्यहाँका धेरै महिलाले जेल, कोर्राजस्ता सजायप्रति बेवास्ता गर्दै गोप्य रूपमा सवारी साधन चलाउँदै आएका थिए । हालै राजकुमार मोहम्मद बिन सलमानले यो नियमलाई खुकुलो बनाएपछि महिलाहरूलाई सवारी साधन चलाउन सजिलो भएको छ । यो नियमको घोषणा भएपछि अहिले साउदी अरेबियामा थुप्रै ड्राइभिङ इन्स्टिच्युट सञ्चालनमा आएका छन् । विदेशमा प्रशिक्षण लिएका महिलाहरू प्रशिक्षक भएका यस्ता प्रशिक्षण केन्द्रबाट प्रशिक्षित १८ वर्षमाथिका महिलाले मात्र त्यहाँ सवारी साधन चलाउन पाउने बताइएको छ ।

## यस्तो पो शरीर परिवर्तन

सबैलाई आफ्नो शरीरको बनावट मन पर्छ भन्ने छैन । आफ्नो शरीरको प्राकृतिक बनावट मन नपराएका एक युवकले आफ्नो शरीरमा ४० पटक परिवर्तन ल्याउने प्रयास गरेका छन् । अस्ट्रेलियाका २१ वर्षीय इथान ब्राम्वेलले ११ वर्षको उमेरदेखि आफ्नो शरीरमा विभिन्न परिवर्तन गर्न थालेका हुन् । यसक्रममा उनले आँखाको नानीको वरिपरिको सेतो भागलाई कालो बनाए, नाकका विभिन्न भागमा प्वाल पारे, पेटको अघिल्लो भाग हटाए, जिब्रोलाई बीचबाट चिरे, ओठको माथिल्लो र तल्लो भागमा प्वाल पारे, कानका केही भाग काटेर फाले भने कानको लोतीको भाग चिरेर ठुलो प्वाल बनाए । अस्ट्रेलियाका युवाहरूमध्ये आफ्नो शरीरलाई सर्वाधिक परिवर्तन गर्ने व्यक्तिमा दरिएका इथानलाई अहिले इन्स्टाग्राममा धेरैले पछ्याउन थालेका छन् । इन्स्टाग्राममा आफ्ना ६५ हजार फलोअर्सलाई उनी मोडिफाई गरिएको आफ्नो शरीर देखाउँछन् ।





## लुगा लगाउन साहस चाहिने

सर्वत्र गर्मी बढ्दै गएको छ । गर्मीको मौका छोपेर धेरै फेसन डिजाइनरले नयाँ-नयाँ पहिरन डिजाइन गरिरहेका छन् । त्यस क्रममा यही गर्मीलाई मध्यनजर गर्दै डेनिमको सोर्ट बजारमा आएको छ । युवतीहरूलाई लक्षित यो सोर्ट लगाउन फेसन सेन्सभन्दा पनि आँट चाहिन्छ । फेसन नोभाले बजारमा ल्याएको यो सोर्टलाई लेसको मद्दतले लगाउनुपर्छ । पहिलो पटक बजारमा आएको यस्तो डिजाइनको सोर्टको अन्तर्राष्ट्रिय बजार मूल्य ३ हजार ३ सय रुपैयाँ छ ।

# बालबालिका रुवाउने पर्व







© REUTERS







जापानमा बालबालिकालाई बेस्सरी रुवाउँदा उनीहरूमा रहेको खराब आत्माको प्रभाव हट्छ भन्ने मान्यता छ । ४ सय वर्षदेखि चल्दै आएको यो मान्यताअनुसार अहिले पनि वार्षिक रूपमा टोकियोको एउटा मन्दिरमा बालबालिकालाई रुवाउने धार्मिक कार्यक्रम आयोजित हुन्छ । नाकिजुमो पर्वका रूपमा परिचित यो कार्यक्रममा १ वर्षभन्दा कम उमेरका शिशुलाई सहभागी गराइन्छ । सेन्सोजी मन्दिरमा हुने उक्त कार्यक्रममा बालबालिकालाई रुवाउन सुमो पहलमानहरूलाई खटाइन्छ । सुमो पहलमानहरूले शिशुलाई बोकेर हातमै उफार्छन् भने रेफ्रीले मुकुन्डो लगाएर उनीहरूलाई रुन बाध्य तुल्याउँछन् । यसरी रुदाँ शिशु जति चिच्याउँछ उत्ति नै उनीहरूमा रहेको खराब आत्माको प्रभाव हटेर जान्छ भन्ने विश्वास जापानीहरूमा छ ।



# शाही विवाहमा नेपाली जन्ती

नवीन पोखरेल, लन्डन

बेलायती राजकुमार ह्यारी तथा हलिउड अभिनेत्री मेगान मर्केलबीच गत सप्ताहन्तमा (१९ मे) धूमधामसँग विवाह भयो । उक्त शाही विवाहलाई विश्वभरका झन्डै १८ मिलियन दर्शकले टिभीमार्फत अवलोकन गरेको अनुमान छ । विवाह समारोहस्थल विन्सोर क्यासलमै सहभागी हुनेहरूको संख्या नागरिक समाजबाट २ हजार ६ सय ४० तथा च्यापलभित्रै जाने विशेष निम्तालु ६ सय थिए । सडक किनारमा लामबद्ध हुनेहरूको संख्या भने लाखौंमा थियो ।



विन्सोर क्यासलमा प्रत्यक्ष उपस्थित भएर शाही विवाह अवलोकन गर्न पाउने थोरै भाग्यमानी मध्ये भूपू गोर्खा अनिल गुरुङ तथा उनकी जीवनसंगिनी बबिना पनि थिए । बेलायती प्रधानमन्त्री टेरेजा मे, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, पूर्व राष्ट्रपति बाराक ओबामा जस्ता कयौं विश्व नेताहरूलाई नबोलाइएको उक्त विशेष समारोहमा दरबारले गुरुङ दम्पत्तिलाई भने सम्झिएको थियो ।

'राजखानदानको विवाहको प्रत्यक्ष साक्षी बन्न पाउँदा गर्व लागेको छ', अनिलले भने, 'रेड कार्पेटमा ह्यारी र मेगानलाई नजिकबाट अभिवादन गर्ने मौका पायौं । यो हाम्रा लागि ठूलो भाग्यको कुरा हो । घमाइलो मौसमले पनि समारोहको वातावरण अझ रमाइलो र अविस्मरणीय बनाएको थियो ।'

विवाह हुने दिन १९ मे शनिबार बिहानै ६.३० बजे मेडस्टोनबाट विन्सोर क्यासल पुगेका थिए गुरुङ दम्पती । ड्रेस कोड थिएन, कम्फोर्टेबल पोसाक लगाए हुन्छ भनिएको थियो । बरु ९.३० बजेसम्म पुगिसक्नुपर्ने निर्देशन थियो । ट्राफिक जाम नभएकाले बेलैमा पुगे उनीहरू । 'कार पार्कबाट विवाहस्थल पुग्न झन्डै एक माइल हिंड्नुपर्ने रहेछ', अनिल स्मरण गर्छन्, 'बाटो देखाउने गाइडहरू बाटोभरि थिए । पुलिसको पनि बाक्लो उपस्थिति थियो । निम्तालुका ब्याग, निमन्त्रण पत्र तथा आइडी हेरेर एयरपोर्ट स्तरकै जाँच भएपछि मात्र उनीहरूलाई प्रवेश दिइएको थियो ।'

विन्सोर क्यासलस्थित सेन्ट जोर्जेज च्यापल बाहिर पब्लिक मेम्बरहरू बस्न छुट्याइएको क्षेत्रमा गुरुङ दम्पती बसे । उनीहरूलाई पानीको बोतल, चलकेट, बिस्कुट, कार्यक्रमसम्बन्धी लिफ्लेट आदि राखिएको 'गिफ्ट ब्याग' प्रदान गरिएको थियो । 'मानिसहरू ज्यादै उत्साहित देखिन्थे, वनभोजमा सहभागी भएजस्तो । ह्यारी दम्पती विवाह सकेर बाहिरिएपछि च्यापल भित्र जान पाइन्थ्यो तर लामो लाइन भएकाले मलाई उभिन गारो भएपछि झन्डै २ बजेतिर हामी त्यहाँबाट निस्कियौं', अनिलले भने ।

शाही विवाहमा निम्तो पाउनुका पछाडि अनिलको पृष्ठभूमिले काम गरेको छ । ब्रिटिस आर्मीको टु आर जिआरमा ६ वर्ष काम गरेपछि अनिलले सन् २०१३ मा मेडिकल ग्राउन्ड्समा अवकाश लिएका थिए ।

गस्तीका क्रममा अफगानिस्तानको मुसाकला भन्ने ठाउँमा तालिवानको बम विस्फोटमा परे अनिल । गह्रुँगो सामान बोकेर हिंडेका बेला बेलुका उनी एक जना मात्र विस्फोटमा परेका थिए । घटनामा उनी बाँचे तर दाहिने खुट्टा गुमाएर छिट्टै सेवाबाट विश्राम लिनुपर्‍यो, जीवनभरको शारीरिक अपांगता लिएर । गोर्खाहरूसँग ह्यारीको निकट सम्बन्ध तथा अनिलको पनि च्यारिटीमा सक्रियताका कारण उनले श्रीमतीसहित यो शाही विवाहमा सहभागी हुने अवसर पाएका थिए । उनीहरूले विवाहको निम्तो पत्र एक महिनाअघि अप्रिल पहिलो सातातिर पाएका थिए । आउने कन्फर्म गरेपछि अप्रिल अन्तिममा पास आएको अनिल बताउँछन् ।

राजकुमार ह्यारीले स्थापना गरेको ब्रिटिस आर्मीको अपांगतासम्बन्धी अन्तर्राष्ट्रिय खेल इन्भिक्टस गेममा अनिलले सिटिङ भलिबलमा गोल्ड मेडल ल्याएका थिए । सन् २०१४ मा लन्डनस्थित क्विन एलिजावेथ ओलम्पिक पार्कमा पहिलो पटक उक्त प्रतियोगिता भएको थियो । त्यसैगरि, सन् २०१६ मा अमेरिकाको फलोरिडामा दोश्रो इन्भिक्टस गेम हुँदा अनिलले सिल्भर मेडल मात्र जितेनन्, ह्यारीसंग प्रशिक्षणका क्रममा नजिक भएर गफिने मौका पनि पाए । 'त्यतिबेला ह्यारीले मेरो अवस्थाका बारेमा सबै कुरा सोध्नुभयो । मैले घटनाको वेलीविस्तार लगाएँ । त्यसबाहेक च्यारिटीमा मेरो प्रत्यक्ष संलग्नताका कारण पनि विवाहमा मलाई बोलाइएको हुनुपर्छ', अनिल भन्छन् ।

अनिल हाल रोयल ब्रिटिस लिजन इन्डष्ट्री (आरबीएलआइ) मा काम गर्छन् । उनले गत वर्ष नोभेम्बर २०१७ मा एभरेस्ट बेस क्याम्पसम्म ट्रेकिङ च्यारिटी गरेर ११ हजार २ सय २५ पाउन्ड संकलन गरेका थिए ।

च्यारिटी भनेपछि हुरुक्कै हुन्छन् उनी । आगामी जुन ८ देखि १० सम्म च्यारिटी साइक्लिङ आरबीएलआइ सेन्टेनरी राइडका लागि बेल्जियमको यात्रा तय गर्दैछन् अनिल । दिनमा ७५ माइल साइक्लिङ गर्नुपर्ने भएकाले चुनौती भए पनि आफू पूर्ण आत्मविश्वास भएको उनले बताए । अनिल आरबीएलआईको सय उत्कृष्ट कामदारमा पर्छन् ।

## तोडियो राज परम्परा



बेलायती राजपरिवारका रौसिला राजकुमार ह्यारी बेलायती राजपरम्पराका धेरै मान्यतालाई तोड्दै आफूभन्दा तीन वर्ष जेठी प्रेमिकासँग गत शनिवार विवाह-बन्धनमा बाँधिए । विवाह समारोह शाही परम्पराअनुसार भए पनि बेलायती राजपरिवारमा भित्रिने मेगन मर्केल पहिलो अमेरिकन तथा अभिनेत्री हुन् । सन् २०१३ मा हलिउड अभिनेता ट्रेभोर इन्गेल्सनसँग दुई वर्षको वैवाहिक जीवन समाप्त गरेकी मेगनको भेट राजकुमार ह्यारीसँग भएपछि उनीहरू प्रेममा परेका थिए । साथीभाइहरूसँगको जमघटमा भएको उनीहरूको भेट प्रेम हुँदै सारा विश्वकै ध्यान केन्द्रित गर्ने विवाह समारोहमा परिणत भएको थियो । ह्यारीकी हजुरमुमा महारानी एलिजावेथले ह्यारीको मेगनसँगको प्रेममा सहमति जनाउँदै विवाहका लागि अनुमति दिएदेखि नै यो विवाहले चर्चा पाएको थियो । बेलायती राजपरिवारले यो विवाहलाई राजनीतिक रंग नदिन विवाह समारोहमा राजनेताहरूको तुलनामा अन्य क्षेत्रका चर्चित व्यक्तित्वहरूलाई निमन्त्रण गरेको थियो, जसमा हलिउडदेखि बलिउडसम्मका सेलिब्रेटी तथा खेल क्षेत्रका हस्तीहरू सहभागी थिए ।

ह्यारीले आफ्नो विवाहका लागि शाही परम्पराअनुसार सेन्ट जर्ज च्यापल चर्च नै चयन गरेका थिए । यो चर्च ह्यारीका पिता राजकुमार चार्ल्सले क्यामेला पार्करसँग दोस्रो विवाह गरेपछि चर्चामा आएको थियो । बेलायती राजपरिवारको विवाह भव्य हुने कुरा त आफ्नो ठाउँमा छँदैछ, खर्चका हिसाबले समेत यो विवाह चर्चामा छ । बेलायती सञ्चारमाध्यमहरूका अनुसार यो विवाहमा ४ अर्ब ३० करोड रुपैयाँ खर्च भएको अनुमान छ, जसमध्ये ठूलो हिस्सा सुरक्षामा खर्च भएको बताइएको छ ।

अपराध



बरामद गरिएको नेपाली नक्कली नोटका बण्डल ।

# नेपाली चलचित्र उद्योगमा नक्कली नोटको तरंग

२ जेठमा चलचित्र निर्माता माधव वाग्ले नक्कली नोटको कारोबार गरेको अभियोगमा पक्राउ परेपछि अहिले चलचित्र बजार तातेको छ । निर्माता वाग्लेसहित ६ जनालाई प्रहरीले नक्कली नेपाली नोटको कारोबारमा संलग्न भएको अभियोगमा हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

उनीहरूलाई काठमाडौंका विभिन्न तीन स्थानबाट २ करोड ६० लाख ८६ हजार नक्कली नोटसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा निर्माता वाग्लेसहित सुर्खेतका महेन्द्र बोगटी, सिन्धुलीका सुजित तामाङ तथा साजन तामाङ छन् । प्रहरीले नक्कली नोट छाप्ने बागबजारस्थित नवज्योति प्रेसका सञ्चालक प्रकाश सुवेदी तथा ओमजय भोलेबाबा प्रिन्टिङ प्रेसका सञ्चालक विकेश नापितलाई समेत पक्राउ गरेको छ ।

निर्माता वाग्लेलाई प्रहरीले २ जेठमा नक्सालस्थित उनकै कोठाबाट झन्डै २ करोड ५२ लाख रुपैयाँ नक्कली नोटसहित गिरफ्तार गरेको हो । त्यसअघि प्रहरीले १ जेठमा कमलपोखरी बस्ने सुर्खेतका महेन्द्र बोगटीलाई १ लाख २० हजार बराबरको नक्कली नोटसहित गिरफ्तार गरेको थियो । २ जेठमै प्रहरीले सिन्धुली घर भै ललितपुर लुभु बस्ने सुजित तामाङ र साजन तामाङको कोठाबाट ७ लाख ४३ हजार बराबरको नक्कली नोटसहित पक्राउ गरेको थियो भने सोही दिन नक्कली नोट छापेको अभियोगमा प्रेसका सञ्चालकद्वय सुवेदी र नापित पक्राउ परेका थिए ।

पक्राउ परेका ६ जनालाई प्रहरीले खोटा चलन महलअन्तर्गत मुद्दा दायर गरेर ६ दिनको म्याद थप गरी अनुसन्धान जारी राखेको छ । अपराध प्रमाणित भए मुलुकी ऐनको खोटा चलन महलअन्तर्गत बिगो बराबर (बरामद नक्कली नोट बराबरको रकम) जरिवाना तथा १० वर्षसम्मको कैद सजाय हुने कानुनी व्यवस्था छ । 'अपराध प्रमाणित भए कसको कति इन्भलमेन्ट छ, त्यसका आधारमा सजाय हुन्छ,' महाराजगन्ज वृत्तका डिएसपी योगेन्द्रसिंह थापाले भने ।

आफ्नो गिरफ्तारीपछि अस्वस्थ भएका निर्माता वाग्लेको प्रहरीको निगरानीमा अस्पतालमा उपचार भैरहेको छ । उनीसँगै पक्राउ परेकाहरू अहिले प्रहरी हिरासतमा छन् । उनीहरूको बयान लिने क्रम जारी रहेको डिएसपी थापाले बताए । 'हामीले राष्ट्र बैंकको राय पनि लिइसकेका छौं, यसरी नक्कली नोट छाप्नु गैरकानुनी हो,' डिएसपी थापाले भने, 'चलचित्रकै लागि भएको भए डिस्ट्रोय गर्नुपर्थ्यो, बजारमा त्यो नोट कसरी पुग्यो ?' नक्कली नोटको भित्री भागमा सानो अक्षरमा 'चलचित्र प्रयोजनका लागि' छापिएको छ, तर प्रहरी दाबीअनुसार उक्त वाक्य झुक्किने किसिमले लेखिएको छ ।

चलचित्र निर्माण पक्षले भने 'चंगा चेट'का लागि छापिएको पैसा आर्ट डाइरेक्सन टिमबाट दुरुपयोग भएको जनाएको छ । निर्देशक दीपेन्द्र के खनालका अनुसार नक्कली नोट बनाउने जिम्मा आर्ट टिमलाई दिइएको थियो । 'हाम्रो चलचित्रमा केही पैसा देखाउनुपर्ने थियो,' उनले साप्ताहिकसँग भने, 'माधव दाइले उक्त काम आर्ट टिमलाई जिम्मा दिनुभएछ । जिम्मा पाएपछि आर्ट टिमले उक्त नक्कली नोट तयार पार्‍यो । केही पैसा माधव दाइले पछि काम लाग्ला भनेर आफैं राख्नुभएछ । केही बन्डल नोट आर्टका सुजित तामाङ आदिले राखेछन् ।' निर्देशक खनालका अनुसार सुजितले राखेको त्यही बन्डलको पैसा उनका साथी महेन्द्र बोगटीले रक्सी खाएको बिल तिर्न प्रयोग गरेपछि यो समस्या सिर्जना भएको हो । 'अब केस अदालतमा जाँदैछ,' उनले भने, 'केही दिनमै के हुन्छ थाहा होला ।' खनालका अनुसार निर्माता वाग्लेले चलचित्रमा चाहिने नक्कली नोटको प्रबन्ध गर्ने जिम्मेवारी आर्ट टिमलाई दिएका थिए, उनीहरूले कसरी त्यो नोटको प्रबन्ध गरे ? त्यसमा वाग्ले स्वयं पनि जानकार नरहेको उनको दाबी छ । 'हामीबाट ऐन कानुन हेर्ने कुरामा गल्ती भयो । नेपालमा निर्माताहरू चेक मात्र काट्छन्, चलचित्रका काम अरूले नै गर्छन्,' उनले थपे, 'नेपाली चलचित्रका लागि ठूलो लेसन भयो । चलचित्रका लागि बम, बन्दुक सबै चाहिन्छ अब कसरी काम गर्ने भन्ने विषयमा बहस हुन्छ । सम्बन्धित पक्षले पनि यी विषयहरू कसरी सम्बोधन गर्ने भन्ने विषयमा ठोस बाटो तय गर्लान् ।'

'चंगाचेट' का निर्माता वाग्लेले पनि आफूले चलचित्र छायांकनका लागि उक्त नक्कली नोट चाहिएको र त्यस्तो नक्कली नोट तयार पार्ने जिम्मा आर्ट टिमलाई दिएको प्रहरीसँगको बयानमा बताएका छन् ।



नक्कली नोट छाप्न प्रयोग गरिएको सिटिपि प्लेट ।

### कसरी परे पक्राउ ?

काठमाडौं महानगरपालिका-२६ स्थित मित्रनगरमा छ– सुमधुर क्याफे तथा खाजाघर । १ जेठमा त्यहीं खाजा खान पुगे, कमलपोखरी बस्दै आएका सुर्खेतका २४ वर्षीय महेन्द्र बोगटी । उनले त्यहाँ खाजा खाए, ड्रिंक्स गरे । झन्डै २ हजारभन्दा माथिको बिल आयो । बोगटीले हजारका तीनवटा नोट रेस्टुराँ सञ्चालकलाई दिए । सञ्चालकलाई महेन्द्रले दिएको नोटमा शंका लाग्यो । त्यसपछि उनी महानगरी प्रहरी प्रभाग गोंगबु पुगे ।

लगत्तै प्रहरीले उक्त घटनामाथि अनुसन्धान थाल्यो । तत्कालै गोंगबु प्रभागको प्रहरी टोली घटनाको अनुसन्धानमा खटियो । सोधपुछ तथा खान तलासीका क्रममा महेन्द्रबाट प्रहरीले १ लाख २० हजार नक्कली नोट बरामद गर्‍यो ।

उनले प्रहरीलाई नक्कली नोटका विषयमा थप सूचना दिए । प्रहरी त्यही सूचनाका आधारमा सिन्धुली घर भै लुभु बस्ने २४ वर्षीय सुजित तामाङ तथा १९ वर्षीय साजन तामाङको डेरामा पुग्यो । त्यही क्रममा तामाङद्वयको कोठा खानतलासी गर्दा प्रहरीले ७ लाख ४३ हजार नक्कली नेपाली रुपैयाँ फेला पार्‍यो । उनीहरूले चलचित्र सुटिङका लागि निर्माता वाग्लेले आफूहरूलाई उक्त नोट दिएको प्रहरीलाई बताए ।

लगतै प्रहरी वाग्लेको खोजीमा उनको नक्साल चारढुङ्गेस्थित प्रिन्सेस मुभिजको कार्यालय पुग्यो । निर्माता माधव वाग्लेको अफिसबाट प्रहरीले १ हजार दरका थप २ करोड ५२ लाख रुपैयाँ बरामद गर्‍यो । यही क्रममा प्रहरीले निर्माता वाग्लेलाई समेत गिरफ्तार गर्‍यो । लगतै प्रहरीले उक्त नोट छाप्ने बागबजारस्थित नवज्योति प्रिन्टिङ प्रेसका सञ्चालक ३६ वर्षीय प्रकाश सुवेदी तथा भोलेबाबा प्रिन्टिङ प्रेसका सञ्चालक भक्तपुरका ३९ वर्षीय विकेश नापितलाई पनि पक्राउ गर्‍यो । सुवेदीले नापितलाई उक्त नोट छाप्न दिएको र नापितको छापाखानाबाट नोट छापिएको प्रहरीले जनाएको छ । निर्माता वाग्लेले आफूले निर्माण गरिरहेको चलचित्र 'चंगाचेट'का लागि उक्त नक्कली नोट छापेको प्रहरीलाई बताएका छन् । वाग्लेले उक्त नक्कली नोटको मिसयुज भएको बताएका छन् । कतिपयले वाग्लेजस्ता चर्चित निर्माताले चलचित्रमा देखाउन यसरी नक्कली नोट छपाउनु नै गलत भएको धारणा व्यक्त गरेका छन् भने कतिपय नक्कली नोट छापिसकेपछि त्यसलाई नष्ट नगर्नु नै उनको गल्ती भएको बताइरहेका छन् । यद्यपि प्रहरीले उक्त घटनामाथि अनुसन्धान जारी राखेको र अदालतमा जाने तयारीमा रहेकाले घटनाको यथार्थ विवरण केही दिनमै सतहमा आउने बताएको छ ।

### के गर्छन् अन्य चलचित्रमा

चलचित्रमा नक्कली रुपैयाँ प्रयोग हुनु कुनै नयाँ कुरा होइन । वाग्लेले नै निर्माण गरेको 'लुट-२' मा पनि नक्कली नोट प्रयोग भएको छ । 'त्यसमा हामीले कागजको बन्डल बनाएर तलमाथि पैसा बेरेर देखाएका थियौं,' उक्त चलचित्रका निर्देशक निश्चल बस्नेत भन्छन्, 'चलचित्रमा यसरी नक्कली नोट प्रयोग गर्दा हामीलाई अपराधी झैं प्रस्तुत गर्न खोजियो ।' उनले मिडियाले आफूहरूप्रति अन्याय गरेको गुनासोसमेत गरे ।

यस्तै, यादव पौडेल निर्माता रहेको 'जात्रा' मा पनि नक्कली नोट प्रयोग भएको छ । विशाल भण्डारीले निर्देशन गरेको 'कोहलपुर एक्सप्रेस' मा पनि नोट प्रयोग गरिएको छ । उक्त चलचित्रको निर्माण पक्षकाअनुसार पर्दामा देखाइएको सबै नोट सक्कली नै थियो ।

त्यसो भए ती चलचित्रमा कसरी नक्कली नोट प्रयोग गरिएको थियो त ? जात्राका निर्माता यादव पौडेल आफूहरूले चलचित्रमा नक्कली नोट देखाउँदा फरक तरिका अपनाएको बताउँछन् । 'फोटोकपी पेपर हजार रुपैयाँको साइजमा राखेर बन्डल बनायौं र त्यसको माथि रबरले बाधेर हजारको नोट राख्यौं,' उनले भने, '३ करोड देखाउनुपर्ने थियो रबरले बाँधेर सजिलै देखाउन सकियो ।'

चलचित्रमा प्रायः यसरी नै पैसा देखाइन्छ । पेपर उज्यालो देखिने भएकाले कतिपयले बन्डलको छेउमा माटो दल्छन् त कसैले मेकअप पनि गर्छन् । करोडौं रुपैयाँ छरपस्ट देखाउनुपर्दा भने त्यसलाई छाप्नुको विकल्प नहुने धारणा पनि केही निर्माता/निर्देशकको छ ।





नोटको भित्री भागमा चलचित्र प्रयोजनका लागि लेखिएको ठाउँ ।



तस्बिर : संजोग मानन्धर


# कजाखस्तानको फेसन विकमा नेपाल











सिर्जना दुवाल श्रेष्ठ

गत साता कजाखस्तानमा सम्पन्न अस्परा फेसन विकमा फेसन डिजाइनर रस्ना श्रेष्ठ मुसीले नेपालको प्रतिनिधित्व गरिन्। २० देशका फेसन डिजाइनरसँगै मुसीले आफ्ना १४ वटा पहिरनमा अन्तर्राष्ट्रिय मोडलहरूलाई र्‍याम्पमा उतारेकी थिइन्। रस्ना नेपालबाट आफू छानिए पछि नै कसरी उत्कृष्ट डिजाइन दिने भनेर लागि परेकी थिइन्। रस्नाका अनुसार कुनै पनि डिजाइनमा डिजाइनरको आफ्नोपन हुनै पर्छ। उक्त फेसन शोका लागि उनले ह्यान्डमेड फेब्रिक, आफैंले बुनेको उलनको पहिरन, वान पिस तथा कोटहरू तयार पारेकी थिइन्। रस्नाका पहिरन प्राकृति त्यसमा पनि विशेष गरेर समुद्रको रंगमा केन्द्रित थिए। उक्त फेसन शोमा प्रस्तुत रस्नाका पहिरन नेपाली फेब्रिकलाई पाश्चात्य शैलीमा ढालेर तयार पारिएका थिए। रस्नाका सबै पहिरन वेरेबल तथा एलिगेन्ट थिए, जसका कारण पनि उनले प्रसस्त प्रशंसा प्राप्त गरिन्। रस्ना पहिलेदेखि नै फेसन शोहरूमा बाहिर लगाएर हिँड्न मिल्ने पहिरन नै उतार्छिन्। श्रेष्ठ भन्छिन्- फेशन शोमा प्रस्तुत गरिने पहिरन जो कसैले लगाएर हिँड्न सक्नुपर्छ। नेपालमा श्रेष्ठको मुसी ब्रान्ड फेसनप्रेमीहरू माझ लोकप्रीय हुँदैछ। उनको यो छैटौं अन्तर्राष्ट्रिय प्रदर्शन हो। युवा पुस्ताकी नेपाली फेसन डिजाइनर रस्नाले यसअघि क्यानाडा, अष्ट्रेलिया, भारत, बंगलादेश तथा अमेरिकाका फेसन शोहरूमा सहभागिता जनाइसकेकी छिन्।

अन्तर्राष्ट्रिय शोहरूमा सहभागी हुँदा आउटफिट तथा फेसन ट्रेन्डलाई नजिकबाट नियाल्न पाइने रस्नाको अनुभव छ। नेपालको प्रतिनिधित्व गर्दा रस्ना नेपाली फेब्रिकलाई नै पहिलो प्राथमिकता दिन्छिन्। यसले गर्दा अन्तर्राष्ट्रिय बजारमा नेपाली फेब्रिकको माग पनि बढ्ने कुरा बताउँदै श्रेष्ठ भन्छिन्- हामीसँग नै यति राम्रा-राम्रा फेब्रिक छन् भने किन विदेशी फेब्रिक प्रयोग गर्ने ? कजाखस्तानको उक्त ३ दिने शोमा नेपाली डिजाइन धेरैले रुचाएको देखेर उत्साहित रस्ना नेपाल फर्किसकेकी छिन्।

## मेरा उलन कलेक्सन महँगै छन्

रस्ना श्रेष्ठ मुसी, फेसन डिजाइनर

**अन्तर्राष्ट्रिय फेसन शोहरूमा कसरी अवसर पाइरहनुभएको छ ?**

नेपालमा गरेका फेसन शोहरूको तस्बिर इन्टरनेटमा हेरेरै पहिलो अफर क्यानाडावाट आयो। त्यसपछि विभिन्न देशबाट नेपालको प्रतिनिधित्व गर्न बोलाइँदै आएको छ।

**विदेशमा शोका लागि जाँदा कति खर्च हुन्छ ?**

अहिलेसम्म गएका देशहरूमा आयोजकले नै आउने, जाने, बस्ने, खाने सबै व्यवस्था मिलाउँदै आएका छन्। बरु त्यहाँ बिक्री भएका पहिरनबाट थप आम्दानी हुन्छ।

**कजाखस्थानमा भएको फेसन शोका लागि उलन फेब्रिक छान्नुको कारण ?**

कजाखस्थान चिसो देश भएकाले त्यो ठाउँलाई नै लक्षित गरी पहिरन तयार पार्ने सोच आयो। नयाँ कन्सेप्ट सोच्दासोच्दै उलनलाई हातैले बुनेर पहिरन बनाएँ भने मेहनतअनुसार मेरो पहिरन बिक्री पनि भए।

**तपाईंका यी पहिरन कतिको महँगा छन् ?**

एउटै पहिरन बनाउँदा तीन हप्ता लाग्यो। समय, मेहनत र कन्सेप्टअनुसार महँगै छन्। २ सय डलरदेखि ४ सय डलरसम्मका पहिरन छन्, जुन नेपालमा १ सय ५० डलर देखि ३ सय डलरसम्ममा बिक्री गर्छु।

**नेपालमा यति महँगो क्याजुअल पहिरन बिक्री हुन्छ र ?**

जसले मेहनत र डिजाइनरको महत्व बुझ्छ, उनीहरूले मेरा पहिरन खरिद गर्छन्। यी ह्यान्ड मेड उलन ड्रेस कसैले कपी गर्छु भन्दा पनि दुरुस्त निकाल्न सक्दैनन्।


KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार
१ किलो सुन
हरेक महिना
१० तोला सुन
हरेक साता
१ किलो चाँदी
* सर्तहरू लागू हुनेछन् ।
जित्नुहोस १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रु २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

जेठ ११ गते
पद्मिनी एकदशी व्रत

जेठ १५ गते
गणतन्त्र दिवस

जेठ १७ गते
अन्तर्राष्ट्रिय धूम्रपानरहित दिवस ।

## मेष

व्यवसायको स्थान परिवर्तन भै उचाइमा पुगिने सम्भावना छ । स-साना समस्या मन मिल्ने साथीको सहयोगबाट निराकरण गर्न सकिनेछ । नयाँ तथा महत्वपूर्ण योजना तर्जुमा गर्दा समय खर्चनुपर्नेछ । साताको अन्त्यमा पाहुनाहरूसँग मनोरञ्जनमा सहभागी भइनेछ ।

## वृष

कुनै पनि कार्य सम्पन्न गर्दा आफ्नो मात्र नभै अभिभावकहरूको रुचिको पनि ख्याल गर्नुहोला । पेटसम्बन्धी समस्याले पिरोल्न सक्छ । साताको अन्त्यमा धार्मिक कार्यमा सहभागी भइनेछ । पूर्व दिशातर्फको महत्वपूर्ण कार्यमा सहभागी हुँदा सुनौलो रंगको प्रयोग गरे अपेक्षित परिणाम हात लाग्न सक्छ ।

## मिथुन

योगाभ्यास एवं ध्यान गर्न सके मानसिक आलस्यता तथा तनाव निर्मूल भै ऊर्जा प्राप्त हुनेछ । सरकारी कर्मचारीले नयाँ स्थान जानुपर्ने हुनसक्छ । होस नपुऱ्याई गरिएको निर्णयले आफ्नै मर्यादामा चोट पुऱ्याउन सक्छ । ध्यानपूर्वक गरिएको कामले लाभ दिलाउनेछ ।

## कर्कट

द्रुत गतिमा गरिएको कामले नै उचाइमा पुऱ्याउनेछ । रोजगारीको क्षेत्रमा अपेक्षित परिणाम हात लाग्नेछ । विपरीत लिंगीबाट नौलो प्रस्ताव प्राप्त हुन सक्छ । खानपानको समय-तालिका फेरबदल हुँदा स्वास्थ्य समस्याले सताउनेछ । साताको अन्त्यमा अवरोध निर्मूल भै प्रेरणादायक कार्य सम्पन्न गर्न सकिनेछ ।

## सिंह

रोजगारीको चिन्ताले सताए पनि सोमबारदेखि प्रगतिको मार्ग पहिल्याउन सकिनेछ । प्रतिकूल परिस्थितिमा शुभचिन्तक कमै हुनेछन् भने फाइदा उठाउनेहरू प्रशस्त फेला पर्नेछन् । समाजसेवामा समय खर्चनुपर्ने हुन सक्छ । खराब मनोभावना भएकाहरूले पिछा गर्न सक्छन्, सचेत रहनुहोला ।

## कन्या

शुभ समाचार प्राप्त हुनाले उत्साह थपिनेछ । बिना पूर्वयोजना नयाँ स्थानको भ्रमणबाट निराश हुनुपर्नेछ । सभा-सम्मेलनमा भाग लिदा समयको ख्याल गर्नुहोला । विपक्षीहरूले कुरा काट्दा आफैंलाई नै फाइदा पुग्नेछ । खानपिनको गडबडीले स्वास्थ्यमा समस्या सिर्जना गर्न सक्छ ।

## तुला

सहयोगी भावनाका साथ प्रस्तुत हुँदा पनि अपजस आइलाग्न सक्छ । सकेसम्म कम बोल्नुमै आफ्नो हित छ । व्यवसायलाई मुनाफामूलक बनाउन साथीहरूको सुझावको आवश्यकता पर्नेछ । शुभ कार्यमा धन खर्च होला । पेट तथा टाउकोसम्बन्धी समस्याले पिरोल्न सक्छ ।

## वृश्चिक

सीपमूलक रोजगारीका क्रममा विदेश भ्रमण हुनसक्छ । प्रेमी/प्रेमिका उपयुक्त मुहूर्तको पर्खाइमा छन्, निर्णय गर्न ढिलाइ नगर्नु नै बेस हुन्छ । मन मिल्ने साथीभाइले दिएको सुझाव मनन गरी चल्न सके प्रशस्त फाइदा उठान सकिनेछ । घरायसी व्यवहारलाई समय नदिँदा अभिभावकहरू चिढिन सक्छन् ।

## धनु

सुनौलो रंगको पहिरनले तपाईंको आत्मविश्वासलाई सहयोग पुऱ्याउनेछ । सेवाको भावनाले गरिएका कार्यबाट प्रतिस्पर्धीहरूलाई पछाडि धकेल्न सकिएला । तुलानात्मक रूपमा साताको प्रारम्भभन्दा अन्त्य बढी लाभदायक छ । वैदेशिक कार्ययोजनाले अनन्तः फाइदा नै पुऱ्याउनेछ ।

## मकर

विविध व्यवसाय तथा क्षेत्रमा लगानी गर्दा संयमित रहनुपर्नेछ । हठ गर्ने प्रवृत्तिले नोक्सान पुऱ्याउनेछ । राजनैतिक तथा सामाजिक क्षेत्रमा काम गर्न अग्रसर भइनेछ । प्रेमको गाँठो दिनानुदिन कसिलो भएको अवस्था छ । कुरा काट्नेहरू स्वतः सहयोगी हुँदै जानेछन् ।

## कुम्भ

आफ्नै शारिरीक कमजोरी एवं आलस्यताले महत्वपूर्ण काम बिग्रन सक्ने भएकाले समयको व्यवस्थापन आवश्यक छ । नौलो स्थानको भ्रमणमा अपेक्षाभन्दा बढी खर्च हुन सक्छ । साझेदारीमा थालिएको व्यावसायिक कामले अन्य अवसरको ढोका खोल्नुका साथै भविष्यको दिशा तय गर्नेछ ।

## मीन

प्रतिष्ठा तथा पदोन्नतिको अवसरलाई चुनौतीका रूपमा आत्मसात् गर्न सके नयाँ उचाइमा पुगिनेछ । कम बोलेर काम सम्पन्न गर्न सके परिणाम तपाईंकै पक्षमा हुनेछ । जटिल परिस्थितिका बीच प्रारम्भ गरिएको कामल सफलता पाउनेछ । परिस्थिति मुताबिक व्यवहार गर्नुहोला ।

**अब हाम्रो पालो**

# महिलामाथिको दुर्व्यवहार घटाउन के गर्नुपर्ला ?

सार्वजनिक यातायातमा महिला र पुरुष दुवैले दुर्व्यवहारको सिकार हुनुपरेको छ । त्यसैले म आफ्नो कार, बाइक वा ट्याक्सीमा मात्र यात्रा गर्छु । जीवनमा काम लाग्ने मानिससँग मात्र व्यवहार गर्नुपर्ने रहेछ, दुर्व्यवहारबाट जोगिनुपर्छ ।

**गोपाल अर्याल**

दुर्व्यवहार गर्नु हुँदैन भन्ने चेतना जगाउनुपर्छ । अनुशासन र मर्यादाको कुरा बुझ्नु, मनन गर्नुका साथै अपनाउनु पनि पर्छ ।

**अजम्मरी**

पहिले महिलाहरू कमजोर हुन्छन् भन्ने कुरा महिलाको दिमागबाटै हटाउनुपर्छ अनि पहिरनको कुराको समाजको दृष्टि फराकिलो बनाउनुपर्छ । छोटा पहिरन लगाउँदैमा महिलामाथि दुर्व्यवहार हुने हो भने त युरोप-अमेरिकातिर धेरै बलात्कारका घटना घट्नुपर्ने हो । फेसनका नाममा आफैंलाई असहज हुने गरी स्कर्टको फेरो तान्दै हिंड्नु पनि ठीक हुँदैन, तर आफूलाई सहज हुन्छ भने जस्तोसुकै पहिरन लगाउँदा पनि हुन्छ । यदि कसैले गिद्धे नजरले हेऱ्यो मात्र भने पनि औंला पड्काएर, आँखामा आँखा जुधाएर, चोरी औंला देखाउँदै बहस गर्ने हो भने आधाभन्दा बढी दुर्व्यवहार घट्नेछ ।

**होमनाथ अधिकारी**



साभार : कान्तिपुर

महिलाहरूलाई बुर्का लगाइदिनुपर्छ । अर्धनग्न भएर हिंडेपछि दुर्घटना हुनु त स्वाभाविक हो ।

**कृष्ण क्षेत्री**

महिला भनौं वा केटीहरू भनौं-ले सार्वजनिक ठाउँहरूमा जानुपर्दा शालिन पहिरनमा जानुपर्छ । उखानै छ नि– उत्ताउली गाई बाघले खाई ।

**हरिहर जोशी**

दुर्व्यवहार गर्नेहरूको पनि लिंग परिवर्तन गरी महिला नै बनाइदिनुपर्छ । त्यो पनि उनीहरूको आफ्नै खर्चमा ।

**रामनाथ दाहाल**

महिलाले छोटा लुगा लगाएर हिंसा भयो भन्नेहरूले आफ्ना साना छोरीलाई फरिया लगाइदिऊन् । अझ नपुगे बुर्कामा हिंडाऊन् ।

**रोशन आचार्य**

सोच बदलौं ।

**अन्जान**

महिलाले गर्ने दुर्व्यवहार हटाउनचाहिँ के गर्नुपर्ला ?

**सुदिप**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. तपाईंको राशिफल कतिको मिल्छ ?

महिलाहरू आफैंले कपडा लगाउँदा होस गर्नुपर्छ अनि समस्या आफैं समाधान हुन्छ ।

**युरिकराज नेपाली**

सबै महिलालाई निजी कारको व्यवस्था गरिदिनुपर्छ ।

**प्रतिमा**

दुर्व्यवहार गर्नेहरूलाई प्रहरी चौकी पुऱ्याउनुपर्छ ।

**आशिष राई**

साउदी अरबमा जस्तै नेपालमा पनि कठोर कानुन बनाउनुपर्छ ।

**लीलाराज भट्टराई**

बलात्कारीलाई फाँसीको सजाय हुन आवश्यक छ ।

**कृष धमला**

महिलाहरूले आफ्नो अनुहार तथा हातखुट्टाको मेकअप कम गरे पुग्छ ।

**जीवन ढकाल**

सार्वजनिक स्थल निर्माण नगर्ने, भएकालाई निजीकरण गर्ने ।

**सुनाहाङ राई**

हामी पुरुषहरू नै सभ्य हुने त होला नि ।

**बिमल बराल**

हुन त दोष पुरुषकै हो, तर पनि छोरी मान्छेले भड्किलो पहिरन र मेकअपमा नहिँड्ने हो भने अलिक कम होला कि ?

**धनकुमार**

यी तीन कुरा फलो गर्नुपऱ्यो :

- महिलालाई लामा पहिरन लगाउन जोड दिने तथा उत्ताउलो फेसनमा नहिँड्न आग्रह गर्ने ।
- सरकारले महिला हिंसाको विषयमा नयाँ कानुन लागु गर्नुपऱ्यो ।
- महिलाप्रति पुरुषको नकारात्मक दृष्टिकोण बदल्नुपऱ्यो अनि बन्द हुन्छ कि ?

**राम मगर**

के भन्ने ? मानव पनि सर्वज्ञानी पशु न हो । कसै-कसैमा पशुवृत्ति हुन्छ, उनीहरू सार्वजनिक रूपमै आफ्नो व्यवहार देखाउँछन् अनि कोही-कोही त्योभन्दा खतरनाक हुन्छन् । कसैलाई थाहै नदिई आफ्नो हर्कत देखाउँछन् । यी सर्वज्ञानी 'पशुहरूलाई' रोकथाम गर्ने कुनै उपाय छैन है ।

**रोहन राना**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४७०११०९, लगनखेल बसपार्क: ५१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ४०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भट्ट

म २२ वर्षीय अविवाहित पुरुष हुँ । हाल म कतारमा छु । म यता आएको धेरै भएको छैन, मात्र २ महिना भयो । यहाँ आउनुभन्दा ६-७ दिनअघि मेरो यौनसम्पर्क भएको थियो । यहाँ आएको ५-७ दिनपछि देखि मेरो लिंग चिलाउन थाल्यो । त्यतिबेला राति सुत्न गाह्रो हुन्थ्यो । लिंगको छालामा सानो फोका देखें । मैले साह्रै चिलाएर हेर्दा धेरै होइन, एउटा मात्र थियो । २-३ दिनपछि त्यो निको भयो । निको हुनासाथ त्यसको छेउमा त्यस्तै पानीफोका देखा पऱ्यो । त्यो पनि एउटा मात्र, त्यो पनि निको भयो र अहिले त्यस्तै फोका २-४ वटा लिंगको टुप्पोको छालामा देखा परेको छ । यो पहिलेजस्तो चिलाउँदैन । तैपनि यो कुनै रोगको लक्षण हो कि ? अनि फेरि यहाँ आएपछि मौसमका कारणले पनि होला, शरीरको कुनै पनि भागमा चिलाएजस्तो भएर कन्याउँदा डाबर बस्छ । के यो मेरो लिंगमा उत्पन्न समस्यासँग सम्बद्ध छ ?

पी.आर.





### यौनसम्पर्कको पृष्ठभूमि

तपाईंले कतार जानुभन्दा पहिले यौनसम्पर्क गरेको त कुरा गर्नु भयो, तर तपाईंले आफूले राखेको यौनसम्पर्कका सन्दर्भमा खासै जानकारी दिनुभएको छैन । तपाईं अविवाहित भएकाले तपाईंकी श्रीमती नभएको कुरा भन्न सकिए पनि प्रेमिका छिन् कि छैनन् थाहा भएन । तपाईंले यौनसम्पर्क राखेकी महिलाको पृष्ठभूमि के-कस्तो थियो ? कतै तपाईंले अब लामो समयसम्म विदेशमा बस्नुपर्दा यौनसम्पर्क राख्न पाइने हो कि भनेर एकपटक यहीं यौनसम्पर्क राखौं न त भन्ने सोचले पैसा तिरेरै उक्त सेवा लिनुभएको त होइन ? हुन त उहाँहरूसँग हुने ग्राहकको यौनसम्पर्कलाई सक्दो सुरक्षित बनाउने प्रयास गरिएको हुन्छ, तर जति धेरै व्यक्तिसँग यौनसम्पर्क हुन्छ त्यति नै बढी यौनरोगको संक्रमण हुने सम्भावना हुन्छ । त्यसैले देहव्यापारीहरूसँगको यौनसम्पर्कमा यौन रोग सर्ने सम्भावना बढी हुन्छ । अर्को कुरा, यस्ता यौनसम्पर्कमा कन्डमको सही प्रयोग नै विभिन्न यौनरोगबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय हो । तपाईंले त्यतिबेला कन्डम प्रयोग गर्नुभएको थियो कि थिएन भन्ने कुरा पनि लेख्नुभएको छैन ।

### तपाईंलाई के भएको होला ?

तपाईंले दिनुभएको सीमित जानकारीका आधारमा यकिनसाथ भन्न सकिने स्थिति त भएन, तर यसरी पानी फोकाजस्तो आउनुको एउटा प्रमुख कारण यौनाङ्गको हर्पिस अर्थात् genital herpes हुन्छ ।

यौनाङ्गको हर्पिस एक प्रकारको यौनरोग हो । यो herpes simplex virus (HSV) अर्थात् विषाणुका कारणले हुन्छ । यी विषाणुका दुई प्रकारमध्ये प्रायः HSV-1 ले चिसो लागेको वा ज्वरो उछिएका बेला ओठमा पानीफोका आउँछ भने HIV-2 ले भने यौनाङ्गमा । यो संक्रमित व्यक्तिसँगको प्रत्यक्ष सम्पर्कबाट सर्छ । संक्रमित व्यक्तिको हर्पिसको घाउ, भित्री छाला वा यौनाङ्ग तथा मुखबाट आउने रसमा यी विषाणु हुने भएकाले त्यसको प्रत्यक्ष सम्पर्क हुँदा सर्छ । कतिपय स्थितिमा यो सामान्यजस्तै देखिने यौनाङ्ग वा मुखको बाह्य वा भित्री छालाबाट पनि सर्न सक्छ । यौन क्रियाकलापको कुरा गर्दा योनि-लिंग यौनसम्पर्क, मुख मैथुन वा गुदा मैथुन जस्ता यौनसम्पर्कको माध्यमबाट सर्छ । यो विषाणु संक्रमित व्यक्तिको थूक, वीर्य तथा योनिरसमा पाइन्छ ।

लक्षणको कुरा गर्दा कतिपयमा त लक्षण नै नदेखिन सक्छ । लक्षण देखिँदा भने एक वा दुई पानी फोका वा स-साना पानीफोकाहरू आउँछन् त्यो पनि यौनाङ्गमा । माथी भनिएजस्तै प्रत्यक्ष सम्पर्क भएको स्थानमा आउने भयो अर्थात् गुदा मैथुन भएको भए गुदद्वार त्यसैगरी मुखमैथुनमा मुखमा । यौनसम्पर्क भएको यस्तै चार दिनपछि लक्षण देखिन्छ, तर यो चाँडोमा दुई दिन भने धेरैमा १२ दिन वा त्यसभन्दा पछि पनि देखिन सक्छ । सुरुमा पानीफोका देखिनुभन्दा पहिले चिलाउने वा झमझम गर्ने हुन्छ । पानीफोका देखिन्छ र त्यो पछि फुट्छ अनि रस पनि बाहिर आउँछ । यो दुख्ने घाउमा यस्तै हप्ता दिन जतिमा पाप्रा बस्छ र त्यसपछि बिस्तारै निको भएर जान्छ । त्यसबाहेक जीउ दुख्ने, टाउको दुख्ने वा लसिका ग्रन्थि बढ्ने जस्ता लक्षण पनि देखिन्छन् ।

### समाधान के होला ?

प्रायः चिकित्सकले परीक्षणबाट सजिलै यसको निदान गर्न सक्छन् । यदि हर्पिस हो भन्ने पक्का भए बुझ्नुपर्ने कुरा के भने यो निको भने हुँदैन, तर यसलाई व्यवस्थित वा कम गर्न सकिन्छ । प्रतिविषाणु औषधीको सेवनले यसको लक्षणलाई कम गर्छ । हल्का मनतातो पानीले नुहाउँदा, घाउ भएको स्थान सफा राख्दा तथा खुकुला पहिरन लगाउँदा सजिलो हुन्छ । यसमा पीडा कम गराउने औषधीसमेत सेवन गर्नुपर्ने हुन सक्छ । यौनरोग सर्न नदिन यौनसम्पर्क नै नगर्नु एउटा उत्तम उपाय हो, तर यो व्यवहारिक नहुन सक्छ । यसको संक्रमण नभएका दुई व्यक्तिबीचमा मात्र यौन सम्पर्क गर्दा पनि यो सर्दैन । यसलाई सर्न नदिन सहि तरिकाले नियमित कन्डम प्रयोग गर्नुपर्छ ।

मौसमका कारणले हाम्रो छालाको स्वास्थ्यमा असर पर्छ । यसको प्रभाव यौनाङ्गभन्दा अन्य अङ्गका छालामा देखिन्छ । तपाईंलाई थाहै होला कि यौनाङ्ग क्षेत्रमा बढी तापक्रम तथा बढी आद्रता भए ढुसीको संक्रमण (fungal infection) हुन सक्छ ।

### डाबरको समस्या

डाबर वा डाबरा विशेष गरेर एलर्जीको कारणले आउँछ । यस्ता एलर्जीको कारण अनेक हुन सक्छन् । के-कस्ता वस्तुको सम्पर्कमा आउँदा वा वातावरणमा बस्दा डाबर आउँछ भन्ने कुरा आफैले याद गर्नुपर्छ । यसका विभिन्न कारणमध्ये एक थरीलाई physical urticaria भनिन्छ र यो विशेष गरेर चिसो, तातो, घाम, कम्पन, दबाब, पसिना तथा व्यायामजस्ता कारणले हुन्छ । यसको पनि एउटा प्रकार हुन्छ जसमा छालामा कन्याउँदा वा दबाबसहित स्पर्श हुँदा बिमिरा आउँछ, जसलाई dermatographism भनिन्छ ।

> यो संक्रमित व्यक्तिसँगको प्रत्यक्ष सम्पर्कबाट सर्छ । संक्रमित व्यक्तिको हर्पिसको घाउ, भित्री छाला वा यौनाङ्ग तथा मुखबाट आउने रसमा यी विषाणु हुने भएकाले त्यसको प्रत्यक्ष सम्पर्क हुँदा सर्छ । कतिपय स्थितिमा यो सामान्यजस्तै देखिने यौनाङ्ग वा मुखको बाह्य वा भित्री छालाबाट पनि सर्न सक्छ । यौन क्रियाकलापको कुरा गर्दा योनि-लिंग यौनसम्पर्क, मुख मैथुन वा गुदा मैथुन जस्ता यौनसम्पर्कको माध्यमबाट सर्छ । यो विषाणु संक्रमित व्यक्तिको थूक, वीर्य तथा योनिरसमा पाइन्छ ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## महिला स्वास्थ्य



म २७ वर्षकी गृहिणी हुँ । मेरो एउटा मात्र सन्तान छ । हामीले अर्को सन्तानको चाहना राखेका छौं, तर पहिलो सन्तान जन्मदा मेरो रक्तचाप धेरै बढेका कारण गर्भमा समस्या देखिएको थियो अनि प्रसवका लागि दिइएको समयभन्दा एक हप्ताअघि नै शल्यक्रिया गरेर शिशु जन्माउनुपरेको थियो । त्यति बेला मेरो पनि ज्यानलाई खतरा छ भनिएको कुरा मैले बिर्सिएकी छैन । अहिले मेरो रक्तचाप सन्तुलनमा छ । अब मैले गर्भ धारण गर्न मिल्छ कि मिल्दैन ?

पी.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

गर्भ रहेको २० हप्ता पार गरिसकेपछि गर्भवती महिलाको रक्तचाप बढ्छ अनि त्यसले थप समस्या निम्त्याउँछ भने त्यसको उचित व्यवस्थापन वा उपचार नभए गर्भवती महिलाको ज्यान नै जान सक्ने सम्भावना हुन्छ । गर्भावस्थामा हुने यस्तो समस्यालाई 'प्रिग्नेन्सी इन्ड्युस्ड हाइपरटेन्सन' भनिन्छ । यसमा इक्लेम्पसिया भएको अवस्था निकै घातक हो र यसले गर्भस्थ महिलाको मृत्युसमेत हुन सक्छ । यस्तो अवस्थामा गर्भवती महिलालाई बचाउन पनि तुरुन्त शिशु जन्माउनुपर्ने हुन सक्छ र तपाईंको पनि त्यसैक्रममा शल्यक्रिया गरिएको हुन सक्छ । तपाईंले अब फेरि सन्तान जन्माउँदा दुईवटा सम्भावित खतरा छन् । पहिलो त प्रिग्नेन्सी इन्ड्युस्ड हाइपरटेन्सन र दोस्रो पुनः शल्यक्रिया अर्थात् सिजरियन डेलिभरी । यद्यपि नियमित स्वास्थ्य परिक्षण, प्रसूति तथा स्त्रीरोग विज्ञको परामर्श अनि आफैंले सतर्कता अपनाउनुभयो भने अर्को सन्तान पाउन सक्ने सम्भावना प्रशस्त छ । त्यसैले पहिलो सन्तान जन्माएको कम्तीमा ३ देखि ५ वर्ष जन्मान्तर राखेर गर्भ धारण गर्नुअघि नै प्रसूति तथा स्त्रीरोग विशेषज्ञसँग प्रिकन्सेप्सनल काउन्सिलिङ गरेर तयारीका साथ गर्भ राख्नुभए हुन्छ ।




# नयाँ इनिङ्को तयारी



'म साँच्चै निकै खुसी छु,' सन्दीप लामिछानेको यो प्रतिक्रिया अपेक्षित र स्वभाविक रह्यो । उनी यति धेरै खुसी नहुन् पनि किन ? आखिर उनले इन्डियन प्रिमियर लिग (आईपीएल) मा दिल्ली डेयरडेभिल्सका लागि गज्जबको प्रदर्शन गरे । उनले प्रतियोगिताको अन्त्यतिर तीन खेल मात्र खेल्न पाए । जति बेला उनले खेल्न पाए, त्यति बेलासम्म दिल्लीको क्वालिफायर सम्भावना समाप्त भैसकेको थियो, तर सन्दीपले जति खेल्न पाए, त्यसमा सबैको मन जित्न सफल भए ।

अहिले उनको चर्चा मैदानमा उनले गरेको प्रदर्शनका कारण भैरहेको छ । अब भन्न थालिएको छ, दिल्लीले सन्दीपलाई सुरुदेखि नखेलाएर भूल गऱ्यो । सबैले भनिरहेका छन्– दिल्लीका प्रशिक्षक रिकी पोन्टिङले सन्दीपलाई सुरुदेखि खेलाएनन्, नतिजा टिमले कमजोर प्रदर्शन गऱ्यो । जति बेला सन्दीप टिममा परे, टिमको प्रदर्शन बेग्लै रह्यो ।

पछिल्ला केही दिनयता सन्दीपको चर्चा जताततै छ । उनी सामाजिक सञ्जालमा खुबै छाए, अधिकांश मिडियाका लागि फ्रन्ट-पेजको समाचार बने । क्रिकेट मन पराइने अरू देशमा पनि सन्दीप छाए । प्रमुख विदेशी समाचार संस्थाहरूले पनि उनको समाचार लगातार प्रकाशित गरे । एउटा नेपाली खेलाडीको यति धेरै चर्चा, त्यो पनि अन्तर्राष्ट्रिय रूपमा यसअघि कहिल्यै भएको थिएन् ।

विश्व फुटबलमा नेपाली खेलाडीले लियोनल मेसी अथवा क्रिस्टियानो रोनाल्डोविरुद्ध खेल्दा कस्तो हुन्छ होला ? टेनिसमा नेपाली खेलाडीले नम्बर १ खेलाडी राफेल नाडालविरुद्ध चुनौती पेस गर्दा कस्तो हुँदो हो ? बक्सिङमा नेपाली खेलाडी फ्लोयड मेवेदरविरुद्ध भिड्दा कस्तो देखिँदो हो ? अथवा कुनै समयका नम्बर १ गल्फर टाइगर उडविरुद्ध कुनै नेपाली गल्फर भिड्दा के हुने होला ? विश्व क्रिकेटमा सन्दीपको प्रदर्शन यस्तै रह्यो ।

### स्तरीय बलिङ

दिल्लीका लागि सुरुका अधिकांश खेलमा सन्दीपले खेल्न नपाउँदा यसलाई हाँसोको विषय बनाउने पनि धेरै थिए । केहीले त उनलाई पर्यटक खेलाडीसमेत भने । अझ केहीले त उनलाई दिल्लीले लिनुको पछाडि राजनैतिक तथा व्यापारिक कारण पनि फेला पारे । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाललाई खुसी तुल्याउन दिल्लीलाई दवाब दिएको समेत भनियो । सन्दीपसामु यी सबै कारणलाई गलत साबित गर्ने एक मात्र उपाय थियो– मैदानमा राम्रो प्रदर्शन । उनले त्यही काम गरे ।

उनको पहिलो खेल थियो, रोयल च्यालेञ्जर्स बैंगलोरविरुद्ध । उनले उक्त खेलमा ४ ओभरमा २५ रन मात्र खर्चेर १ विकेट लिए । त्यो विकेट थियो, पार्थिव पटेलको । पार्थिवलाई भारतीय क्रिकेटमा स्पिनविरुद्ध राम्रो खेल्न सक्ने खेलाडीका रूपमा लिइन्छ । उनी सन्दीपको बलमा मीठो ढंगले एलबीडब्ल्यू धरापमा परे । दोस्रो खेल चेन्नई सुपर किङ्सविरुद्ध थियो । उक्त खेलमा सन्दीपको सिकार भए- सुरेश रैना । केही समयअघिसम्म उनी भारतीय टिमका खम्बा थिए ।

उक्त खेलमा सन्दीपको बलिङ विश्लेषण रह्यो- ४ ओभर २१ रन तथा १ विकेट । यी दुवै खेलमा सन्दीपको बलिङ साँच्चै उत्कृष्ट रह्यो । तेस्रो खेलमा उनले मुम्बई इन्डियन्सविरुद्ध ३ विकेट लिए । उनले यसपटक सूर्यकुमार यादव, वेस्ट इन्डिजका किरोन पोलार्ड तथा कुणाल पान्ड्याको विकेट लिए । लगभग उनकै धारिलो प्रदर्शनका कारण मुम्बई क्वालिफायरको समीकरणबाट बाहिरियो । समग्रमा उनको प्रदर्शन रह्यो- १२ ओभर ८२ रन तथा ५ विकेट ।

### सन्दीपको यात्रा

एउटा महत्त्वपूर्ण तथ्य के भने नेपाली क्रिकेटमा सन्दीपको प्रवेश भएको पनि धेरै भएको छैन । तीन वर्षअघि मात्र उनी त्यो बेलाका नेपाली प्रशिक्षक पुबुदु दसानायेकेको नजरमा परेका हुन् । त्यतिबेला पुबुदु युवा खेलाडीको खोजी थिए र उनी पुगे, चितवनको क्रिकेट एकेडेमी । त्यति बेला सन्दीप निकै लज्जालु खेलाडी थिए, तर पुबुदुले उनको प्रतिभा चिन्न भूल गरेनन् । त्यति बेला नै उनले ठूलो सपना देखिसकेका थिए । उनले त्यसका लागि कडा मेहनत पनि गरे । सुरुमा उमेर समूह क्रिकेटबाट प्रवेश गरेका सन्दीपले यू-१९ का प्रतियोगिताहरूमा स्तरीय प्रदर्शन गरे । त्यसले उनका लागि नेपाली राष्ट्रिय टिमको बाटो खोल्यो । राष्ट्रिय टिम पनि राम्रो प्रदर्शन गरेपछि उनी विश्वकै आँखामा परे । आईपीएलमा सन्दीपको प्रदर्शनले विश्व क्रिकेटमा नेपाली खेलाडीका लागि समेत ढोका खोलिदिएको छ ।

### लामो रेसका घोडा

सन्दीपले पाएका यी सबै सफलताबीच केही डर पनि छ । सन्दीप रातारात निकै ठूला स्टार भएका छन् । कतै स्टारडमले उनलाई बिगार्ने त होइन ? खासमा सन्दीप लामो रेसका घोडा हुन् । उनी भर्खर १८ वर्ष छुने क्रममा छन् । उनी सामु लामो खेल जीवन छ । उनले मज्जाले अर्को एक दशक क्रिकेट खेल्न सक्नेछन् । उनीसामु अझ राम्रा र ठूला अवसरहरू आउने निश्चित छ । अबको आईपीएलमा उनीमाथि सजिलै करोडको भाउ लाग्नेछ ।

अहिले नै सन्दीपलाई यस्तो गर्नु पर्छ, यस्तो गर्नु हुँदैन भनेर सल्लाह दिने धेरै भैसकेका छन् । आफूले वास्तवमै के गर्ने हो, त्यसको एक मात्र निर्णयकर्ता सन्दीप स्वयं हुन् र उनले निकै चतुऱ्याइँपूर्ण तथा योजनाबद्ध ढंगले आफूलाई तयार पार्नुपर्नेछ । विश्व खेलकुदमा एउटा शब्दावली छ, 'बर्न-आउट' । त्यसको अर्थ हो, कम उमेरमै चम्किएर पछि आफूलाई सम्हाल्न नसक्ने, अनि हराउने । नेपाली क्रिकेटले कदापि चाहने छैन, सन्दीपले बर्नआउटको सिकार हुनुपरोस् । सन्दीपले 'जेन्टलम्यान' हुँदै आफ्नो कडा परिश्रमलाई लगातार कायम राख्नुपर्नेछ ।

## क्रिकेट जगतको प्रतिक्रिया



सन्दीपले पूरा नेपाललाई गर्वित तुल्याएका छन् ।

**पारस खड्का, नेपाली क्रिकेट टिमका कप्तान**

सन्दीपको बलिङमा जादु छ । उनको प्रदर्शन उनको उमेरभन्दा धेरै अगाडि छ ।

**विनोद दास, क्रिकेट प्रशिक्षक तथा पूर्व कप्तान**

आईपीएलमा सन्दीपको धेरै सम्भावना छ । उनीबाट लामो समयसम्म यस्तै राम्रो प्रदर्शनको अपेक्षा गर्न सकिन्छ ।

**रिकी पोन्टिङ, मेन्टर दिल्ली डेयरडेभिल्स कप्तान**

सन्दीप जस्ता धेरै युवाले यसपटकको आईपीएलमा राम्रो प्रदर्शन गरे । यसबाट म आश्चर्यचकित छु ।

**एबी डे भिलियर्स, दक्षिण अफ्रिकी खेलाडी**

सन्दीपको उमेरमा नजानु होला, उनको खेल हेर्दा लाग्छ, उनले सयौं यस्ता ठूला खेल खेलिसके ।

**आकाश चोपडा, कमेन्टेटर तथा पूर्व भारतीय खेलाडी**

आईपीएलमा सन्दीपको प्रदर्शनको प्रशंसा गर्नैपर्छ । यो नेपाली क्रिकेटका लागि ठूलो अवसर हो ।

**हर्ष भोगले, क्रिकेट कमेन्टेटर**

सन्दीपको प्रदर्शन देखेर म निकै खुसी छु ।

**माइकल भन, कमेन्टेटर तथा इंग्ल्यान्डका पूर्वकप्तान**

## #सन्दीप-आईपिएल



इन्डियन प्रिमियर लिग (आईपीएल) खेल्ने पहिलो नेपाली खेलाडी हुन्- सन्दीप लामिछाने । दिल्ली डेयरडेभिल्ससँग आबद्ध भएर आईपीएलका तीनवटा खेल खेल्ने अवसर पाएका सन्दीपले तीनवटै खेलमा विकेट लिएर उत्कृष्ट प्रदर्शन गरे । अघिल्ला खेलमा उनलाई नखेलाएकोमा दिल्लीका पदाधिकारी, कप्तान, सहकर्मी, कमेन्टेटर तथा शुभेच्छुकहरूले पछुतो समेत माने । उनको खेलको पनि निकै प्रशंसा भयो । सामाजिक सञ्जालमा सन्दीपका सम्बन्धमा व्यक्त प्रतिक्रियाहरु :

तीन खेलमा ५ विकेट लिँदै सनसनी मच्चाए सन्दीपले । दिल्लीले २० लाखमा गुण लायो यो वर्ष तर अब ढुक्कै छ अर्को वर्ष अक्सनमा उनीमाथि करोडभन्दा माथिको बोली लाग्नेछ ।

**प्रमोद खरेल**

क्रिकेट खेल्नेहरूका बाबा-आमाले कति गाली गऱ्या होलान है । त्यो केटो त्याँ पुगिसक्यो, तँ लाठे अझै क्याम्पाचौर, नौ बिगाहातिर हल्लिँदै बस् ।

**सन्ते**

दिल्लीलाई यति पछुतो होस् कि, सन्दीपलाई बेलैमा खेलाएको भए यस्तो बिजोग देख्नु पर्दैनथ्यो- बस्, पुग्छ ।

**नारायण अमृत**

दिल्लीले चाँदीलाई हीरा बनाएर नै मैदानमा उतारेको हो । हतार गरेको भए चाँदी पित्तल पनि हुन सक्थ्यो । त्यसैले उनलाई प्लेइङ ११ मा ल्याउन ढिला भयो भन्ने कुरामा म चाहिँ सहमत हुन सक्दिन ।

**बिके संग्राम अन्डरलाइन**

नेताहरू दिल्ली पुगेर देशको बेइज्जत गरेर आउँछन्, तर एउटा केटो दिल्ली गएर देशको इज्जत राखेर आउँछ । धन्यवाद सन्दीप लामिछाने ।

**रचना**

विश्वास र भर गर्न मुस्किल रहेछ । हाइलाइटमा जो आयो उसैको पछि दौड्ने मन हुँदो रहेछ । अस्तिसम्म अनमोल केसी भनेर परान फाल्ने केटीहरू आजभोलि मेरो प्रिय सन्दीप भन्न थाले ।

**नेपाल टीबीएन**

हाम्रो देशका गल्ली-गल्लीमा सन्दीप लामिछानेजस्ता प्रतिभावान युवा क्रिकेटरहरू छन् । तिनको प्रतिभा पहिचान गरी देशका लागि खेलाउन सक्नुपर्ने हो, तर यहाँ क्रिकेट संघ नै कुर्सीको लडाइँमा कारण थला परेको छ भने युवा क्रिकेटरहरूको प्रतिभा खाडीतिर बेल्चा हान्न उपयोग हुँदैछ ।

**दीपेन्द्र विष्ट**

ब्याटिङ गर्नेलाई ब्याट्सम्यान भनिन्छ अनि विकेट लिनेलाई सन्दीप लामिछाने ।

**सुनिता तिमिल्सिना**

दाजु रवि लामिछानेले देश हल्लाए, भाइ सन्दीप लामिछाने अन्तर्राष्ट्रिय लेभलमा तहल्का मच्चाउँदैछन् । म चाहना लामिछानेले चाहिँ केही गर्न नसक्ने भएँ ।

**चाहना**

खुसी त त्यति बेला लाग्छ, जब कसैले आफ्नै पौरखले देशको नाम चम्काउँछ ।

**मञ्जरी**

अस्तिसम्म यो खेलाडीभन्दा सन्दीप राम्रो, त्यो खेलाडीभन्दा सन्दीप राम्रो भनेर लेख्दा धेरैले भनेका थिए, पहिले क्रिकेट बुझेर आइज तर आज सन्दीपले आफूलाई प्रमाणित गरिदिएका छन् ।

**निर्मल भण्डारी**

सन्दीप लामिछाने, सन्दुक रुइत, महावीर पुन, कुलमान घिसिङजस्ता केही व्यक्ति जन्मिएछन् र पो अहिले नेपाल भन्ने देश पनि छ भनेर चिनिएको छ । नेताहरूमा नाम लिन मिल्ने एउटै पात्र जन्मिएनन् ।

**सम्झना**

कस्तो विडम्बना हाम्रो, सन्दीप लामिछाने भारतको आईपीएलमा खेलेको हेरेर खुसी हुनुपरेको छ । छोराको अमेरिकाको भिसा लाग्यो भनेर बाबाको सान बढेको छ । छोरी अस्ट्रेलिया जाने भै भनेर आमाको सान बढेको छ अनि बाबा कतारबाट कहिले के लिएर फर्कन्छन् भनेर छोरा-छोरी खुसी हुनु परेको छ ।

**उपाध्ये बाहुन**

# फेरि कान्छी र हरिकुमार

धाविका कान्छीमाया कोजू प्रायः दोहोऱ्याएर भन्छिन्, 'मलाई सबैभन्दा मन पर्ने प्रतियोगिता हो– कान्तिपुर हाफ म्याराथन ।' उनी कान्तिपुर हाफ म्याराथनकी सर्वाधिक सफल खेलाडीसमेत हुन् । मन पर्छ भनेर मात्र हुँदैन, जित्न कडा मेहनत पनि गर्नुपर्छ । कान्छीमायाले यो प्रतियोगिताका लागि प्रत्येक पटक कडा परिश्रम गरेकी छिन् । त्यसैको नतिजा हो, उनी यसपटक पनि कान्तिपुर रनर हाफ म्याराथनको महिला स्पर्धामा पहिलो भइन् ।




यसपटक उनको समय रह्यो, १ घण्टा २१ मिनेट २८ सेकेन्ड । उनी यो समेत कान्तिपुर हाफ म्याराथनमा पहिलो भएको पाँचौं पटक हो । कान्छीमाया अहिले ३६ वर्षकी भइन् । के अब उनी यसपछिका संस्करणमा पनि देखिने छिन् ? यसको ठ्याक्कै उत्तर कान्छीमायासँग पनि छैन, तर तय छ, उनले अर्को वर्ष पनि पहिलो नै हुने हो भने अझ बढी मेहनत गर्नुपर्नेछ । यसमा उनलाई चुनौती पेस गर्ने नयाँ खेलाडीको त्यति चिन्ता हुनेछैन, चिन्ता हुनेछ त आफ्नै बढ्दो उमेरको ।

यस्तो किन भन्दा पनि यसपटक कान्छीमायाले निर्धारित २१ किलोमिटरको दौडमा तीन किलोमिटरयता अग्रता लिन थालेकी थिइन् र उनले कुनै पनि समय दबाबमा रहनु परेन । सायद अर्को वर्ष उनका लागि प्रतिस्पर्धी हुने छिन्– सन्तोषी श्रेष्ठ । सन्तोषी १ घण्टा २३ मिनेट ४३ सेकेन्ड लिँदै दोस्रो भइन् । लामो दूरीमा उनको यो पहिलो दौड थियो । त्यसैले सन्तोषीबाट अपेक्षा पनि गर्न सकिन्छ । तेस्रो स्थान सुरक्षित गर्न सफल विन्द्रा केसीको समय रह्यो– १ घण्टा २५ मिनेट र २३ सेकेन्ड ।




पुरुषतर्फको कथा पनि उस्तै रह्यो । विजेता रहे, उनै हरिकुमार रिमाल । उनी कान्तिपुर हाफ म्याराथनमा विजेता भएको यो चौथो पटक हो । रिमालले यसपटक समय निकाले, १ घण्टा ९ मिनेट २ सेकेन्ड । उनका लागि पनि कान्तिपुर हाफ म्याराथन विशेष छ । त्यसैले उनले पनि यसपटकको दौडका लागि विशेष मेहनत गरेका थिए । यद्यपि उनको कथा भने अलि फरक छ । खासमा पछिल्ला केही महिना उनका लागि निकै खराब रहे, उनलाई चोटले लगातार दुःख दिइरह्यो ।

त्यही चोटकै कारण उनले अरु दौडमा राम्रो गर्न सकिरहेका थिएनन् । त्यसैले उनले तय गरेका थिए, यसपटक कान्तिपुर हाफ म्याराथनमा राम्रो गर्नेछु । दौडको सुरुआती मोडमा उनी अग्रतामा थिएनन्, तर जति बेला दौड अन्त्यतिर पुग्यो, रिमालले गति लिए र अरू सबैलाई पछाडि छाडे । यो एक प्रकारले उनको रणनीति नै थियो । पुरुष स्पर्धामा होमलाल श्रेष्ठ १ घण्टा ९ मिनेट १६ सेकेन्डका साथ दोस्रो तथा १ घण्टा १० मिनेट ९ सेकेन्डमा जगिन्द्र राई तेस्रो भए । यसपटकको दौड काठमाडौंमा प्रशिक्षणमा रहेका माल्दिभ्सका धावक सिफाज मोहमदका लागि विशेष रह्यो । उनले १ घण्टा १४ मिनेट १ सेकेन्डमा दौड पूरा गरे । यो हाफ म्याराथनमा माल्दिभ्सको कीर्तिमान हो ।

सिफाज दुई वर्षयता काठमाडौं बसेर प्रशिक्षण लिइरहेका छन् । आफ्नो प्रदर्शनमा सिफाज पनि उत्तिकै खुसी थिए ।

कर्पोरेट र मिडियाको ५ किलोमिटर दौडमा पुरुषतर्फ अजय तामाङ पहिलो भए भने महिलातर्फ पहिलो स्थानमा रहिन्, लाडेन प्रधान । ह्विलचेयर रेसमा रामबहादुर तामाङले पहिलो हुँदै आफ्नो वर्चस्व कायम राखे । उनी पनि लगातार चार वर्षदेखि यो स्पर्धामा पहिलो भैरहेका छन् । महिलातर्फ यामी झाँक्री पहिलो भइन् । उनले ह्विलचेयर स्पर्धामा पहिलो स्थान हात पारेको यो नै पहिलो अवसर हो ।

# शिखर चुम्ने होडबाजी

कुम्भराज राई



वसन्त ऋतु सगरमाथा आरोहीहरूका लागि सबैभन्दा उत्तम मौसम हो । गएको ६५ वर्षदेखि संसारको सबैभन्दा अग्लो शिखर सगरमाथामा पाइला टेक्ने अधिकांशले यही मौसम छनौट गर्दै आएका छन् । यो वर्षको आरोहण धमाधम चलिरहेको छ । पहिलो सातामै करिब २ सय ५० जति नेपाली तथा विदेशीले सगरमाथाको शिखरमा पाइला टेकिसकेका छन् । यतिबेला विश्वको सर्वोच्च शिखर चुम्ने होडबाजी पनि उत्कर्षमा पुगेको छ ।

४३ वर्षअघि सगरमाथा आरोहणकै प्रयास गर्दा दुवै खुट्टा गुमाएका चिनियाँ आरोही सिया बोयुले पनि यही साता शिखरमा पाइला टेके । अस्ट्रेलियाली आरोही स्टिभ प्लेनले १ सय १७ दिनभित्र सातवटा महाद्वीपका अग्ला हिमाल आरोहण गरेका छन् । सगरमाथामा अनेकन् किर्तिमानी राख्ने चलनले अझै निरन्तरता पाइरहेकै छ । यो वर्ष सगरमाथा आरोहणका लागि ३८ वटा समूहका ३ सय ६४ आरोहीले अनुमति लिएका थिए । अनुमति लिएका समूह मध्ये ४ वटा समूह नेपाली आरोहीहरूको छ जसमा २० जना सदस्य छन् ।

मे २९ तारिखका दिन सगरमाथा आरोहणको ६५ वर्ष पुरा हुँदैछ । पहिलो पटक सन् १९५३ मे २९ का दिन एडमन्ड हिलारी र तेन्जिङनोर्गे शेर्पाले पहिलो मानव पाइला सगरमाथाको शिखरमा राखेका थिए । त्यसअघि आरोहणको प्रयास भए पनि सफल भएको थिएन । सगरमाथामा हालसम्म ८ हजारभन्दा बढीले पाइला टेकिसकेका छन् भने सयौंले ज्यान गुमाएका छन् । योवर्ष पनि एक मलेसियाली तथा एक जापानीले ज्यान गुमाएका छन् भने एक नेपाली बेपत्ता छन् ।

### कामिरिता बाईसौं पटक शिखरमा

कामिरिता शेर्पाले २२ औं पटक सगरमाथाको शिखरमा पाइला राखेका छन् । उनले जेठ २ गते बुधबार बिहान ८ बजेर ३० मिनेटमा उक्त आरोहण पूरा गरेसँगै नयाँ विश्व कीर्तिमान बनेको छ । यसअघि २१ पटक सगरमाथाको शिखरमा पुगेर आप्पा शेर्पाले विश्व कीर्तिमान राखेका थिए ।

कामिरिताले आरोहणमा जानुअघि आफूले आप्पाको किर्तिमानी तोड्न नभै काम र बाध्यताले जान लागेको बताएका थिए । पासाङ ल्हामु गाउँपालिका-५, थामे सोलुखुम्बुका ४८ वर्षीय कामिरितालाई अहिले सामाजिक सञ्जालमा शुभकामनाको ओइरो लागेको छ । कामिरिताले सगरमाथा चढ्न थालेको सन् १९९२ देखि हो । उनले पहिलो सफल आरोहण १९९४ मे १३ तारिखका दिन गरेका थिए । कामिरिताले चारवर्ष 'रोप फिक्सिङ' (क्याम्प २ देखि शिखरसम्म डोरी टाँग्ने) टोलीको नेतृत्व गरे । उनले एकै पटक दुई पटकसम्म पनि सगरमाथा आरोहण गरेका छन् ।

सन् २०१२ मा रोप फिक्सिङ गरेर फर्किएपछि चौथो शिविर बाट विदेशी टोलीलाई चुचुरोमा पुऱ्याए, तर उनले त्यो वर्ष दुईपटक आरोहण गरेको प्रमाणपत्र पाएनन् । उनले ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमाल चढिसकेका छन् । कामिरीताले संसारकै जोखिमपूर्ण मानिएको पाकिस्तानको माउन्ट केटुको आरोहण सन् २०१४ मै गरेका थिए । त्यसैगरी उनी ल्होत्से, चोयु तथा मनास्लु पनि चढिसकेका छन् ।

आप्पा पछि खुम्जुङका फुर्वाटासी शेर्पाले २१ पटक नै सगरमाथा आरोहणका थिए । आप्पाले सन् २०११ देखि आरोहण छोडे । फुर्वाले सन् २०१३ देखि आरोहण परित्याग गरे । त्यसपछि निरन्तर बढी पटक आरोहण गर्ने कामिरिता एक्ला आरोही हुन् ।

### स्काउटर अनिश दोस्रो पटक

नेपाल स्काउटका तर्फबाट पहिलो सगरमाथा आरोही अनिश लुइँटेलले दोस्रो पटक सगरमाथाको शिखरमा पाइला राखेका छन् । मेचीनगर-४, झापाका २६ वर्षीय लुईटेलले यसपटक तिब्बती मोहडाबाट आरोहण गरेका हुन् । उनले अमेरिकामा हुन लागेको २४ औं वर्ल्ड स्काउट जम्बोरीको झन्डा सगरमाथाको शिखरमा फहराएका थिए ।

लुईंटेल दुई वर्षअघि नेपालको संविधान-२०७४ लाई सगरमाथा शिखरमा पुऱ्याएर चर्चित भएका थिए । उनलाई यो वर्ष आरोहणकै क्रममा रहँदा बेलायती साहसिक अन्वेषक बियर ग्रिल्सले शुभकामना सन्देश पठाएका थिए ।

डिस्कभरी च्यानलमा 'म्यान भर्सेज वाइल्ड' टिभि शोका प्रस्तोता बियर ग्रिल्सले म्यासेन्जर मार्फत भिडियो सहित शुभकामना सन्देश पठाएका हुन् । संसारप्रसिद्ध साहसिक अन्वेषकले पठाएको सन्देशले थप साहस प्रदान गरेको लुइँटेलले बताएका छन् । ग्रिल्सले भिडियोमा आफूले अनिशको काम हेरिरहेको र सामाजिक सञ्जालमा पछ्याइरहेको बताएका छन् ।



## समानताको नारा सहित शिखरमा

लैंगिक समानताका लागि सकारात्मक सोच, सर्वोच्च शिखरबाट समावेशी समाजको उद्घोष' भन्ने नारासहित आरोहणका लागि गएकी ओखलढुंगा, पाल्लेकी २५ वर्षिया दिकी शेर्पाले पनि सगरमाथा आरोहण गरेकी छिन् । महिलालाई दोस्रो दर्जाका रूपमा हेरिने दृष्टिकोण बदल्ने सन्देशका साथ उनी अभियान स्वरुप सगरमाथा आरोहणमा गएकी थिइन् ।

'पुरुषप्रधान सोचलाई परिवर्तन गर्दै महिला सशक्तीकरण अभियान लिएर सगरमाथा आरोहणमा गएकी थिएँ ।' आरोहणपश्चात् दिकीले भनिन्, 'अब एउटा सगरमाथा आरोही महिलाका नाताले म यही अभियानलाई निरन्तरता दिनेछु । मेरो अभियान नारामै सिमित हुँदैन भन्ने अपेक्षा छ ।' गोरखाकी महिला पत्रकार पूर्णिमा श्रेष्ठले पनि यसै साता सगरमाथाको सफल आरोहण गरेकी छिन् । यस्तै, राष्ट्रिय समाचार समितिकी रोशा बस्नेत, नेपाल टेलिभिजनकी रोजिता बुढाचार्य, मेगा टेलिभिजनकी कल्पना महर्जन तथा स्वतन्त्र पत्रकार देउराली चाम्लिङले पनि बुधबार बिहान सगरमाथाको सफल आरोहण गरेका छन् । यसबीच शेर्पा महिला पत्रकार डोमा शेर्पाले पनि सगरमाथाको सफल आरोहण गरेकी छिन् । एक दशकदेखि पत्रकारितामा संलग्न शेर्पा आवाज बिहीनहरूको आवाज भन्ने नाराका साथ मंगलबार बिहान सगरमाथाको शिखरमा पुगेकी थिइन् ।

मुक्त आकाश



# कसलाई थाहा छैन र ?

अविरल थापा

जिन्दगीमा नजानेर गरिने गल्तीबाट जति दुख पाइन्छ जानेर गरिने गल्तीबाट अझ बढी दुःख पाइन्छ । सामान्यतः मानिसहरूलाई के सही हो, के गलत हो, कुन बाटो हो, कुन कुबाटो हो, के खान हुन्छ, के खान हुन्न थाहा हुन्छ, तर थाहा भै-भै उनीहरू गर्न नहुने काम गरिरहेका, खान नहुने कुरा खाइरहेका र हिंड्न नहुने बाटो हिंडिरहेका हुन्छन् । आखिर किन मानिसहरू थाहा पाई-पाई गल्ती गर्छन् त ?

खैनी, चुरोट, रक्सीलगायत अन्य लागूपदार्थ खानु हुँदैन भनेर प्रायः सबैलाई थाहा हुन्छ । यसले स्वास्थ्यमा हानि पुऱ्याउँछ, जीवन राम्रो बनाउँदैन भन्ने ज्ञान पनि छ, तर सेवन गर्न छोड्दैनन् । कतिले एकलाई छोड्न अर्कोको सहारा लिन्छन् । थाहा हुँदाहुँदै पनि छोड्न नसक्नु नशा हो । मानिसले आफ्नो मन बहलाउन एउटा न एउटा नशा लिएकै हुन्छ । नशा पनि सकारात्मक र नकारात्मक हुन्छ वा भनूँ हानिकारक र कम हानिकारक । कतिपय मानिसमा पुस्तक पढेर, संगीत सुनेर, चलचित्र हेरेर तथा डुलेर मन बहलाउने बानी हुन्छ । बुद्धिमान मानिसहरू सकारात्मक बाटो रोज्छन् । कुनै पनि नशाले समस्या समाधान गर्दैन, फगत एकछिन भुलाउँछ । नशा उत्रिनासाथ समस्या त जहाँको तहीं हुन्छ । समस्यासँग भागेर त्यसको समाधान निस्कँदैन । समस्यासँग जुधेर त्यसको समाधानतर्फ लाग्न छोडेर नशा सेवनमा अल्झनु काँतरपन हो । नशाले आफूलाई पनि सक्छ धन पनि सक्छ र समाजलाई पनि सक्छ । समस्या के हो भन्ने पहिचान गरेर। चिन्तन मनन गरेर समाधानतर्फ लागे अवश्य हल निस्कन्छ तर नशाबाट बाहिर निस्कन अर्को नशाले कहिल्यै सहयोग गर्दैन । तीव्र आत्मचिन्तन र आत्मबलले नै सबैलाई सत्मार्गमा हिंडाउँछ ।

अनावश्यक मोटाइयो भनेर सहरका मानिसहरू बिहान-बिहान कुद्न वा क्लबमा कसरत गर्न जान्छन् । खान नहुने कुरा खाएर, अनावश्यक खाएर, जंक फुड खाएर मोटाएको हो भन्ने सबैलाई थाहा छ । ती अनावश्यक खानेकुरा खान्न, नियन्त्रण गर्छु भन्नेतर्फ भन्दा पनि भैसकेपछि घटाउन र हटाउनतर्फ हामी लाग्छौं । मोटाउने काम नै गरिएन भने त घटाउने काम गर्नै पर्दैन, तर हामी बरु कुद्न, उपचार गर्न समय र धन खर्च गर्न तयार हुन्छौं तर स्वस्थ जीवनशैली अवलम्बन गर्न सक्दैनौं । समस्या हाम्रो चेतना, रहनसहन एवं खानपिनमा छ । जे गर्न सक्छौं त्यो पनि गर्दैनौं । जानी-जानी समस्यालाई निम्ता दिन्छौं, आफैंले आफैलाई सताउँछौं अनि आफैं चिन्तित हुन्छौं । हामी जत्तिको अरू मूर्ख को होला ?

चोरी गर्नु हुँदैन, व्यभिचार गर्नु हुँदैन, बलात्कार गर्नु हुँदैन, कसलाई थाहा छैन र ? थाहा हुँदाहुँदै हामी किन कुकर्म गर्छौं त ? हामीसँग धैर्यता हुँदैन, छिटो धनी हुन मन लाग्छ, आफना इन्द्रियलाई वशमा राख्न सक्दैनौं । तात्कालिक लहड, उमंग, उक्साहट, फाइदा र तृप्तिको पासोमा परेपछि हामी कुकर्म गर्न पछि पर्दैनौं । अपराध गरेपछि कतै भाग्न सकिँदैन भन्ने ज्ञान हुँदाहुँदै पनि अपराध गर्न उद्यत हुन्छौं । अरू त अरू मानिस केही रकमका लागि बिनाकसुर कसैको हत्या गर्नसमेत पछि पर्दैन । केही समय भाग्ला लुक्ला तर अन्त्यमा कानुनको फन्दामा परेर नारकीय जीवन भोग्नैपर्छ । कुनै पनि कुकर्म गर्नुअघि एकफेर ठन्डा दिमागले त्यसको परिणाम आँकलन गर्ने हो भने धेरै अपराध घट्न सक्छ ।

जुवातासमा लागेर घरखेत जाने अनि परिवारको विचल्ली हुनेहरू धेरै छन् । एकफेर एकदिन जित्यो होला तर हारेको हिसाब हुँदैन । जितेर आएको दिन भोजभतेर गर्ला, अरू पनि खुशी होलान् तर जुवातास खेलेरै प्रगति गरेको त कसले होला र ? कहिलेकाहीं रमाइलोका लागि खानु, खेल्नु सामान्य हो तर जब मात्रा बढ्न थाल्छ तब कतै आफूलाई बानी त लागेन, नशा त लागेन भनेर प्रश्न गर्नुपर्छ, अरूले पनि थाहा पाएपछि सचेत गराइदिनुपर्छ । खति हुनुभन्दा पहिल्यै ओखती गरे लाग्छ ।

अरूलाई दोष दिन सजिलो छ तर यसो सम्झनुस् त, कति समस्या आफैले गर्दा त कतिपय समस्या अरूले गर्दा आइलाग्छ । हामीलाई स्वीकार गर्न गाह्रो हुन्छ । यसले गर्दा त्यस्तो भयो, उसले गर्दा यस्तो भयो । यसले कुरा बुझेन, उसले कुरा बुझेन । समस्या एकातिर हुन्छ हल अर्कातिर खोजिरहेका हुन्छौं हामी अथवा समस्याको नाममा हामी आफूलाई नशामा अल्झाइरहेका भुलाइरहेका हुन्छौं । कतिपय बेला अहं, लाज, घृणा, माया अनेक कुराले रोक्छ । आफू ठीक, दुनियाँ सबै खराब भन्ने रोग हामी सबैभित्र छ । रोगी आफू छौं, दोष अरूलाई दिन्छौं ।

बाटोमा फोहोर फाल्नु हुँदैन, जथाभावी बाटो काट्नु हुँदैन थाहा छ तर हामी गर्छौं । हामी आफ्नो दायित्व बिर्सन्छौं बरु सरकारले वा अन्य निकायले फोहोर उठाउनुपर्छ, यसो-उसो गर्नुपर्छ भनेर पैरवी गर्छौं । हामी आफू सच्चिए आधा समस्या आफैं हल हुन्छ । अरूलाई उठाउनुअघि आफू जाग्नुपर्छ । अरूले गर्दैन भन्नुअघि आफूले गर्नुपर्छ । अरूलाई दोष दिनुअघि आफू सच्चिनुपर्छ ।

विषलाई दोष दिइरहने कि विषबाट टाढै रहने आफ्नै हातमा छ । मात्रा मिलाउन जाने विष पनि ओखती नत्र खति । विष खाए मरिन्छ भन्ने कसलाई थाहा छैन र ?

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# फेसनमा जीवजन्तुको प्रभाव



भनिन्छ, फेसन सिर्जना गर्नेहरूका लागि सीमितता हुँदैन । फेसनमा देखिने नयाँ प्रयोग, अकल्पनीय शैलीहरू यसकै उपज हुन् । गत शनिबार बेलुकी आठ बजेपछि बौद्धस्थित हायात रिजेन्सी होटलमा यस्तै दृश्य देखिए । त्यहाँ प्रस्तुत १६ वटा पहिरन भव्य मात्र थिएनन्, तिनमा देखिएको अनुपम कला, सीप र मेहनत प्रशंनीयसमेत थियो । ती सबै पहिरन लोपोन्मुख र खतराको सूचीमा परेका जीवजन्तु, वनस्पति, पन्छी आदिबाट प्रभावित थिए ।

हिमालयन मुनाल, इन्डियन फ्याइङ फक्स ब्याट, रेनबो लोरिकेट, सारस क्रेनदेखि स्नो लियोपार्ड, व्हाइट ब्याट फ्लावरसम्मबाट प्रेरित पहिरनले उक्त फेसन शोलाई दर्शनीय बनाएको थियो । नमुना कलेज अफ फेसन टेक्नोलोजीका ६३ जना विद्यार्थीको उक्त शो सेरा डी स्टिलिस्टा शीर्षकमा सञ्चालन भएको थियो । फेसन शोमा अन्य चारवटा सिक्वेन्स पनि प्रस्तुत गरिएका थिए । फेसन शोमा १० जना युवा मोडलसहित तीन दर्जनभन्दा बढी मोडल सहभागी थिए । कार्यक्रममा यो वर्षका मिस नेपाल विजेताहरूको समेत विशेष उपस्थिति थियो ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।